nepal.ekantipur.com
आइतबार • १५ असार २०७६ • मूल्य रु. २५
ISSN 2631-2298

नेपाल

राष्ट्रिय साप्ताहिक

घरमा ताल्चा ठोकेर भारतमा चौकीदारी

स्थलगत : सुदूरपश्चिम

परिवार भेट्न भारत जान लागेकी महिलालाई बझाङको सिमखेत बसपार्कमा बिदा गर्दै भावविह्वल आफन्त ।

गलत इन्जिनियरिङले दुर्गति | ओली-प्रचण्ड झन्-झन् टाढा

छ्याङ
स्पार्कलिङ्ग राईस मावगोली
कान्छी मट्याङ्ग टयाङ्ग रक्सी हैन
छ्याङ
छ्याङ
स्पार्कलिङ्ग राईस मावगोली
@chhaangnepal
chhaang_nepal
Asian Swan Enterprises
Kuleshwor-14, Kathmandu, Nepal, G.P.O.Box : 21486,
Tel : 01-4280918, 4279761, Fax: 01-4272039,
E-Mail: asianswanenterprises@gmail.com, www.chhaangnepal.com
CHHAANG

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने गु ११९
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

भित्र

आइतबार, १५ असार २०७६ (वर्ष १९, अंक ४७)
Nepal National Weekly, 30 Jun 2019 (Vol. 19, No. 47)

१० **हाम्रो नेपालमा** नागरिकलाई नसुन्दा...

१३ **विशेष** घरमा ताल्चा ठोकेर भारतमा चौकीदारी

२२ **राजनीति** दोस्तीमा दरार

२८ **टिप्पणी** राम गुरुङ

३० **बेथिति** सरकारी जमिनमा भारतीय दलाल

३६ **अर्थ–मीमांसा** अच्युत वाग्ले

३८ **मौसम** मनसुनले डोऱ्याएको कृषि

४० **बहस** कैलाश राई

४२ **विवाद** रोयल्टीमा राइँदाइँ

४५ **रङ** योगमाया वरिपरि

३ सम्पादकीय
४ पाठक मञ्च
५ स्मरण
६ प्रवेश
८ परिहास
३५ आँगनमै चिहान
४८ सीको असफल बिहे
५० फिल्म
५१ ८ प्रश्न
५४ सहरमा
५६ नोटबुक

सम्पादकीय

सुदूरपश्चिमका पुरानै एजेन्डा

यसपालिको आवरण कथाले एउटै देशभित्रका दुई भिन्न कथ्यको चित्रण गर्छ।

शब्दैमा पूर्वाग्रहीजस्तो सुनिने 'सुदूरपश्चिम' का गाउँ रित्याएर भारतमा न्यून ज्यालामा काम गर्न जाने नेपालीलाई सायद 'प्रधानमन्त्री रोजगार कार्यक्रम' बारे उस्तो थाहा नहुन सक्छ। बदलिएको व्यवस्था हाँक्न तीन तहका सरकार आइसक्दासम्म यो दुर्दशा उस्तै छ। कसैले भनिदिन सक्छ, के बेरोजगारी यो सरकारका पालामा सुरु भएको हो र?

नेपाल संवाददाता वसन्तप्रताप सिंह र विद्या राईको स्थलगत रिपोर्टले पुरानै कथालाई निरन्तरता दिइरहेका नयाँ पात्रहरूको पीडा उजागर गर्छ। विकट बस्ती चहारेर उनीहरूले लेखेका छन्- घरमा ताल्चा ठोकेरै सही, चौकीदार बन्न भारत छिर्नेहरूको संख्या घटेको छैन। बसपार्कमा रुवाबासी नभएको कुनै दिन छैन। आराम चाहिने बेला भइसक्दा पनि वृद्धवृद्धाहरू कठोर शारीरिक श्रम गर्नुपर्ने बाध्यतामा छन्। अनि केटाकेटीहरू स्कुल जान छाडेर खेतबारी सम्हाल्न अभिशप्त छन्।

हामीले यस पल्ट पेस गरेको सुदूर नेपालको तस्विर यही हो।

रेमिट्यान्समा आश्रित देशका युवालाई योग्यताअनुसारको काम दिलाउन थालिएको प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट सडकको नाली सफा गर्ने, फूल टिप्ने, झार उखेल्ने, बाँदर लखेट्नेजस्ता काममा खर्च भएको आलोचना यसअघि नै बाहिरिइसकेको छ। कृषिप्रधान देशमा ढिलै भए पनि सुरु भएको 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना' मा साढे १२ करोड रुपैयाँ भ्रष्टाचार भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिनबाट पुष्टि गरिसकेको छ। यसबाट थाहा हुन्छ, हाम्रोमा छिट्टै लोकप्रिय हुने लोभमा कसरी योजनाविहीन कार्यक्रम घोषणा हुन्छन् अनि लक्षित वर्ग यस्ता नीतिबाट बाहिर पर्छ।

नागरिकमुखी हुन अझै बाँकी हाम्रो लोकतन्त्रका लागि सुदूरपश्चिमको यो खबर आफैँमा पर्याप्त सन्देश हो। समृद्धिको महाअभियान चल्दा पनि कर्णालीको निरपेक्षताले सोच्न बाध्य बनाउँछ। महिला, जनजाति, दलित, मधेसी, थारु वा कुनै पनि सीमान्तवर्ती स्वर आज नेपथ्यमा छन्, राजधानीको गुठी आन्दोलनले तिनको सान्दर्भिकता अझै छ भन्ने देखाइदिएको छ। भाषा, पहिचान वा समानताको बहस भनेको सारमा आत्मसम्मान र अवसर उपलब्धताकै लागि हो।

प्रसंगमा ईपीजी प्रतिवेदन पनि छ। सुदूरपश्चिमका बस्तीबाट भारतमा काम गर्न जाँदा रोजगारदाताले अधिकांशको नागरिकता आफूसँगै राख्ने गरेका छन्। केही तलबितल परे नेपालीको 'राष्ट्रियता' कै प्रमाणपत्रसमेत खोसिन्छ तर यस्तो बहसलाई सीमाकेन्द्रित बहसले छोप्ने गरेको छ।

भारतमा भर्खरै मोदी सरकार दोहोरिएको छ। नेपाली पक्षले सन् १९५० को सन्धि मात्रै नभएर विगतका असमान सम्बन्धको बाछिटाबाट आफूलाई मुक्त गर्ने प्रयास गर्दा त्यसको लाभ बझाङ, बाजुरा, अछामलगायत जिल्लाका नेपालीले पाउनेछन्।

बाँकी त सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई थाहा छ, जसले ५ फागुन ०७४ मा शपथग्रहण लगत्तै बोलेका थिए, "अब कसैले भारतको चौकीदारी गर्नुपर्ने छैन। कामको खोजीमा भारत गएका सुदूरपश्चिमबासीलाई एक वर्षभित्रै घर फर्काइनेछ।"

मुख्यमन्त्रीले त्यो बेला भनेको ठीकै हो। हामीले सम्झाउन खोजेको, बेला घर्किन लाग्यो भन्ने मात्रै हो। सुदूरवर्ती बस्तीको यो विछोड, वेदना र बेचैनी अब केन्द्र सरकारको पनि एजेन्डा बन्नुपर्ने विषय हो।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** समाचार संयोजक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्विर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

नेपाल

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ८ असार २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



अख्तियारलाई जिम्मा देऊ

सरकारी/निजी क्षेत्रका श्रमजीवीहरूको रकम सञ्चयकर्ता कर्मचारी सञ्चय कोषले भाडामा लगाएका पसल, कबलमा करोडौं रकमको भ्रष्टाचार भएको देखियो *(अनियमितताको अखडा, ८ असार)* । सुन्धारास्थित सञ्चय कोष भवनमा रहेका पसल, कबल भाडामा कोषभित्रकै कर्मचारीको मिलेमतोबिना यति ठूलो रकमको चलखेल हुनै सक्दैन ।

कोषमा ६ लाख सञ्चयकर्ताको रकम जम्मा भएको रहेछ । त्यो रकम हिनामिनामा पनि कोषका कर्मचारीको आँखा नपर्ला भन्न सकिन्न । अतः सञ्चयकोषभित्रका अनियमितता छानबिनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई जिम्मेवारी दिइनुपर्छ । छानबिनपछि दोषी देखिएका कर्मचारीमाथि कडा कारबाही हुनुपर्छ ।

■ **गोपाल दाहाल**
टोखा नगरपालिका, काठमाडौं

लाचार सरकार

सरकारले सिन्डिकेट अन्त्य गरेको दाबी भइरहे पनि यातायात व्यवसायीको मनोमानी अझै रोकिएको छैन *(कन्तविजोग, १९ जेठ)* । देशभर ३५ लाख ३९ हजार सवारी साधन दर्ता रहेकामा बस मात्रै करिब ५० हजारको संख्यामा रहेछन् ।

सिन्डिकेटलाई मलजल गर्ने सातै प्रदेशका यातायात व्यवसायीले अहिले पनि खुलेआम आलोपालो गरी बस गुडाइरहेका छन् । यात्रुलाई थोत्रा बसमा कोचाएर सरकारी दररेटभन्दा दोब्बर-तेब्बर भाडा असुलिरहेका छन् । १८ चैत ०७४ देखि हटाएको भनिएको सिन्डिकेट अहिलेसम्म कार्यान्वयनमा जान नसक्नु राज्यपक्षकै कमजोरी देखियो ।

■ **अष्ट मानन्धर**
कीर्तिपुर नगरपालिका, काठमाडौं

सच्याइएको

गतांकमा प्रकाशित साताका चर्चित स्तम्भमा राखिएको 'विनर अफ लिड २०३० च्यालेन्ज-२०१९' मा बोनिता शर्माको फोटो अन्यथा भएकाले सच्याइएको छ ।

– **सम्पादक**

ट्वीट

दीपेन्द्रको दानवीकरण
Hari krishna shakya| @Harikrishnashky

पढ्न त पढियो । तर पुस्तक न अनुसन्धानमूलक, न त आँखा देखो । अहिले सेकेन्डरी कुरा गरेर के हुन्छ ?

खेल्दाखेल्दै बित्छ जिन्दगी
SumiBhardwaj| @sumidel

कर्नाडले सायद भारतमा फैलिंदै गएको अंध्यारोलाई पनि रंगमञ्चको पृष्ठभूमिका रूपमा लिन्थे होला । संसार रंगमञ्च हो भने भोलि अर्को नाटक मञ्चन हुनेछ । अरू पात्र आउनेछन् ।

हिट हुने चोर-बाटो
Mr. Singh| @Milan959Singh

नेपाली समाजमा स्थापित मौलिक लोकभाका मेलापात, घांसदाउरा गर्दा गाइने सालैज्यू, यानिमाया, निरमाया, बिनासाले, तीज गीत बरिलै हे-हे, हा-हा, हो-हो, चाडपर्वका विशेष गीत, जाति, क्षेत्र, समूहका गीत सबै पुस्तान्तरण हुंदै आएका छन् । जुनसुकै सर्जक या गायकले गाउंदा वा सिर्जना गर्दा गीतको मौलिकपन र ठेट भाका तोडमोड या नक्कल गरेको पाइन्छ । गलबन्दीका बारे गायक प्रकाश सपुतलाई मैले नजिकबाट चिनेको छु । सबैको मनमस्तिष्कमा बस्न सफल 'बोल माया बोल' दोहोरी गीत र 'गलबन्दी' उत्कृष्ट सिर्जना हुन् । कहीं-कतै कुनै गीतसंगीतबाट प्रभावित भएर गरिने कार्य नक्कल या चोरी हुन सक्दैन ।

नेपाली आँखामा इन्डो-प्यासिफिक रणनीति
Tamang 大 褰 @van_blon

गत महिना नेपाल भ्रमण गर्ने क्रममा दक्षिण एसिया मामिलासम्बन्धी अमेरिकी विदेश उपमन्त्री डेभिड रान्चले नेपाललाई उपलब्ध गराइने गैरसैनिक आर्थिक सहयोगसमेत इन्डो-प्यासिफिक रणनीतिभित्र राखिएको सन्देश दिंदै एमसीसी पनि इन्डो-प्यासिफिककै उपकरण हो भनेका छन् ।

मिथ्या त्रास नबोकौं, जिउँदोजाग्दो पुँजीवादबाट नभागौं
Neelam Kumar Sharma Sapkota| @NeelamKumarSh14

यहांका कथित नेताहरू पैसाको प्रचलनलाई नै पुंजीवाद बनाएर हिंडेका छन् । हांसो उठ्छ, यिनले पुंजीवाद र समाजवाद भनेको सुन्दा । जुन देशको रियलस्टेट कारोबारमा तेजी छ ? बाहिरी देशमा कमाएर भित्र खाइरहेको ? रेन्टियर्स खानेहरूको भीड बढ्दै ? निजी क्षेत्र हतोत्साहित छ ? कस्तो पुंजीवाद हो ?

पोस्ट

नम्बर वानको पगरी
Osbin R Ojha

जय भोलेले लुटेको याद आयो । बकवास चलचित्र बनेको थियो । सौगात मल्लको अभिनयले मात्र टिकाएको चलचित्र । *दुई रूपैयाँ* र *जय भोलेजस्ता* चलचित्रले प्रतिक्रिया बुझेर मात्र हलमा हेर्न जाने बानी बसालियो । *बुलबुलमा* भने नयांपन थियो नै ।

फेल खाएका भविष्यवाणी
yr Mainali

पत्रकारज्यू ज्योतिषको भविष्यवाणी र नेताको भविष्यवाणीमा आकाश-पातालको फरक छ । ज्योतिषको भविष्यवाणीमा डर, त्रास, भय हुन्छ सर्वसाधारणमा । नेताको भविष्यवाणीमा डर, त्रास, पीडा लुकेको हुंदैन । यस्तो कुरा जोडेर सर्वसाधारणलाई हांसोको पात्र बनाउनु उपयुक्त लागेन । ज्योतिषमा परापूर्वदेखि नै विश्वास छ ।

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine @NepalMagazine @nepalmagazine

राज्यकै संरक्षणमा सखाप सम्पदा

हरिराम जोशी

लिच्छवि तथा मल्लकालीन राजा–महाराजाले काठमाडौँ उपत्यकामा थुप्रै मठमन्दिर, पुरातात्त्विक सम्पदा स्थापना गरे । र, काठमाडौँ उपत्यकालाई धार्मिक, सांस्कृतिक, ऐतिहासिक र मन्दिरै मन्दिरको सहर भन्न थालियो । पुरातात्त्विक सम्पदा संरक्षण गर्ने सरकारी नीति हुँदाहुँदै पनि शासकहरूले विभिन्न समय काठमाडौँ उपत्यकाका प्राचीन सम्पदामा आँखा गाडे । पुरातात्त्विक सम्पदा मासेर व्यावसायिक प्रयोजनमा लगाए ।

पञ्चायतकालमै काठमाडौँ, भोटाहिटीको १३ सय वर्ष पुरानो गैरीधारा (सप्तश्री) नष्ट गरेर टुँडिखेल विस्तारका नाममा ०४१ मा सब-वे बनाइयो । पुरातात्त्विक सम्पदा मानिने त्यहाँका मूर्ति नेपाल म्युजियममा थन्काइयो । भोटाहिटीमै मन्दिर विस्थापित गरी सरकारी स्वामित्वकै साझा भवन बनाइयो । सुन्धारामा कर्मचारी सञ्चय कोष भवन निर्माण गरिँदा मूल पुरियो र धारा सुके ।

काठमाडौँ नक्सालमा राज्य पक्षले रातारात नेपाल टेलिकम भवन ठड्यायो । सरकारी स्वामित्वकै टेलिकम भवनको जग निर्माणका क्रममा श्रशोः लेखिएका इँटा भेटिएका थिए । यसको अर्थ हुन्छ, श्री अंशुवर्मा । नेपालका धेरैजसो इतिहासकार टेलिकम भवन बनाएकै स्थलमा अंशुवर्माको राजप्रासाद रहेकामा एकमत छन् । टेलिकम भवन निर्माणका क्रममा मलगायतका इतिहास, पुरातत्त्वविद्ले पनि उक्त स्थल अवलोकन गरेका थियौँ । इतिहासकारले टेलिकम भवन निर्माण केही समय थाँती राखेर अंशुवर्माको दरबार भए/नभएको यकिनपछि मात्र काम अगाडि बढाउन आग्रह गरे पनि त्यसलाई राज्यले सुनेन । ०३८ मा इतिहास, संस्कृति र पुरातात्त्विक विषय समेटेर मेरै सम्पादनमा निस्कने *रोलम्बमा* पनि राज्य पक्षको उदासीनताबारे लेखिएको थियो । यस्तो प्राचीन स्थलमा राज्य पक्षबाटै थप अनुसन्धान हुनुपर्नेमा त्यसलाई बेवास्ता गरियो र सरकारी भवन ठडाइयो ।

ललितपुरमा पनि राज्य पक्षबाटै पुरातात्त्विक सम्पदा नष्ट भए । सुरुमा छेमडोल अड्डा हुँदै ००९ मा ललितपुर नगरपालिका र ०७३ मा ललितपुर महानगरपालिका कायम गरिएको पुल्चोक भवनमा कुनै बेला चार वटा ऐतिहासिक महत्त्वका प्राचीन पोखरी थिए । ती पोखरी मासेर नगरपालिका भवन, त्रिपद्म हाई स्कुल, गणेश मन्दिरलगायतका संरचना बनाइयो । पुरातात्त्विक सम्पदा नष्ट गर्ने काम राज्य पक्षबाटै भयो ।

ललितपुर कुमारीपाटीनेरको पोखरी पनि राज्य स्तरबाटै नामेट पारियो । यो पोखरी राजा गीर्वाणयुद्धविक्रम शाहले भिन्से वहालका गुभाजुलाई दान गरेका थिए । पछि सरकार मातहत लगी ललितपुर नगरपालिकाले बिक्री गरेर ठूल्ठूला भवन बनाउन स्वीकृति दिएपछि अहिले पोखरीको अस्तित्व नै नामेट भएको छ ।

ललितपुर लगनखेलमा रहेको ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वको प्रयाग पोखरीलाई राज्यबाटै नष्ट गरियो । ललितपुर नगरपालिकाले आफ्नो स्वामित्वमा ल्याएर पोखरीले चर्चेको स्थललाई व्यक्तिगत तथा संस्थागत रूपमा बिक्री गरी अहिले त्यहाँ आलिसान महल ठडिएका छन् । कुपन्डोलमा होटल हिमालय बन्नुअघि त्यो स्थानमा पनि पानीका धारा बग्थे । तर होटल निर्माणपछि त्यहाँका सबै प्राचीन धारा सुके ।

नेपालका प्राचीन तथा ऐतिहासिक धरोहरको उत्खननमा पनि राज्यबाटै खासै पहल भएको छैन । पहिलोपल्ट विसं ०२२ मा नेपालको पुरातत्त्व विभाग र इन्डियन को-अपरेसन मिसनको संयुक्त प्रयासमा नेपालका तारानन्द मिश्र तथा जनकलाल शर्मा र भारतका एसबी देव सम्मिलित टोलीले लाजिम्पाट र हाँडीगाउँको उत्खनन गरेको थियो ।

नेपालमा कार्यरत भारतीय पुरातत्त्वविद् नीलरत्न बनर्जीको नेतृत्वमा र पुरातत्त्व विभागको सक्रियतामा हाँडीगाउँ र गोकर्ण क्षेत्रमा उत्खनन गरिएको थियो । उक्त टोलीले उत्खनन गर्दा फेला पारेका प्राचीन महत्त्वका तामाका भाँडा, मूर्ति, इँटालगायतका वस्तु पनि राज्यले संरक्षण गर्न सकेन ।

प्राचीन सम्पदा मासेर सरकारी भवन बनाइँदा त्यहाँका मूर्ति, इँटा, अभिलेख सबै नेपाल म्युजियममा राखियो । २५ असार ०३० मा सिंहदरबार आगलागी हुँदा ती सबै अमूल्य ऐतिहासिक सम्पदा नष्ट भए । नेपालको कानुनमै कला-संस्कृति र पुरातात्त्विक सम्पदास्थल मास्नुहुन्न भनेर लेखिए पनि राज्य स्तरबाटै त्यसको पालना भएन । राज्यले आज मात्र हेर्‍यो, भोलिको पुस्तालाई सम्झेन ।

■ **प्रस्तुति : गोकुल अर्याल**

प्रवेश

नेपालबाहिर

बाख्रासँगै योगा

चर्चित हुन को चाहँदैन ? त्यो पनि हिजोआजको क्षणभरमै भाइरल हुन पाउने दुनियाँमा । क्यानडाको अयाबोट्सफोर्डमा रहेको ब्रिटिस कोलम्बियाली फार्मले पनि त्यस्तै उपाय खोजेको छ । तर उसको चर्चा कमाउने तरिका अलिक भिन्न छ ।

अब योगा गर्दैमा विश्व रेकर्डमा नपरिएला भनेर हो कि मान नामक फार्मले बाख्रासँगै योगा गर्न लागेको *यूपीआइडटकमले* जनाएको छ ।

योगाका लागि फार्मले ३ सय ५६ सहभागीमाझ *इन्स्टाग्राम*बाट आह्वान गरेको छ । रातो र सेतो पहिरनमा बाख्रासँगै योगाका विभिन्न आसन गर्न फार्मले २२ जुनको बिहान १० बजे बोलाएको छ । कार्यक्रममा सहभागीले २५ डलरसमेत तिर्नुपर्नेछ ।

सहभागीलाई स्ट्रबेरी टिप्ने शैली मात्र सिकाइँदै छैन, स्ट्रबेरीसहितको बास्केटसमेत दिइँदैछ । जिन्दगीमा एकचोटि मात्र आउने यस्तो अवसर द स्ट्रबेरी फुलमुन पर्वका लागि सम्मान हुने दाबी फार्मको छ । जुन महिनाको पूर्णचन्द्रले विशेष महत्त्व राख्छ, किसानका लागि । त्यहाँका आदिवासी स्ट्रबेरी खेती सुरू गर्न यो दिनलाई विशेष मान्छन् । ने

तस्बिरमा इतिहास

Bob Nichols I Photo Museum Nepal

मामा आए घोडा माइजू आइन् डोली : ५० वर्षअघि धनकुटामा दुलही लिएर घरतर्फ लाग्दै गरेका घोडसवार दुलाहा ।

साताका चर्चित

अर्जुन भण्डारी
प्रमुख जिल्ला अधिकारी, रसुवा

रसुवागढी जलविद्युत् आयोजनामा पहिरो जाँदा सुरुङभित्र फसेका १७ कामदारलाई सकुशल बाहिर निकाल्न तदारूकता ।

सोमपाल कामी
क्रिकेटर

क्यानडाको ग्लोबल टी-२० क्रिकेट लिगमा विनिपेग हक्स टोलीसँग अनुबन्ध ।

राजन सिवाकोटी
गायक

गीतसंगीतबाट कमाएको २ लाख रूपैयाँ इटहरी भवानीपुरको शहिद स्मृति आवासीय विद्यालयका विपन्न विद्यार्थीलाई हस्तान्तरण ।

सञ्जीवकुमार कर्ण
महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्यवस्तु परीक्षण भ्यान खरिदमा १२ करोड अनियमितताको आरोपमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता ।

सोझै

तथ्यचित्र



जनसंख्या वृद्धि प्रक्षेपण 2020

स्रोत : वर्ल्ड पपुलेसन प्रस्पेक्ट्स २०१९, युनाइटेड नेसन्स
इन्फोग्राफिक्स : यमन मानन्धर

सुर बेसुर

आफ्नै मान्छे टीका लगाएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका निकायमा राख्छौं अनि हामीले नै नियुक्ति गरेका मान्छेले के कारबाही गर्छन् ? मुलुकमा व्याप्त भ्रष्टाचार नरोकेसम्म जनताले कसैलाई विश्वास गर्दैनन् । एउटा फाइललाई ६ ठाउँमा सही गराउँदै डुलाउने ब्युरोक्रेसीले विकास हुन सक्दैन ।

बाबुराम भट्टराई
पूर्वप्रधानमन्त्री
नागरिक

सुरेश किरण

र्‍यालीको भिडियो हेर्दाहेर्दै

गुठी विधेयकविरुद्ध ४ असारमा माइतीघर मण्डलामा ठूलै प्रदर्शन भयो । धन्य, सञ्चार माध्यममा पनि त्यसको समाचार आएछ र प्रधानमन्त्रीले थाहा पाएछन् । प्रदर्शन ठूलै थियो । प्रधानमन्त्रीले त्यसको भिडियो मगाएर हेरेछन् । भिडियो हेर्न दायाँतिर भूमिसुधारमन्त्री पद्मा अर्याल बसिन्, बायाँतिर सञ्चारमन्त्री गोकुल बाँस्कोटा ।

माइतीघर मण्डलामा मान्छेको भीड देखेर प्रधानमन्त्रीले सोधे, 'यी सबै मान्छे नै हुन् ? कि कीराफट्यांग्रा गोकुल ?'

गोकुलले चस्मा मिलाउँदै भने, 'मान्छे त मान्छे नै हुन्, तर सबै सामन्तवादी हुन् प्रधानमन्त्रीज्यू । सामन्तवादी मिलेर निकालेको जुलुस हो यो ।'

'हो पद्मा ?' प्रमले चस्माको प्वालबाट भूमिसुधारमन्त्रीतिर हेरे ।

'योऽऽ सामन्तवादी मात्र होइनन् प्रधानमन्त्रीज्यू, यिनीहरू जम्मै भाडामा ल्याइएका हुन् । भाडामा नल्याएको भए यति धेरै मान्छे आउँछन् ?' पद्मा अर्यालले पनि चस्मा मिलाउँदै भनिन् ।

'मलाई पनि त्यस्तै लाग्छ । हामीले पूरा शक्ति लगाएर बोलाउँदा पनि काठमाडौँमा यति मान्छे आउँदैनन् । यो त कसैले पनि बोलाएको होइन रे । नबोलाइकन को आउँछ ? उही भाडाकै मात्र होइन र आउने ?'

'त्यही त भनेको । पार्टीले बोलाउँदा त आउँदैनन् भने नबोलाइकनै को आउँछ ? भाडाकै हुन् । भाडा तिर्न धेरै पैसा खर्च गर्‍या हुनुपर्छ ।' पद्माले तर्कपूर्ण विचार राखिन् ।

'केही त भाडामा पनि होलान्, तर मूलतः यिनीहरू सामन्तवादी नै हुन् प्रधानमन्त्रीज्यू ।' गोकुलले पनि तर्क पेस गरे ।

'सामन्तवादीहरू पनि भाडामा लिन मिल्छ ?' प्रधानमन्त्रीले क्रस क्वेसन राखे ।

'मिलिहाल्छ नि, किन मिल्दैन ? नमिल्या भए यति मान्छे जम्मा हुन्थे ?' गोकुलले पनि ट्वाक्क कुरा मिलाइहाले ।

'त्यसो भए हामीले केही गर्नुपरेन ?' प्रम ।

'किन गर्नु, अब जे गर्नुपर्ने हो, उनीहरूले नै गर्छन् ।'

भिडियो अफ् । तीनै जनाले तनावपूर्ण मुस्कान छाडे ।

प्रधानमन्त्रीको सञ्चार माध्यम

सरकारले गुठी विधेयक फिर्ता लियो । तर प्रधानमन्त्री केपी ओलीले भने कि विधेयक फिर्ता लिएको सञ्चार माध्यमबाट मात्र थाहा पाएँ । विधेयक फिर्ताको कुरा उनले सञ्चार माध्यमबाट थाहा पाएँ भन्नुभन्दा पनि सञ्चारमन्त्रीबाट थाहा पाएँ भनेको भए अझ सुहाउने थियो । किनभने दुनियाँमा जेसुकै घटना घटे पनि प्रधानमन्त्रीलाई त्यही मात्र घटना सत्यजस्तो लाग्छ, जो सञ्चारमन्त्री गोकुल बाँस्कोटाले भनेका हुन्छन् । गोकुलले नभनेको कुरा उनलाई साँचोजस्तो लाग्दैन । धन्य, गुठी विधेयक फिर्ता भएको सञ्चार माध्यमले भन्दा पनि उनले साँचो नै रहेछ भनी स्वीकारे ।

गुठी विधेयक फिर्ता लिएको त सरकारले हो । तर सरकार प्रमुख स्वयंले भने यसको जानकारी सञ्चार माध्यमबाट थाहा पाएँ भनेको सुन्दा अर्को आश्चर्य लागेको छ । काम सरकारले गर्छ, निर्णय सरकारले गर्छ । तर सरकार प्रमुखले चाहिं त्यसको जानकारी रेडियो सुनेर प्राप्त गर्छन् । भनेपछि यो कस्तो सरकार चलिरहेको छ देशमा ? के सरकारले गर्ने हरेक कामको जानकारी प्रधानमन्त्रीले रेडियो सुनेर नै प्राप्त गर्ने हो ?

विचार गर्नुस् न, जुन देशको प्रधानमन्त्री आफ्नै सरकारले गरेको कामबारे समेत रेडियो सुनेपछि मात्रै थाहा पाउने गर्छन् भने त्यो देशको सरकार कसरी चलिरहेको होला ? वास्तवमा देश त्यसै भाँडभैलोमा गएको त होइन रहेछ । कमरेड बाँस्कोटाज्यू, सरकारले कुनै काम गर्दा कम से कम प्रधानमन्त्रीलाई त अग्रिम जानकारी दिने गरौँ । प्रधानमन्त्रीलाई आफ्नो सरकारले आज के-के काम गर्‍यो भनेर थाहा पाउन दिनभरि रेडियो सुन्न किन बाध्य पार्ने ?

भाजु ला बेइमान खनी

कांग्रेसका युवा नेता गगन थापाले 'भाजु ला बेइमान खनी' के भने, त्यो भाइरलै भइदियो । सबैलाई थाहा भएकै कुरा हो, उनको निशाना प्रधानमन्त्री केपी ओलीतिर छ । केपी ओली काठमाडौँका ज्वाइँ हुन् । ज्वाइँलाई नेवार समुदाय सम्मानपूर्वक 'भाजु' भनेर सम्बोधन गरिन्छ । तर प्रधानमन्त्री केपी भाजु त बेइमान भएर पो निस्के !

काठमाडौँमा यस्ता भाजुहरू धेरै छन्, जो पछि गएर बेइमान निस्के । आजभन्दा दस वर्षअघि पनि गुठीकै कुरा लिएर एउटा आन्दोलन भएको थियो । कुमारी जात्रासँग सम्बन्धित केही परम्परागत नाचलाई उपलब्ध गराउँदै आएको रकम बन्द गरेपछि त्यो विवाद आएको थियो । त्यो बन्द गराउने नेता थिए, तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराई । बाबुराम पनि काठमाडौँकै एक सक्रिय भाजु हुन् । पहिले बाबुराम भाजुको पालामा गुठी आन्दोलन, अब केपी भाजुको पालामा फेरि गुठी आन्दोलन । आखिर यो 'भाजु' हरूकै पालामा गुठी चलाउने काम किन हुन्छ, बुझ्न नसकिँदो छ ।

अहिलेको मन्त्रिमण्डलमा प्रधानमन्त्री मात्र होइन, उपप्रधानमन्त्री ईश्वर पोखरेल पनि काठमाडौँकै भाजु हुन् । यतिबेला उनको पनि त्यति सक्रियता देखिँदैन । अर्का भाजु कमरेड झलनाथ खनालको त झन् चाइँचुइँ पनि सुनिँदैन । उता कांग्रेसतिर पनि भाजुहरू बग्रेल्ती नै छन् । जस्तो, मनमोहन भट्टराई । ती भाजुको पनि यतिबेला आवाज निस्केको सुनिँदैन ।

यो सबै हेर्दा त यस्तो लाग्छ, काठमाडौँका कुनै एकड-दुकड मात्र होइन, पूराका पूरा भाजुहरू नै बेइमान् छन्, स्व. मनमोहन अधिकारी भाजुलाई छाडेर ।

सरकारको प्रजातान्त्रिक रणनीति

[झटारो]

लक्ष्मण गाम्नागे

हाम्रो दुई तिहाइको सरकार निर्णय गर्नमा र गाली खानमा साह्रै चुस्त छ । लगालग निर्णय गरिहाल्छ अनि फटाफट गाली खान थालिहाल्छ । कानुन बनाउनेदेखि लागू गर्नेसम्म अनेक निर्णय गर्न र विरोध भएपछि फिर्ता पनि लिइहाल्न हाम्रो सरकारलाई कुनै आइतबार पर्खनुपर्दैन । फिर्ता लिनुपरे पनि परोस् तर आँखा चिम्लेर नयाँ-नयाँ कानुन बनाइरहन्छ । कानुनले सारा अवरोधलाई बाँधेर बल्ल विकास निर्माणमा चमत्कार गर्ने उसको सोच हुनुपर्छ । कोही हल्लिन नसक्ने र कसैले हल्लाउन नसक्ने कानुन बनाउनुपर्ने भएकाले सरकार अहिले अलि बढी नै हल्लिएको हो । धेरै गृहकार्यको दुःख गर्नुभन्दा कानुन बनाइसकेपछि फिल्डमै परीक्षण गर्ने र विरोध भए फिर्ता लिने सरकारको प्रजातान्त्रिक रणनीति हो । सरकारलाई थाहै छ, यस्ता निर्णय जति नै फिर्ता लिए पनि पाँच वर्ष अवधि नपुगी सत्ताबाट फिर्ता हुनुपर्ने होइन ।

सरकारका जुनसुकै कानुन वा निर्णयले पनि एउटा न एउटा वर्ग वा व्यक्तिलाई प्रतिकूल असर गर्छ र उसले विरोध गर्छ । विरोध गरेपछि जनमुखी सरकारले जनताको कुरा सुन्नैपर्छ । अनि निर्णय फिर्ता लिनैपर्छ, लिन्छ । हिजोआज निर्णय गर्ने र फिर्ता लिने क्रम तीव्र छ । गुठी विधेयक फिर्ता लियो । मिडिया काउन्सिल विधेयक पनि फिर्ता होला भन्ने आशा छ । काठमाडौं महानगरमा रात्रिबस चलाउने र दिउँसो टिपर-ट्रक चलाउन नदिने निर्णय तुरुन्तै फिर्ता लियो । सार्वजनिक यातायातको भाडा वृद्धिको निर्णय छिनमै फिर्ता लियो । लोकसेवा आयोगको विज्ञापन फिर्ता नगर्ने कुराबाट पनि पछि हट्ने नै छ । वन विधेयकमा पनि विवाद हुँदै छ । अरू पनि थुप्रै छन् ।

कुनै-कुनै कानुनका मस्यौदा मन्त्रीका दिमागमा आउँदा-आउँदै फिर्ता भएका छन्, कुनै संसद्मा पुग्न लाग्दा बाटैबाट फिर्ता भएका छन्, कुनै संसद्मा पुगेर छलफल हुँदाहुँदै फिर्ता भएका छन् भने कति त लालमोहर लाग्ने बेलामा राष्ट्रपतिबाट समेत फिर्ता आएका छन् । जनमुखी सरकार हो, जनताको प्रतिक्रियाअनुसार अघि बढ्नैपर्छ, बढेकै छ । शंकै नगरे हुन्छ, सरकारले यसरी सरोकारवालासँग परामर्श नगरी कानुन बनाएको दुई तिहाइको दम्भ देखाएको होइन, बरू त्यसको शक्ति परीक्षण गरेको हो । शक्ति परीक्षणमा फेल भएपछि निर्णय फिर्ता लिएकै छ ।

कतिपय सरकारविरोधी वा प्रतिपक्षीलाई लाग्दो हो, यो सरकार निर्णय गर्न जान्दैन । हाम्रो समयका सबैभन्दा बाठा प्रधानमन्त्री भएको सरकारले त्यतिकै पटक-पटक विवादास्पद निर्णय गर्ने गरेको होइन । यो जानीबुझी गरेको हो । एक कदम अघि बढ्न, चार कदम पछि सर्ने नौलो रणनीति अपनाएको हो । प्रधानमन्त्रीकै स्वभावअनुसार यो सरकार निरन्तर चर्चामा रहन चाहन्छ, जागरूक रहन चाहन्छ । पक्ष, प्रतिपक्ष, गुट, गुठी, संघसंस्था, जनता सबैलाई सक्रिय राख्न चाहन्छ । सबैलाई आफ्नै वरपर घुमाइराख्न चाहन्छ । कसैलाई पनि लोलाउन, निदाउन दिँदैन । अनेक विवादास्पद निर्णय गरेर सरकारले विभिन्न वर्ग र समुदायलाई बेलाबेला आन्दोलनका लागि मसला प्रदान गर्छ । त्यही बहानामा प्रतिपक्षलाई पनि त्यस्ता आन्दोलनमा धुप हाल्ने र संसद् तथा सडकमा हाजिर हुने मौका प्रदान गर्छ । सरकारले यति नगरेको भए विचरा प्रतिपक्ष यसबेला बिलाइसक्थ्यो । त्यसैले प्रतिपक्षले पनि सरकारलाई धन्यवाद पो दिनुपर्छ ।

नागरिकलाई नसुन्दा...

सरोज बैजु

डेढ वर्षअघि तीनै तहका चुनावमा वामपन्थी गठबन्धनलाई भारी मत हालेर जिताएका काठमाडौँका रैथानेलाई के थाहा, तिनैका क्रियाकलापविरुद्ध यति छिट्टै सडकमै उत्रनुपर्ला भनेर ! केही समययताको शासकीय कमजोरी छताछुल्ल गर्ने एउटा घुम्ती बन्न पुग्यो, संघीय संसद्मा दर्ता गुठी विधेयक । स्थानीयको चर्को विरोधपछि सरकारले ३ असारमा विधेयक फिर्ता लिने घोषणा त गऱ्यो, तर काठमाडौँबासी त्यतिले सन्तुष्ट भएनन् । विधेयकलाई सधैँका लागि खारेज नै गर्नुपर्ने मागसहित राजधानीको माइतीघर मण्डलामा विशाल प्रदर्शन भयो, भोलिपल्ट । यी तस्बिर त्यसैका झलक हुन् ।

प्रदर्शनमा गुठीयार, सम्पदा संरक्षण अभियन्ता, संरक्षणविद्का साथमा हजारौँ सर्वसाधारणको उपस्थितिका कारण माइतीघर वरपरका सडक ४ घन्टा ठप्प हुन पुगेका थिए भने पूरै राजधानीको यातायात अस्तव्यस्त बन्न पुग्यो ।

दुई तिहाइको सरकार बनाउन मत दिएका हातहरू नै

सरकारविरोधी प्लेकार्ड बोकेर नारा लगाउँदै विशाल र्‍यालीमा सहभागी भएका थिए। विभिन्न नारा लगाउँदै राजधानी प्रवेश गरेका उनीहरूले कुनै पार्टीको झन्डा बोकेका थिएनन्। राष्ट्रिय झन्डामुनि स्वतःस्फूर्त नारा लगाउँदै हिँडेका नागरिक देखेर बटुवा भन्दै थिए– दुई तिहाइको दम्भ बोकेको सरकारले यो देखेर पनि नदेख्यै गरे राम राम मात्र भन्न सकिन्छ।

ललितपुर, भक्तपुरलगायत विभिन्न क्षेत्रबाट मौलिक पहिचानको बाजागाजासहित टाढाटाढाको नेवार बस्तीबाट सर्वसाधारण सभामा सहभागी हुन आएका थिए। सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई गायक योगेश्वर अमात्यले विभिन्न जात र रंगका फूल दिएका थिए। बन्दुक र लठ्ठी बोकेका प्रहरीले आफूले लगाएको सुरक्षा पोसाकमा कार्यक्रम अवधिभर फूल सिउरिएको दृश्य आफैँमा रोचक थियो। विधेयक खारेज नगरेसम्म आन्दोलन जारी राख्ने खबरदारी प्रदर्शनकारीले गरे। कार्यक्रम सकिएपछि स्वयंसेवकले सडकमा मिल्काइएका प्लेकार्ड, पानीका बोतललगायत फोहोर संकलन पनि गरेका थिए। ने

विशेष

बिदा हुने भइगयो बेला...
भारत जाने क्रममा बझाङको सिमखेत बसपार्क पुगेकालाई बिदाइ गर्दै आफन्त ।

तस्बिरहरू : वसन्तप्रताप सिंह/विद्या राई

घरमा ताल्चा ठोकेर भारतमा चौकीदारी

हूलका हूल तन्नेरी भारत पसेपछि पुरुषविहीन बन्दै गाउँघर

वसन्तप्रताप सिंह र विद्या राई/बझाङ

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले ५ फागुन ०७४ मा शपथ ग्रहण गरेलगत्तै भनेका थिए, "अब कसैले भारतको चौकीदारी गर्नुपर्ने छैन, कामको खोजीमा भारत गएका सुदूरपश्चिमबासीलाई एक वर्षभित्र आफ्नै घर फर्काइनेछ ।" कुनै बेला आफैं पनि भारतका विभिन्न ठाउँमा चौकीदारी गरेका मुख्यमन्त्री भट्टको आशलाग्दो भनाइलाई अधिकांश सञ्चार माध्यमले प्रमुख स्थान दिए ।

मुख्यमन्त्री अभिव्यक्तिको एक वर्षपछि ०७५ फागुन अन्तिम साता छविसपाथिभेरा गाउँपालिका-४ व्यासीका काल्ल्या ओखेडाको घरमा ताल्चा लाग्यो । पत्नी, ४ छोरा, ३ बुहारी, ४ स्कुले उमेरका नातिनातिनासहित १३ जनाको ओखेडा परिवार घरमा ताल्चा ठोकेर चौकीदारी गर्न भारत पस्यो ।

दौँतरी मीनबहादुर दमाई कहिलेकाहीँ काल्ल्याको आँगनमा पुग्छन् । ताल्चा लागेको घरको ढोका हेरेर न्यास्रो मेटाउँछन् । "हामी नफर्केसम्म घरको हेरचाह गर्दिनू भनेर गएका हुन्, कहिले आउँछन्, पत्तो छैन," उनी भन्छन्, "कहिलेकाहीँ न्यास्रो मेटाउन उनको घर आउँछु, कसैका गाईवस्तु आँगनमा पसेका रहेछन् भने धपाइदिन्छु ।"

मीनबहादुरले काल्ल्याको मात्र होइन, छिमेकी डबल सानी, सुरी ओखेडा, बाटुली ओखेडालगायत ताला लगाइएका १० घरको पनि हेरचाह गर्छन् । साबिक व्यासी गाविसको व्यासीकोट दरबार नजिकका यी सबै दलित परिवार घरमा ताल्चा ठोकेर रोजगारीका लागि भारत पसेका छन् ।

भारत पसेकामध्ये कोही दिल्ली छन्, कोही बैंग्लोर, कोही कालापहाड (उत्तराखण्ड) तिर चौकीदारी गरिरहेका छन् । छिमेकी घरमा ताल्चा लगाएर बिदेसिनुको कारण खोतल्दै मीनबहादुर भन्छन्, "यता बसेर उसै पनि खान पुग्दैनथ्यो, पोहोर साल सडक खन्दा भएको जग्गा जति पहिरोले पुरियो, अनि सबै भारत पसे ।"

यहाँका दलित युवा अघिल्ला वर्षमा आफ्नो सीमित जग्गामा खेतीपाती गर्न र त्यसैको रेखदेखका लागि वृद्धवृद्धा र महिलालाई घरमै छाडेर भारत जाने गर्थे । गत वर्ष पहिरोले जग्गा लगेपछि घरमा ताल्चै ठोकेर हिँडेको मीनबहादुर सुनाउँछन् ।

यसरी घरमा ताल्चा ठोकेर हिँड्ने परिवारको संख्या छविसपाथिभेरा गाउँपालिकामा मात्र ५० भन्दा बढी छ । छिमेकी दुर्गाथली गाउँपालिकामा यो संख्या सय हाराहारी रहेको छविस पाथिभेरा गाउँपालिका- ४ का अध्यक्ष अमरबहादुर थापा बताउँछन् । भन्छन्, "कोही एक वर्ष बसेर फर्किहाल्छन्, कोही दुई/तीन वर्षपछि मात्रै फर्कन्छन् । कोही उतै घरजम जोडेर बसेका छन् ।"

घरमा ताल्चा ठोकेरै कमाउन भारत जानेमध्ये अधिकांश दलित समुदायका रहेको छविस पाथिभेरा गाउँपालिका-७ का अध्यक्ष मोहनलाल विक बताउँछन् । दलितसँग पुर्ख्यौली जग्गाजमिन नहुने भएकाले भारत नै रोजगारीको एक मात्र विकल्प हो । विक भन्छन्, "भारतबाट चौकीदारी गरी कमाएर ल्याएर यताका परिवार

बझाङको जयपृथ्वी नगरपालिका डाँडागाउँका पुनीदेवी सार्की, ५५ र उनकी सासूआमा झुपा सार्की, ८० । ठूलो परिवार भए पनि छोरा, बुहारी र नातिनातिनालगायत भारतमै छन् ।

पाल्नुभन्दा सबै उतै जाने भन्ने भावनाले काम गरेको छ, दुई वर्षयता परिवारै उठेर जानेको संख्या बढिरहेको छ ।"

तत्कालीन जिल्ला विकास समिति बझाङले ०७२ मा तयार पारेको 'दलित प्रोफाइल' मा जिल्लाभर १ हजार ६ सय ८३ परिवारसँग आफ्नो घरजग्गा नभएको उल्लेख छ । दुर्गाथली र छविसपाथिभेरा मात्र नभएर बझाङका सबै गाउँबाट मानिस रोजगारीका लागि प्रत्येक वर्ष भारत पस्छन् । जयपृथ्वी नगरपालिका- ५ सुवेडाका लालबहादुर सार्की भन्छन्, "हाम्रै गाउँबाट १३ परिवार भारत गइसके, वडाभरको हिसाब गर्ने हो भने २०/२५ घरमा ताल्चा झुन्डिएका छन् ।"

त्यसो त घरमै ताल्चा लगाएर भारत जानेको संख्याभन्दा मौसमी रोजगारीका लागि जाने अधिक छन् । प्रत्येक वर्ष ४० देखि ४५ हजार युवा रोजगारीका लागि भारत जाने गरेको अनुमान छ । यद्यपि कति मानिस भारत गएका छन् भन्ने यकिन तथ्यांक कुनै पनि सरकारी निकायसँग छैन ।

तन्नेरी पुस्ता हूल बाँधेर भारतमा रोजगारीका लागि ओइरिन थालेपछि यहाँका गाउँघर पुरुषविहीन भएका छन् । साबिक कैलाश गाविसका पूर्वअध्यक्ष सुरतबहादुर सिंहका अनुसार कुनै कुनै वडामा त एक जना पनि पुरुष भेटिँदैनन् । भन्छन्, "कोही मर्दा लास उठाउने मान्छेसम्म गाउँमा छैनन् ।"

गाउँघर, घरव्यवहारको जिम्मेवारी वृद्धवृद्धा, केटाकेटी र महिलाको थाप्लोमा छ । आराम गर्ने उमेरका वृद्धवृद्धा जीविका चलाउनकै लागि शारीरिक श्रम गर्ने बाध्यतामा छन् । महिलाले गर्भवती, महिनावारी र बिरामी भएको छूट पाउँदैनन् । "लोग्ने घर नभएपछि सबै काम आफैं गर्नुपर्छ," थलारा गाउँपालिका मालुमेलामा ढुंगा-बालुवा आसार्दै गर्दा भेटिएकी लक्ष्मी सुनार भन्छिन् ।

बालबच्चा खेतबारीमा

अभिभावक घरमा नभएपछि स्कुल जाने उमेरका केटाकेटी घरव्यवहारमा फस्ने गरेका छन् । जयपृथ्वी नगरपालिका पिमीका सविन विष्ट ५ कक्षा पढ्दै गर्दा बुबा रमेश रोजगारीका लागि भारत गए । पढाइसँगै घरधन्दा सम्हाल्ने जिम्मेवारी सविनकै काँधमा छ । खेतीपाती गर्ने बेला बिहान झिसमिसेमै हलो र गोरु सम्हाल्दै बारीमा पुग्छन् । बिहानभरि खनजोत गर्नु र दिउँसो हतारहतार विद्यालय दौडिनु उनको दैनिकी बनेको छ । भन्छन्, "बुबा भारत नगएको भए समयमै स्कुल जान्थें होला ।" विद्यालय जानु उनका लागि औपचारिकता मात्रै भएको छ । घरमा आमा र ७ वर्षीय भाइ मात्रै छन् । सविन पढाइ राम्रो गर्न नपाएकामा खिन्न छन् ।

घर सम्हाल्ने सविन मात्र गाउँका एक्ला होइनन्, अधिकांशले उनकै जस्तो बोझ खेप्नुपरेको छ । कामको बोझ थपिएपछि बालबालिकाको पढाइ पनि कमजोर हुने गरेको दुर्गा महालिंग उच्चमावि छान्नाका शिक्षक ईश्वरप्रसाद जोशी बताउँछन् । भन्छन्, "धेरैजसो विद्यार्थी नियमित स्कुल आउनै पाउँदैनन् ।"

अभिभावक भारत गएका कारण आधारभूत तहको शिक्षामा अध्ययनरत ४० हजारभन्दा बढी बालबालिकामा घर सम्हाल्नुपर्ने बोझ थोपरिएको मानव अधिकारकर्मी रमेश केसी बताउँछन् । 'बझाङका विद्यार्थीलाई पढाइभन्दा पनि घरको कामको बढी चिन्ता हुन्छ," केसी भन्छन्, "पढाइ र घरायसी कामको बोझमा बालबालिकाको प्रगति कसरी हुन्छ ?"

घरायसी कामको बोझले पढाइ बिग्रँदै गएपछि विद्यालय छाड्ने विद्यार्थीको संख्या पनि बढ्दै गएको नारायण माध्यमिक विद्यालयका शिक्षक ऐनबहादुर सिंह बताउँछन् । भन्छन्, "घरको बोझले पढाइ कमजोर हुँदै गएपछि विस्तारै अध्ययन छाडेर अभिभावकसँगै भारततिर लाग्छन् ।" भारत जानेमध्ये धेरैजसो १२ कक्षासम्म पढ्ने विद्यार्थी पनि हुने गरेका छन । परिवारसहित गएकाहरू एक/दुई वर्ष बसेर फर्किने र एक्लै गएकाहरू परीक्षाका बेला र अन्य मानिस खेती लगाउने सिजनमा फर्किन्छन् ।

आप्रवासन क्षेत्रमा काम गर्ने सामाजिक तथा प्राविधिक विकास सेवा समूहले जिल्लाका साबिक ६ गाविसमा गरेको सर्वेक्षणअनुसार ती गाविसका चार हजारभन्दा बढी बासिन्दा भारत गएको पाइएको छ । गाउँमा रोजगारी अभाव, सडक, विकास पूर्वाधार निर्माणका क्रममा जग्गा र आवास क्षेत्रमा पुगेको क्षतिलगायत कारणले परिवारसहित रोजगारीका लागि भारत जानेको संख्या बढेको संस्थाका टीम लिडर कलक खत्री बताउँछन् । उनका अनुसार यसरी गाउँका मानिस रोजगारीका लागि भारत जाँदा महिला असुरक्षित हुने, विकास निर्माणका काम प्रभावित

असमान सन्धिका बाछिटा

विकसित तथा खाडी देशमा भएजस्तो श्रम सम्झौता भारतसित नभएकाले नेपालीको काम, दाम र सुरक्षाको ग्यारेन्टी छैन । १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सम्बन्ध सम्झौताले श्रम सम्झौतामा असर पारेको छ । भारतमा काम गर्ने नेपालीबारे सन् २०१५ मा विद्यावारिधि गरेका केशव बस्याल भन्छन्, "कति नेपाली भारतमा काम गर्छन् भन्ने तथ्यांकसमेत कसैसँग छैन ।"

नेपालका प्रधानमन्त्री मोहनशमशेर राणा तथा नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरनारायण सिंहद्वारा हस्ताक्षरित सन्धिमा एकअर्का देशका बासिन्दा एकअर्का देशमा बिनाराहदानी आवतजावत गर्न पाउने उल्लेख छ । तत्कालीन समय यो सन्धि सकारात्मक रहे पनि पछिल्लो कालमा बढ्दै गएको नेपाली कामदारको समस्या समाधानका लागि भने तगारो बनेको बस्याल बताउँछन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता नारायण रेग्मी नेपाल-भारत खुला सीमा र आउजाउ गर्न कुनै कागजी प्रमाण नचाहिने भएकाले तथ्यांक नराखिएको बताउँछन् । तर पछिल्लो समय भारतमा काम गर्ने नेपालीले पाइरहेको समस्या समाधानका लागि लगत राख्नुपर्ने आवश्यकता महसुस भइरहेकाले स्थानीय सरकारलाई अभिलेख राख्न भनिएको उनी सुनाउँछन् ।

भारतमा काम गर्नुलाई तत्कालका लागि वैदेशिक रोजगारी भनिएको छैन । न्यूनतम पारिश्रमिक, सुरक्षा व्यवस्था कस्तो रहने यकिन छैन । रेग्मी भन्छन्, "नेपालीले भारतमा भोग्ने पीडा, १९५० को सन्धिले निम्त्याएका केही चुनौती छन् । समस्या निवारणका लागि औपचारिक समाधानमा लाग्नुपर्ने आवश्यकता मन्त्रालयले ठानेको छ ।"

सीमामा सास्ती

भारतमा मजदुरी गरेर लामो समयपछि घर फर्किंदै गरेका नेपालीको खुसी सीमामा खेप्नुपर्ने अनेकौँ झन्झट र सास्तीले खोसिन्छ। बझाङ छविस पाथिभेरा गाउँपालिका लेकगाउँका गगन चलाउने भारतको अल्मोडाबाट मजदुरी गरी घर फर्किंदै गर्दा महेन्द्रनगर बसपार्क नपुग्दै भारतीय सीमा सुरक्षा बल र त्यहाँका अन्य सुरक्षाकर्मीबाट आठ पटक पिटाइ खाइसकेपछि पनि लुटिए। बनवासादेखि महेन्द्रनगर बसपार्कसम्मको १२ किलोमिटर दूरीको टाँगा यात्राको भाडा साढे चार सय भारु बनवासामै अग्रिम असुलियो।

घर फर्किंदा सीमामा सुरक्षाकर्मीको अवैध असुली, सवारी साधनले लिने दोब्बर/तेब्बर भाडा आदिका कारण पहिल्यैदेखि नेपालीले सास्ती खेप्नुपरेको छ। चाडपर्वका बेला लत्ताकपडासहित गुन्टागुन्टी ल्याएर घर फर्किने क्रममा अझ बढी पीडित हुनुपरेको कामदारको गुनासो छ। नेपाली कामदारले भारतमा बैंक खाता खोल्न पाउँदैनन्, जसले उनीहरू बैंकबाट रकम पठाउन पनि सक्दैनन्। प्रदेश ७ को मुख्य नाका कञ्चनपुरको बनवासा गड्डाचौकी, धनगढी जोडिने गौरीफन्टा, बनवासा, श्रीनगर नाकामा अधिक लुटिन्छन्। नेपाल नपुगुन्जेल काम गर्ने स्थलबाटै पछ्याएर बसपार्क, खाना खाने ठाउँ र केही नभए सीमा क्षेत्रमा नशालु पदार्थ खुवाएर बेहोस बनाई लुटिन्छन्।

भारतमा काम गर्न जाने/आउने नेपालीबारे सरकारी निकायमा कतै पनि अभिलेख छैन। पाउने पारिश्रमिकको ठेगान हुँदैन। नेपालबाट कामको खोजीमा भारत पस्ने चलन पुस्तौँदेखिकै हो। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले भारतको रोजगारीलाई व्यवस्थित गरिने घोषणा गरेका थिए। त्यसबेला उनले कामको खोजीमा भारत जानेलाई परिचयपत्रसँगै उनीहरूको तथ्यांक संकलन र बिमा गरिने बताए पनि घोषणामै सीमित रह्यो।

नेपाल–भारत सीमामा नेपालीले भोगिरहेका समस्या समाधानमा नेपाल सरकारले चासो देखाएको छैन। सीमा क्षेत्रका जिल्लाका सुरक्षा निकायका प्रमुख सम्मिलित समकक्षीको बैठक हरेक तीन/तीन महिना भारत र नेपालमा पालैपालो सञ्चालन हुने गर्छ। बैठकमा यी विषयले प्राथमिकता पाउने भए पनि व्यवहारमा लागू हुँदैन। सीमा क्षेत्रका एक नेपाली सुरक्षाकर्मी भन्छन्, "सीमामा लुटिने, चोरिने, ठगिने समस्या नियन्त्रण गर्ने सहमति त हुन्छ, तर भारतीय सुरक्षाकर्मीले व्यवहारमा कहिल्यै लागू गर्दैनन्।"

सुदूरपश्चिम सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री प्रकाशबहादुर शाह प्रदेश सरकारले यस विषयलाई प्राथमिकतामा राखेको बताउँछन्। भन्छन्, "भारतमा न्यून ज्यालामा काम गर्न जाँदा आइपर्ने दुःख, सास्ती, अपमान र पीडा कम गर्न कैलालीको श्रीनगर नाकामा नागरिक सहायता कक्ष स्थापना गरेका छौँ। अन्य नाकामा पनि थप्ने योजना छ।"

हुने, स्कुले उमेरका बालबालिका पढ्नबाट वञ्चित हुने र उनीहरूमा कार्यबोझ थपिनेजस्ता असर देखिएका छन्।

विकासमा महिला

थलारा गाउँपालिकाको मालुमेलामा बृहत् खानेपानी आयोजना निर्माण भयो। १.८ किमि लामो पाइपलाइनसहितको यो योजनाबाट बारीखानी, पारीखानी र भिटाखानी गरी तीन गाउँका २ सय ५० परिवार लाभान्वित भए। काजी खानेपानी आयोजना नाम दिइएको यो साविक मालुमेला गाविसकै ठूलोमध्येको एक योजना हो। योजना निर्माणको सबै जिम्मा महिला र बालबालिकाले गरेका हुन्।

"गाउँका सबैजसो लोग्ने मान्छे भारत गएका छन्," मालुमेलाको काजी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिकी कोषाध्यक्ष लक्ष्मी सुनार भन्छिन्, "गाउँमा आएको विकास फिर्ता गर्नु पनि भएन। महिला र केटाकेटी

< रुँदै छोड्या बूढी आमा रुँदै रैगै प्यारी
पराई देशको सेवा अर्नु यसो दैव क्यारी : भारत जाँदै गरेका परिवारका सदस्यलाई बिदाइ गरेपछि भावविह्वल अभिभावक, सिमखेत बसपार्क, बझाङ।

^ कञ्चनपुरको गड्डाचौकी नाका भएर घर फर्कंदै ।

आगामी वर्ष सीमा सहायता कार्यालय गठन गर्ने, कामदारको तथ्यांक राख्ने, स्वास्थ्य बिमा गर्ने, देशभित्रै स्वरोजगारका लागि कृषिको आधुनिकीकरण, पर्यटन, जलविद्युत्, जडीबुटी विकास कार्यक्रम रहेको उनले जानकारी दिए । अहिलेसम्मका प्रयासलाई पनि प्रगति मान्नुपर्ने बताउँदै शाह भन्छन्, "कति नेपालीलाई देशभित्र फर्काइयो, कतिलाई रोजगार दिइयो भन्दा पनि थालनी के हुँदैछ भन्ने हेर्नुपर्छ । मुख्यमन्त्रीले घोषणा गर्नेबित्तिकै पूरा हुन्छ भन्ने होइन ।"

रोजगारीका लागि भारत जानुपर्ने बाध्यता बझाङीको मात्रै होइन । सुदूरपश्चिमेली र कर्णालीबासी रोजगारीका लागि भारतमै निर्भर छन् । उनीहरू बैंग्लोर, केरला, तमिलनाडु, दिल्ली, उत्तराखण्ड र उत्तर प्रदेशका विभिन्न ठाउँमा गएर कुल्ली, चौकीदारी, दरवान र कृषि मजदुरका रूपमा काम गर्छन् ।

पछिल्लो समय कोरिया, जापानजस्ता विकसित देश तथा दुबई, कतारलगायत खाडी देशमा रोजगारी गर्न जाने नेपालीको संख्या तीव्र बढिरहेको छ । ०५० देखि ०७५ असार मसान्तसम्मको तथ्यांकअनुसार ५१ लाख १६ हजारले श्रम स्वीकृति लिएका छन् ।

अन्तर्राष्ट्रिय श्रमिक संगठनले आधिकारिक रूपमा दैनिक १ हजार ८ सय नेपाली खाडी जाने गरेको बताएको छ । यो प्रवृत्ति पूर्वी नेपालमा बढी छ भने सुदूरपश्चिममा भने एकदमै न्यून । विकसित तथा खाडी देश जान हैसियत नपुग्ने भएकाले भारतको रोजगारीमा निर्भर हुनुपरेको स्थानीयको गुनासो छ ।

सबै लगेर खानेपानी बनायौं ।"

जयपृथ्वी नगरपालिका-१ कैलाशको बर्थिङ सेन्टर भवन पनि महिलाले नै बनाए । "गाउँमा महिला र केटाकेटी मात्र छन्," भवन निर्माण समितिका अध्यक्ष रामबहादुर सिंह भन्छन्, "काम गर्न पुरुष खोज्दा पनि भेटिँदैनन् । महिला, बालबालिकाले काम नगरी नहुने अवस्था छ ।"

विकास निर्माणका काममा दैनिक ज्याला पाइने भएपछि स्कुले विद्यार्थी पढाइ छाडेरै जाने गरेका छन् । "गाउँमा लोग्ने मान्छे छैनन् भन्दा पनि हुन्छ," शिक्षक तीर्थ रोकाया भन्छन्, "पढाइ खर्च जुटाउन पनि विद्यार्थीहरू स्कुल छाडेर विकासका काममा जाने गर्छन् ।"

जुनसुकै विकास निर्माणका योजनामा ८० प्रतिशतभन्दा बढी महिला नै कामदार हुने गरेको बित्थड चिर गाउँपालिका अध्यक्ष प्रेमबहादुर बोहरा सुनाउँछन् । "गाउँमा कि अशक्त बूढाबूढी छन् कि त महिला र बालबालिका मात्रै," बोहरा भन्छन्, "भनेको बेला दक्ष जनशक्ति नपाउँदा समयमा काम हुँदैन । यसले कामको गुणस्तर पनि भनेजस्तो हुँदैन ।"

जडीबुटी सकिएपछि मुग्लान..

जयपृथ्वी नगरपालिका-१ का पृथ्वी सिंह मजदुरीका लागि भारत जान थालेको १० वर्ष भयो । ४३ वर्षसम्म ६ महिना भारतको मजदुरी र ६ महिना घरको काम गर्दै बिताएका उनले ०६७ देखि भने भारत जानुपरेको थिएन । कारण थियो, जडीबुटीको आम्दानी ।

> "कति नेपालीलाई देशभित्र फर्काइयो, कतिलाई रोजगार दिइयो भन्दा पनि थालनी के हुँदैछ भन्ने हेर्नुपर्छ, मुख्यमन्त्रीले घोषणा गर्नेबित्तिकै पूरा हुन्छ भन्ने होइन ।
>
> – **प्रकाशबहादुर शाह**
> सुदूरपश्चिम सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री

गाउँघरकै जंगलमा पाइने सतुवा, लोक्ता, चिराइतो, गदाल्नु, पदमचाल, रातो च्याउलगायत जडीबुटी बेचेर उनको परिवारले वार्षिक तीन/चार लाख रूपैयाँ कमाउँथ्यो । यसले १२ जनाको परिवार धान्न पुग्थ्यो । बचत रकमले पहिलाको सानो झुपडी भत्काएर ठूलो घर बनाउन भ्याएका थिए । घरपरिवार सँगै बसेर दुई छाक टार्न र नुनतेल चलाउन कसैसँग हात थाप्नुपर्ने अवस्था थिएन । बचत रकम जम्मा गरेर गाउँमै थप जग्गा जोड्ने र व्यावसायिक खेती गर्ने सोचमा रहेका उनको सपना ६ वर्ष पनि टिक्न सकेन ।

"आधा जीवन अर्काको देशमा बिताएँ । अब त घरमै बसेर पनि गुजारा चलाउन सकिन्छ जस्तो लागेको थियो," छोरासहित सात वर्षपछि भारत लागेका ६७ वर्षीय सिंह भन्छन्, "जंगलमा जडीबुटी नै पाइन छाड्यो । परिवार पाल्न केही त गर्नुपर्‍यो भनेर भारत जान लागेका हौं ।"

०६४ यता जंगलमा पाइने विभिन्न जडीबुटी

दयनीय अवस्था

– दीपकुमार उपाध्याय
भारतका लागि पूर्वराजदूत

तथ्यांक राख्ने, सुरक्षा तथा तेस्रो मुलुकसरह हेरविचारको सवालमा नेपाल सरकारले चासो लिएको छैन । भारतको प्रणाली फरक छ । हाम्रो देशबाट गएका कामदारले जुन कुरा बुझेकै हुँदैनन्, जसले अति नै दुःख पाउँछन् ।

नेपाली मात्रै काम गर्न जाँदैनन्, भारतीय पनि नेपालमा आउँछन् । भारतीय नागरिकले नेपालमा केही समस्या आइहाले भारत सरकारले तत्कालै चासो लिन्छ । तर नेपालीले भारतमा दुःख पाएको विषयबारे सोधीखोजी नै हुँदैन । दूतावासमा निकै पछि मात्रै जानकारी पुग्छ ।

मेरो कार्यकालमा डाटाबेस बनाऔँ, दूतावासमा अनलाइन सेवा सुरु, टोल फ्री सेवा सुरु गरौँ भन्ने योजना थियो । तर बजेट अभावका समस्या आए, नेपालमा निर्वाचन भयो । निर्वाचित जनप्रतिनिधिले नेतृत्व लिन्छन् भनेर आश गरे पनि चासो देखिँदैन ।

दुवै देशको कानुनमा नागरिकलाई दुःख दिने लेखिएको छैन । तर दुःख दिने प्रवृत्तिको सिकार नेपाली कामदार मात्र बनेका छन् । सन् १९५० को सन्धिले तेस्रो मुलुकसरहको श्रम सम्झौता गर्न त मिल्दैन । तर नेपाली कामदारको 'रेगुलेसन' बारे सरकारले चासो लिनु अति आवश्यक छ । कति बिरामी हुन्छन्, अंगभंग हुन्छन्, उनीहरूलाई स्वास्थ्य बिमाको कार्यक्रम ल्याउन सक्नुपर्छ । सुरक्षा प्रत्याभूत गराउन सक्नुपर्छ ।

नेपाल-भारत १९५० को सबैखाले सन्धि र सम्झौतालाई पुनरावलोकन गर्ने सुझाव दिन बनेको दुई देशका प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले ०७५ असारमै साझा प्रतिवेदन कार्य सम्पन्न गरेको थियो । प्रतिवेदन बनेको वर्ष दिन हुन लागे पनि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले कार्य व्यस्तताका कारण ग्रहण गरेका छैनन् ।

महँगो मूल्यमा बिक्री हुन थालेपछि बझाङबाट भारत मजदुरीमा जानेको संख्या ह्वात्तै घटेको थियो । गाउँ नै खाली गरेर भारततिर मजदुरी गर्न जाने सुर्मा, दौलीचौर, काँडा, कैलाश, रिलु, मेलबिसौना, दाँतोला, मष्टा, भातेखोला, कोटदेवल, दहबगर, भामचौर, कफलसेरी, देउलीकोट, पाराकाट्नेलगायत गाउँलेको लर्को जंगल पस्थ्यो । घरको खेतीपाती सकिएपछि दुई-चार महिना जंगलमा टिपेको जडीबुटीले वर्षभरको खर्च चल्थ्यो । मष्टाका राजेश खड्का भन्छन्, "हाम्रो गाविसबाट झन्डै सात/आठ वर्षसम्म त एक जना पनि भारत जानुपरेको थिएन । अहिले जंगलको जडीबुटी सकिएपछि गाउँमा लोग्ने मान्छे बस्दैनन् ।"

जडीबुटीका कारण यहाँबाट भारत जाने युवा लस्कर मात्रै रोकिएको थिएन, जिल्लाकै दुर्गम सुर्मा, दौलीचौर, काँडालगायत दर्जनभन्दा बढी गाउँका स्थानीयको जीवनशैली नै कायापलट गरिदिएको थियो । यार्सागुम्बा, कटुकी, वन लसुन, सतुवाजस्ता महँगा जडीबुटी बिक्रीबाट हिमाली भेगका वासिन्दाको प्रतिपरिवार वार्षिक आम्दानी ४०/५० लाख रूपैयाँसम्म हुने गर्थ्यो ।

तीन/चार वर्षअघि वार्षिक ४ अर्ब रूपैयाँसम्मको जडीबुटी निकासी हुने गरेकामा अहिले घटेर वार्षिक ८०/९० करोडमा झरेको स्थानीय जडीबुटी व्यापारी शेरबहादुर बोहरा बताउँछन् । भन्छन्, "पहिलाको तुलनामा जडीबुटी व्यापार निकै घटिसकेको छ । जिल्लामा पाइने धेरैजसो जडीबुटी लोप भएपछि यसको कारोबार पनि घटेको हो ।"

हिमाली जिल्ला बझाङको आम्दानी मुख्य स्रोत जडीबुटी मानिन्छ । पछिल्ला वर्षमा जडीबुटी कारोबार र यार्साको मूल्य घटेका कारण पनि भारत जानेको संख्या ह्वात्तै बढेको जानकार बताउँछन् ।

बसपार्कमा दैन्दिन रुवाबासी

चैत अन्तिम ०७५ तिर सिमखेत बसपार्कबाट महेन्द्रनगर जाँदै गरेको बसको झ्यालबाट एक पुरुषले आफन्ततिर हेर्दै बिदाइको हात हल्लाए । 'बाबा म लालाबाला कसोरी पालूँला ? कसका भरमा घर चलाउँला ? मलाई मारी जाऊ' भन्दै चिच्याएकी एक अधबैंसे महिलाको आवाजले सबैको ध्यान तान्यो । बस हेर्दै चिच्याएकी उनी त्योभन्दा बढी बोल्न सकिनन् । एक्कासि ढलिन् र मुर्छा परिन् *(माथि तस्बिरमा)* ।

मुर्छा पर्ने महिला मष्टा गाउँपालिकाकी कञ्जु विक थिइन् । उनी घरबाट ४ घन्टा

∧ सिमखेत बसपार्क, बझाङमा कामको खोजीमा भारत जानेलाई बिदाइ गर्दै आफन्त ।

हिँडेर पति शंक विकलाई बिदाइ गर्न बसपार्क पुगेकी थिइन् । पाँच मिनेटभन्दा बढी बेहोस भएर ढलेकी उनलाई नजिकैको होटलबाट पानी ल्याएर अनुहारमा छर्केपछि होस खुलेको थियो । पानी छर्किँदै हात समातेर आफन्तले उनलाई घर लगेका थिए ।

बैंग्लोरमा काम गर्ने उनका पति चार वर्षपछि अघिल्लो महिना मात्र घर फर्किएका थिए । कञ्जुले जीवनसाथीको अनुपस्थितिमा तीन बालबच्चा र घरव्यवहारको जिम्मेवारी सम्हाल्दै आएकी थिइन् । बल्लतल्ल घर फर्केका पतिलाई नजान बिन्ती गरेकी थिइन् । एक आफन्त भन्छन्, "यता काम पाइँदैन, भारतको कामले घरखर्च चलेको छ । ऋण पनि छ, शंकले जानुपर्छ भनेपछि घरबाटै रुन थालेकी थिइन् ।"

बसपार्कमा दिनहुँ यस्ता दृश्य देखिन्छन् । कोही भर्खरै बिहेबन्धनमा बाँधिएका युवती पतिको बिदाइमा अंकमाल गर्दै रुन्छन्, कोही आमाबुबा पहिलोपल्ट मुग्लान जान लागेका आफ्ना स्कुले केटाकेटी वियोगमा रुँदै गरेका भेटिन्छन् । बिदाइका लागि बसपार्क पुगेका आफन्त र भारत जाने सबैका अनुहार उदास देखिन्छन् । लाग्छ, काठमाडौं त्रिभुवन विमानस्थलबाट खाडी जाने नेपाली र सिमखेत बसपार्कबाट महेन्द्रनगर, धनगढी हुँदै भारत पुग्ने बझाङी उस्तै हुन् ।

"रुवाबासी सधैं हुन्छ । यस्तो दृश्य हामीलाई सामान्य लाग्न थालिसकेको छ," मालिका यातायातका काउन्टर इन्चार्ज हिक्मत सिंह भन्छन्, "विशेषगरी नयाँ वर्ष, दसैं-तिहार मनाएर भारत जानेहरूको लर्को नै लाग्छ ।"

भारततिरै हराउँछन्

डाँडागाउँमा स्लेटले छाएको झुप्रो घर छ । आँगनभरि छरपस्टै भाँडाकुँडा । झ्यास, पातपतिंगर, फोहोरले आँगन ढाकेको छ । झ्यालढोका बन्द छन् । झट्ट हेर्दा वर्षौंअघि छाडिएको पुरानो घरजस्तै देखिन्छ । त्यो घरमा २४ वर्षीय सुनील सार्की र उनकी पत्नी २० वर्षीया जुनी सार्कीले घामपानीको ओत लिन्छन् ।

सुनील कहिलेकाहीँ कल्पिन्छन्, "जन्म दिने आमाबुबा साथै भइदिएका भए यही झुप्रो स्वर्गजस्तै बन्न सक्थ्यो, गर्भवती पत्नीले सासूको स्याहार पाउने थिइन् ।" तर सुनीलले जन्मदिने बुबा भन्टु सार्कीको अनुहारसमेत देख्न पाएका छैनन् । आमा खुडु सार्की पनि दुई वर्षअघि नै बितिन् ।

२४ वर्षअघिका दिनबारे उनी त्यति जानकार छैनन् । तर आमाले भनेका कुरा सम्झन्छन्, "म दुई महिनाको थिएँ रे, बुबा छिमेकीको साथ भागेर इन्डिया गएका रहेछन् । जेठा बा बुबालाई खोज्न भारतसम्मै जानुभएको थियो । तर भेट्टाउनुभएन, आजसम्म अत्तोपत्तो छैन ।"

सुनीलकी आमाले पतिको बाटो कुर्दै २२ वर्ष कटाइन् । बस्नलाई झुप्रो घर भए पनि खान पाखोबारीको कमाइले महिना दिन पुग्दैन थियो । दुःखजिलो गर्दै छोरो हुर्काइन् । दुई वर्षअघि पेटको बिमारले थला परेकी उनी खर्च अभावका कारण गतिलो उपचार नपाएर अकालमै बितिन् । सुनीलले बुबाको माया त अनुभव गर्नै पाएनन्, आमाको माया पनि उतिखेरै चुँडियो । जुनीसँग बिहे भने भइसकेको थियो । अहिले उनी ढुंगा फुटाउने, ज्याला/मजदुरी गरेर जीविका चलाइरहेछन् ।

पिँढीमा बसेर छोरा-बुहारीको बाटो कुर्नु ५५ वर्षीया पुनीदेवी सार्कीको दैनिकी हो । सुनीलका छिमेकी पनि हुन् उनी । जेठा छोरा-बुहारी कमाउन बेंग्लोर पसेको ८ वर्ष बितिसकेछ । यत्तिका वर्षमा कति कमाए, कति जमाए, घर फर्कनलाई कहिले भारी पुग्छ उनीहरूको, पुनीलाई कुनै खबर छैन । न त खर्चपर्च नै पठाउँछन् । भारत पुगेर फर्केका छिमेकीले खबर ल्याउँछन्, "दुई नातिनातिनी पनि भइसके, गाउँमा पेट पाल्न

भारतमै खोसिन्छ नागरिकता

जयपृथ्वी नगरपालिका कैलाशका गोपाल विष्ट दुई वर्षअघि रोजगारीका लागि भारतको बैंग्लोर पुगे। उनले त्यहाँकै एक स्थानीय व्यापारीको घरमा चौकीदारको काम पाए। काम दिनुभन्दा पहिला साहूले उनको सक्कल नागरिकता मागे।

काम थालेको तीन महिनामै उक्त घरमा चोरी भयो। चोरी हुँदा सुरक्षा दिन नसकेको भन्दै उनलाई दुई महिनाको तलब नदिएर चौकीदारीबाट हटाइयो। गोपालले नागरिकता फिर्ता मागे। घटनाको अनुसन्धान हुँदै गरेकाले चोर पक्राउ नपरेसम्म नागरिकता फिर्ता पाउन्नौ भनियो। दुई महिनासम्म आफन्तको डेरामा बसेर अन्यत्र जागिर खोजे। तर जहाँ पनि पहिले नै सक्कल नागरिकता बुझाउनुपर्ने भएकाले काम पाएनन्।

भन्छन्, "सक्कल नागरिकता पहिलेकै साहूले कब्जा गरेको थियो। नागरिकता नभई काम नपाइने भएपछि आफन्तसँग ऋण काढेर घर फर्किएँ।"

गाउँमा सात हजार रूपैयाँ ऋण काढेर घरबाट भारत जाँदादेखि बैंग्लोरमा चार महिना बेरोजगार बस्दा र घर फर्किंदासम्म ३४ हजार ऋण लागिसकेको थियो। ऋण तिर्न फेरि भारत जानुबाहेक उनीसँग विकल्प थिएन। घर आएको केही दिनमै नागरिकताको प्रतिलिपि बनाएर फेरि बैंग्लोर पुगे। यसपालि पनि सात हजार ऋण थपियो।

बैंग्लोरकै मलेश्वरममा टुर म्यान सेक्युरिटीमा सुरक्षागार्डको काम पाए पनि कम्पनीले तीन महिनासम्म तलब दिएन। त्यो नोकरी छाडेर अर्को काम गर्ने सोच बनाएर उनले मालिकसँग नागरिकता मागे। फिर्ता पाएनन्। "ऋणले थिचिसकेको थियो, नागरिकता फिर्ता देऊ भनेर म्यानेजरअगाडि रोएँ," गोपाल भन्छन्, "तिमीहरूको सक्कल नागरिकता हेड अफिस मुम्बईमा छ। त्यहाँबाट आउन समय लाग्छ भन्यो।" नागरिकता आउने आशमा झन्डै एक महिनाजति कम्पनी कार्यालय धाएका उनले फिर्ता पाएनन्। बरु १० महिने अवधिमा १ लाख रूपैयाँभन्दा बढी ऋण बोकेर आफ्नै घर फिर्ता भए।

^ बझाङ, जयपृथ्वी नगरपालिका-१ का चन्चलबहादुर सिंह भारतको बैंग्लोरस्थित कोर बंगला सहरमा।

गोपाल प्रतिनिधि पात्र मात्रै हुन्। बझाङबाट भारत जाने अधिकांश युवा घर फर्किंदा नागरिकताको प्रमाणपत्रविहीन हुन्छन्। जिल्ला प्रशासन कार्यालयमा नागरिकता लिनेहरूको लाममा पनि अधिकांश भारतबाटै फर्केकाहरू नै भेटिन्छन्। नागरिकता फाँटका कर्मचारीका अनुसार कसै-कसैले त सात/आठ पटकसम्म प्रतिलिपि लिन्छन्। बझाङ जिल्ला प्रशासन कार्यालयबाट ०७५ भरिमा ५ हजार १ सय ६६ नयाँ नागरिकता जारी भएका थिए भने १ हजार ७ सय ८२ वटा नागरिकता प्रतिलिपि मात्र वितरण गरिएका थिए।

गाह्रो छ, उतै बस्न पनि सक्छन्।"

कान्छा छोरा-बुहारी र नाति पनि पोहोर मंसिरमा भारत पसे। दुई-चार पैसा कमाउँछु। दाजुका परिवारलाई पनि सँगै लिएर चाँडै फर्किने वाचा गरेर गएका उनीहरूको समेत खबर छैन। भारत पुगेपछि जम्माजम्मी एक पटक फोन भएको थियो, पोहोर। "यताबाट फोन गरे मात्रै बोल्छन्, नत्र गर्दैनन्, तारान्तार फोन गर्नलाई कसले दिने रूपैयाँ?" पुनीदेवी भन्छिन्।

^ परिवारको लालनपालनका लागि रोजगार खोज्दै भारततिर।

१० जनाको परिवार भए पनि घरमा तीन जना मात्रै छन्। पुनीदेवी, उनका पति र ८० वर्षीया सासूआमा। "न खर्च, न त खबर। कहाँ जाऊँ, क्या गरूँ हुन्छ," पुनीदेवी बेलाबेला आत्तिन्छिन्, "झुप्रो मात्रै छ, बारी छैन, सबै किनेर खानुपर्छ, रूपैयाँ छैन। दसैं-तिहारका बेला घरमा सन्नाटा छाउँछ।"

सुनील र पुनीदेवीसहित पाँच परिवारका ४० सदस्यमध्ये ९ जना मात्रै गाउँमा बस्छन्। सबैको उमेर ५५ वर्षभन्दा माथि छ। १ सय ४० परिवार भएको जयपृथ्वी नगरपालिका-११ को डाँडागाउँका यी पाँच परिवार प्रतिनिधि पात्र हुन्। गाउँका ९ सय बासिन्दामध्ये ७ सयभन्दा बढी भारतमै बस्छन्। काम खोज्दै भारत नगएका कुनै घर छैनन्। एउटै गाउँबाट २०/३० जनासम्म बेपत्ता भएको भेटिने गरेका छन्। उनीहरू वर्षौंदेखि बेपत्ता हुँदा परिवारको गुजारा चलाउने समस्यासँगै घरजग्गा नामसारीदेखि अंशबन्डा आदि रोकिएका छन्। ने

NIC ASIA
एन आई सी एशिया बैंक लि.

२२ औं वर्षको २२ चमत्कार

चमत्कारिक
बचत खाता

चमत्कारिक
नारी बचत खाता

चमत्कारिक
जेष्ठ नागरिक बचत खाता

आकर्षक चमत्कारिक फाईदाहरू

३ बीमा सम्बन्धी चमत्कारिक फाईदाहरू

- रु. १५ लाखसम्मको १८ घातक रोगहरुको बीमा सुविधा ।
- रु. १५ लाखसम्मको दुर्घटना बीमा सुविधा (Accidental Death/Permanent Disability)
- रु. १ लाख ५० हजारसम्मको औषधी उपचार सुविधा ।

२ कर्जा सम्बन्धी चमत्कारिक फाईदाहरू

- कर्जाको ब्याजदरमा बिशेष सहुलियत ।
- कर्जासँग सम्बन्धित प्रशासनिक शुल्कमा ०.२५% सम्म छुट ।

१७ अन्य आकर्षक चमत्कारिक फाईदाहरू

- देशैभरी रहेका कुनै पनि बैंकको कुनै पनि ATM बाट रकम निकाल्दा शुल्क नलाग्ने ।
- शून्य मार्जिन डिपोजिटमा नि:शुल्क लकर सुविधा प्रदान गरिने ।
- नेपालमै पहिलो पटक Sweep In-Sweep Out को सुविधाबाट बचत खाताबाटै मुद्दती खाताको समेत फाईदा पाईने ।
- Home Banking को सुविधा ।
- अन्य १३ चमत्कारिक फाईदाहरु समेत प्रदान गरिने ।

*सबै बचत खाताहरुमा शर्तहरु लागु हुनेछन्

विस्तृत जानकारीका लागि ९८०१२२७७५५ मा Missed Call गर्नुहोस् वा SAVE टाईप गरी ३४४८८ मा SMS गर्नुहोस् ।
यस बैंकको देशभरी रहेका २८४ शाखा कार्यालय वा ४४ विस्तारीत काउन्टरहरुमा आजै सम्पर्क गर्नुहोस् ।

www.nicasiabank.com
Toll Free No: 1660-01-77771

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

दोस्तीमा दरार

एमाले-माओवादी केन्द्र एकताको वर्ष दिन नाघिसके पनि भावनात्मक दूरी बढ्दो

माधव बस्नेत

'रीतबहादुर खड्काको स्मृतिमा हाम्रा साथीहरू (पूर्वएमाले) कोही पनि नआउने ? म ठिंग एक्लै भएँ । यस्तो पनि हो एकता ?'

संघीय संसद् सदस्यसमेत रहेका नेकपा कार्यालय सचिव कृष्णगोपाल श्रेष्ठ ३ जेठ अपराह्न पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा यसरी भुनभुनाउँदै थिए । कारण थियो, अघिल्लो दिन पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा पूर्वएमालेका नेता/कार्यकर्ताको उपस्थिति न्यून हुनु ।

२ असार ०५९ मा रौतहटमा मारिएका नेकपा (माओवादी) का नेता रीतबहादुर खड्का 'प्रताप' को स्मृति कार्यक्रम राखेको थियो, शहिद रीतबहादुर खड्का स्मृति प्रतिष्ठान, दोलखाले बिहान ८ बजे धुम्बाराहीमा । कार्यक्रममा पार्टी अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' का साथै नेकपाका थुप्रै नेता/कार्यकर्ता निम्त्याइएका थिए ।

निर्धारित समयभन्दा केही ढिलो गरी कार्यक्रममा प्रचण्ड सहभागी भए । तर कार्यक्रम समापन हुने तरखर भइरहँदासमेत प्रधानमन्त्री रहेका अर्का अध्यक्ष ओली आउने कुनै छाँट थिएन । ओली त आएनन् नै, पूर्वएमालेका श्रेष्ठबाहेक कोही पनि उपस्थित भएनन् ।

विगतमा यस्ता कार्यक्रममा कम्तीमा महासचिव विष्णु पौडेल सहभागी हुने गरेका थिए । त्यस दिन उनै पौडेलको समेत उपस्थिति देखिएन । नेताहरूको त कुरै छाडौँ, पूर्वएमाले 'स्कुलिङ' का कार्यकर्ताको सहभागितासमेत फाट्टफुट्ट मात्र थियो ।

राजनीतिको प्रारम्भिक दिनमा रीतबहादुर स्वयं ०४३ देखि तत्कालीन नेकपा माले निकट अनेरास्ववियुमा आबद्ध भई ०४६ मा दोलखा जिल्ला कमिटी सचिव र जिल्ला जनआन्दोलन समितिको सचिवसमेत थिए । उनी ०४८ मा एमाले परित्याग गरी तत्कालीन मसालमा प्रवेश गरेका थिए ।

प्रतिष्ठानको अध्यक्ष नेकपाकै केन्द्रीय सदस्य तथा पूर्वराज्यमन्त्री देवी खड्का हुन् । पार्टी एकताको छोटै समय सही, आफ्नै 'स्कुलिङ' बाट हुर्केका नेताको स्मृतिसभामा समेत पूर्वएमाले नेता/कार्यकर्ता उपस्थित नहुनुले दुई खेमाबीचको भावनात्मक दरार आकलन हुन्छ ।

त्यसो त पूर्वमाओवादीको छाती पनि यही घटनाबाट जाँच्न सकिन्छ । सार्वजनिक कार्यक्रम, पार्टी दस्तावेज होस् वा वेबसाइट *एनसीपीडटओआरजीडटएनपी*मा समेत प्रधानमन्त्री ओलीको नाम अगाडि छ । निर्वाचनलाई आधार मान्ने हो भने पनि पूर्वएमाले ७१ र पूर्वमाओवादी २९ प्रतिशत हो । यस हिसाबले पनि दुई अध्यक्षमध्ये स्वत: ओलीकै नाम अघि आउँछ । त्यसमाथि यसबेला ओली मुलुकका कार्यकारी प्रमुख हुन् । तर खड्काको स्मृतिसभामा उपस्थितिका लागि बाँडिएको निमन्त्रणा कार्डमा

प्रचण्डको नाम अगाडि र ओलीको पछाडि छ। यति मात्र होइन, ओलीलाई प्रधानमन्त्रीका रूपमा सम्बोधनसमेत गरिएको छैन।

सचेततापूर्वक नै यस्तो कार्ड बनाइएको जानकारको भनाइ छ। पूर्वएमालेहरूलाई विचार पढाउनुपर्छ, वैचारिक बहसलाई प्रस्ट्याउनुपर्छ भन्ने प्रचण्डकै सुझावमा त्यो कार्यक्रम पार्टीको अर्को केन्द्रीय कार्यालय पेरिसडाँडामा नगरेर धुम्बाराहीमा गरिएको थियो।

यस्ता दर्जनौं प्रकरणले जिल्ला कमिटीले पूर्णता पाउँदा/नपाउँदै पूर्वएमाले र पूर्वमाओवादीको भावनात्मक सम्बन्धको डोरी फुस्किँदै गइरहेको देखाउँछ। ९ जेठमा विप्लव समूहका पोलिटब्युरो सदस्य तथा पूर्वराज्यमन्त्री पदम राई नेकपा प्रवेश गर्दै थिए। धुम्बाराहीमै भएको उक्त कार्यक्रममा राईलाई स्वागत गर्नेको हूलमा पूर्वमाओवादीको संख्या उल्लेख्य थियो भने पूर्वएमालेको संख्या झिनो।

यस्तै अर्को दृश्य देखियो, १४ जेठमा। पूर्वमाओवादी पत्रकार तथा कवि कृष्ण सेन 'इच्छुक' को नाममा स्थापित 'कृष्ण सेन स्मृति पत्रकारिता पुरस्कार' नेकपाका केन्द्रीय सदस्य सूर्य थापालाई दिइएको थियो, जहाँ पूर्वएमाले निकट प्रेस चौतारीका २० प्रतिशत सदस्य पनि उपस्थित थिएनन्।

दुई खेमाबीचको मनमुटाव कुन हदसम्म छ भन्ने ख्याल गर्न एक पटक प्रदेश ५ तिर लागौं। प्रदेश ५ का अर्थमन्त्रीसमेत रहेका मुख्यमन्त्री शंकर पोखरेलले १ असारमा प्रदेशको बजेट सार्वजनिक गरे। त्यो बजेटमा 'जनयुद्ध' लाई प्राथमिकता नदिइएको भन्दै पूर्वमाओवादीले सामाजिक सन्जाल रंगाए। यसरी असन्तुष्टि जनाउनेमा नेकपा स्थायी समिति सदस्य जनार्दन शर्मादेखि अनेरास्ववियुका सहसंयोजक रन्जित तामाङ, अर्का नेता दीपेश पुनलगायतको पंक्ति थियो।

रीतबहादुरका कान्छा भाइसमेत रहेका प्रदेश ३ का सांसद विशाल खड्काका शब्दमा पूर्वमाओवादीभन्दा पनि खासगरी पूर्वएमालेका बहुसंख्यक नेताहरूको प्रस्तुति/अन्तर्वार्ता हेर्दा पार्टी एकतै भएको छैन भन्नेजस्तो बुझिन्छ। यसले पनि भावनात्मक एकतामा कहीं न कहीं समस्या परेको छ।

"जनयुद्धमा शहिद भएका, बेपत्ता पारिएका, यातना पाएका परिवारले त्यो आन्दोलनमा बगेको रगत, मर्म, पीडालाई बिर्सन सक्दैनन्," खड्काको कथन छ, "तर नेकपा भइसक्दासमेत एक थरी साथीहरू जनयुद्ध भन्ने शब्द उच्चारण नै गर्न चाहँदैनन्। पूर्वमाओवादीको इतिहास गौरवपूर्ण हो भन्न अप्ठेरो मानिरहेका छन्।"

पूर्वएमालेका केही नेताहरूले जबज (जनताको बहुदलीय जनवाद) बाहेकका शब्द उच्चारण नै गर्न नचाहेको खड्काको बुझाइ छ। यही बुझाइले पार्टीभित्र दरार उत्पन्न गर्दै छ। "दुई पार्टीबीचको त कुरै छाडौं, एउटै पूर्वपार्टीभित्र समेत भावनात्मक एकता छैन," करिब ८ वर्ष जेल बसेका खड्का थप्छन्, "दुइटै पार्टीभित्र दुइटा वर्ग छ। पार्टी मिल्नेबित्तिकै ती वर्गको मेल सम्भव छैन।"

नेकपाकै अर्का केन्द्रीय सदस्य सूर्य थापाको ठम्याइचाहिँ अलग छ। थापाका अनुसार पिछडिएका जाति, क्षेत्र, महिलामा जागृति ल्याउन, शान्तिपूर्ण जनक्रान्तिमा सहभागी हुन, राजतन्त्र फाल्न जनयुद्धको योगदानलाई स्वीकारेरै पार्टी एकता भएको हो। तर जनयुद्धका नकारात्मक विकारको स्तुतिगान गाउन एकता भएको होइन।

"माओवादीका धेरैजसो नेताले जनयुद्धका नकारात्मक प्रभावको समेत स्तुति गाइदिनू भन्छन्," थापा सुनाउँछन्, "पूर्वएमाले र पूर्वमाओवादीबीच भावनात्मक असंगति यही छ।"

पीडा आ-आफ्नै

'जनयुद्ध' का कारण सन्तान, आफन्त गुमाएका, पारिवारिक विखण्डन भएको पूर्वएमाले पंक्ति ठूलो छ। यसको एक उदाहरण सूर्य थापा नै हुन्। उनका माइला दाजुलाई माओवादीले हत्या गरेका थिए। यसर्थ व्यक्तिगत पीडाका कारण पनि पूर्ववत् यी दुई पार्टीबीच भावनात्मक एकता कसिलो हुन नसकेको देखिन्छ।

नेकपाका शीर्ष नेताद्वय ओली र प्रचण्डले एकअर्कालाई गरिरहेको व्यवहारले पनि दुई खेमाका नेताहरूलाई टाढा पुऱ्याइरहेको छ। जस्तो, पछिल्लो पटक मन्त्रिपरिषद् पुनर्गठन, सञ्चार र गुठी विधेयक तथा लोकसेवा प्रकरणलाई मात्र हेर्ने हो भने प्रचण्डले सरकारलाई सहयोग गर्नुको साटो अप्ठेरोमा पार्ने काम गरेको ओली निकटस्थको बुझाइ छ।

यी सबै घटनामा प्रचण्ड विपरीत कित्तामा उभिएका छन्। जानकारका अनुसार ओलीसित सल्लाह नगरी प्रचण्ड मन्त्रीहरू फेरबदल हुँदैछन् भन्दै कम्तीमा दर्जन पटकभन्दा बढी बोलेकाले सरकारलाई अस्थिर बनाउने प्रयास गरेको भनेर ओलीले चित्त दुखाएका छन्।

सञ्चार र गुठी विधेयकमा प्रचण्डले प्रस्टै सडकको स्वरलाई साथ दिएका छन्। प्रचण्ड लोकसेवा आयोगको विज्ञापन पनि खारेज हुनुपर्छ भनिरहेका छन्। सरकारलाई संकट परेका बेलामा सार्वजनिक रूपमा रक्षा गर्नुको साटो विपक्षीलाई नै मलजल पुग्ने गरी प्रचण्ड बोलेको भन्दै ओलीले आफ्नो 'किचन' मा रिस पोखिरहेका छन्।

यति मात्र होइन, वैवाहिक जीवनको ५० औं वर्षगाँठका अवसरमा प्रचण्डले साढे ८ सय पाहुनालाई प्रतिप्लेट ३ हजार २ सय रुपैयाँका दरले सोल्टी होटलबाट खाना लगेर विवादास्पद व्यापारीका घरमा पार्टी दिएकामा पनि ओली उनीसँग सन्तुष्ट छैनन्।

को-पाइलटमै टक्कर

प्रचण्ड पनि ओलीसँग कम रुष्ट छैनन्। खासगरी सरकार सञ्चालनदेखि अन्य सानातिना कुरामा समेत आफूलाई मतलव नदिएको, सल्लाह, सुझाव ग्रहण नगरेको उनको दुःखेसो छ। प्रचण्ड योभन्दा पनि ओलीले पूर्वसहमतिबमोजिम सत्ता हस्तान्तरण गर्नबाट पछि हट्ने हुन् कि भन्नेमा सशंकित छन्।

पार्टी एकताको घोषणायता औपचारिक रूपमा केन्द्रीय कमिटी बैठक एक पटक पनि बसेको छैन। तल्ला कमिटी गठन भर्खरै भए पनि ठूल्ठूला भएकाले बैठक बस्ने स्थान छैन। कमिटी ठूला भएकैले कदाचित बैठक बसिहाले एजेन्डा/विषयमा छिर्दैन। निश्चित नेताहरूको मिलेमतो र लेनदेनमै बैठक समाप्त हुन्छ।

"विचार, योगदानका आधारमा छरितो कमिटी बनाएको भए बैठकमा धेरै थरी स्वार्थ घुस्न पाउने थिएन। त्यसले विगतदेखिको तुषलाई राजनीतिक रूपमा निरुपण गरेर भावनात्मक एकता जागृत गराउने योजना अघि सार्ने थियो," नेकपाका अर्का एक केन्द्रीय सदस्य भन्छन्, "धेरै मानिस म पार्टीको मान्छे हुँ भनेर कोट, टाई लगाएर हिँडेका छन्। तर उनीहरू नै जिम्मेवारीविहीन छन्।"

नेकपा स्थायी समिति सदस्य घनश्याम भुसालका भनाइमा प्रधानमन्त्री तथा अध्यक्ष ओलीले समय-समयमा बैठक राखिदिएको भए पार्टी 'फ्ड्सन' मा जान्थ्यो। आचारसंहिता बन्थ्यो। नेताहरूका आनीबानी, संगठन आदिका असन्तुष्टि बैठकभित्रै उठ्थे। त्यहीबाट समाधान खोजिन्थ्यो। भुसाल भन्छन्, "समय-समयमा बैठक राखेर एउटै स्पिरिट कायम गर्न नसक्दा सबै नेता/कार्यकर्ताले हामी सबैसामु चुनौती पनि समान छन्, उपलब्धि पनि समान छन् भनेर महसुस गर्न पाएका छैनन्। त्यसैले भावनात्मक एकता हुन नसकेको हो।" ने



कमजोर कमान्डर

युद्धकालमा माओवादी सैन्य रणनीतिकार मानिएका बादल गृह मन्त्रालयमा असफल

मनबहादुर बस्नेत

'संरचनागत सुधार, शान्ति-सुरक्षा र सुशासनको आधार वर्ष ।'

गृहमन्त्री रामबहादुर थापा (बादल) को एक वर्षे कार्यकालको स्वमूल्यांकन हो, यो । १३ फागुन ०७५ मा प्रकाशित १५ पृष्ठ लामो समीक्षा पुस्तिकाको सुरुमै उनले मुख्य उपलब्धिका १० बुँदा राखेका छन् । शान्ति-सुरक्षामा उल्लेख्य सफलता पाएको आशयसहित स्वमूल्यांकन सार्वजनिक भएको तीन महिनापछि गृहमन्त्रीले संसद्मा प्रस्तुत गरेको विषयले भने मुलुकको सुरक्षाबारे उनी कति सतही र संवेदनहीन रहेछन् भन्ने पुष्टि गरिदियो ।

१३ जेठमा संघीय संसद्मा गृहमन्त्री थापाले विप्लव समूहले सैनिक संरचना बनाएको सूचना मात्रै सार्वजनिक गरिदिएनन्, उसको संख्या र क्षमता पनि खुलस्त पारिदिए । विद्रोही बाटोमा लागेको उक्त समूहले जनसेनाका रूपमा चार कम्पनी खडा गरेको बादलले संसद्मा निर्धक्क सुनाए । उनले यो तथ्य यस्तो बेला पेस गरेका थिए, जतिखेर काठमाडौँ उपत्यकाले १३ वर्षे गणतन्त्रकालकै सबैभन्दा असुरक्षित महसुस गरिरहेको थियो ।

१२ जेठको नेपाल बन्दको पूर्वसन्ध्यामा काठमाडौँ घट्टेकुलो, सुकेधारा, थानकोट र ललितपुर लगनखेलमा बम विस्फोट भएकामा घट्टेकुलो र सुकेधारामा चार जनाले ज्यान गुमाएका थिए । यही घटनापछि काठमाडौँ उपत्यकामा १३ जेठको बन्दमा सार्वजनिक सवारी

साधन ठप्पजस्तै भए । उपत्यकामा विप्लव बन्दको प्रभाव यतिविघ्न परेको त्यो पहिलो पटक थियो ।

सोही दिउँसो बादलले सुरक्षा निकायको 'इन्टेलिजेन्स' रिपोर्टका आधारमा विप्लवले सैनिक संरचना बनाएको बताइदिँदा झनै त्रास फैलियो । सामान्यतया: यस्ता सूचना राज्यले गोप्य राख्छ तर गृहमन्त्रीले छरपस्ट पारिदिए । "विप्लव समूहको ब्रान्डिङ गृहमन्त्रीले गरिदिए," पूर्वप्रहरी नायब महानिरीक्षक (डीआइजी) हेमन्त मल्ल भन्छन्, "सुरक्षाका आधारभूत विषय पनि थाहा नहुनेले कसरी गृह प्रशासन चलाउँछन् ?"

परिणाम नदिएको फेहरिस्त

बादलले उपलब्धिका फेहरिस्त तयार गरे पनि त्यसका अन्तर्य केलाउँदा उनको असफल यात्राको पछिल्ला छनक मिल्छन् । अवैध सुन तस्करी सन्जाल तोड्न गृह प्रशासन सफल रहेको उनले ४ नम्बर बुँदामा उल्लेख गरेका छन् । तर ३३ किलो सुन गायब र सनम शाक्य हत्याबाट उठान भएको यो प्रकरण गृहमन्त्रीको असफलताको ठोस सूचक हो । प्रहरी मुख्यालयले यसबारे अनुसन्धानको जिम्मा डीआइजी पुष्कल रेग्मीको टिमलाई सुम्पिएको थियो । रेग्मीको अवकाशपछि सुन तस्करीमा संलग्न 'ठूला माछा' समात्ने भन्दै २० चैत ०७४ मा गृहमन्त्रीले अनुसन्धानको कार्यभार गृह प्रशासनमा खिचे, सहसचिव ईश्वरराज पौडेलको नेतृत्वमा विशेष समिति बनाएर ।

समितिले ठम्याएका ७५ अभियोगीमध्ये ४६ पक्राउ परे भने ३१ जना फरार छन् । तर पक्राउ परेका बहुसंख्यक अदालती आदेशमा धरौटीमा छुटिसके । सुन तस्करीका सञ्चालकसम्म पुग्न समिति असफल भयो । जबकि गृहमन्त्री बादलले बारम्बार तस्करी गिरोहको उपल्लो तह छिन्नभिन्न बनाउने दाबी गरेका थिए । विशेष समितिले सुन तस्करीको जालो तोड्न असफल भइरहेकै बखत कञ्चनपुरकी निर्मला हत्या प्रकरणको अनुसन्धान जिम्मा पनि बादलले गृहमै भित्र्याए, ७ भदौ ०७५ मा । सहसचिव हरिप्रसाद मैनालीले अगुवाइ गरेको समितिलाई गृहले प्रस्टै भाषामा 'छानबिन तथा अनुसन्धान' को जिम्मेवारी दियो । यो समितिले त घटनाको अभिलेखीकरणबाहेक सिन्कोसम्म भाँचेन ।

बरु दुवै समितिको विशेषता समान रह्यो, प्रहरीका अनुसन्धान अधिकृतलाई जबर्जस्त अपराधी करार गर्ने । सुन तस्करीबारेको समितिले त अन्डरकभर अपरेसन (भेष बदलेर गरिने प्रहरी अनुसन्धान) चलाउने आधा दर्जन प्रहरीलाई अभियोगी बनाएर जेल पुर्‍यायो, भलै उनीहरू छुटिसके । ज्ञातव्य रहोस्, आफ्ना उपल्ला अधिकारीको सहमतिमा कतिपय कानुनी मान्यता कुल्चिएरसमेत प्रहरीले कहिलेकाहीँ यस्तो अनुसन्धान गर्छ, खासगरी संगठित तवरका अपराधमा ।

यही नियति दोहोरियो, निर्मला हत्यामा । घटनापछि केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) बाट प्रहरी नायब उपरीक्षक (डीएसपी) अंगुर जिसीको टोली अनुसन्धानमा जुटेको थियो । तर जिसीसहितका प्रहरी अनुसन्धानबाट झिकिए, समितिकै रायमा । भलै आफ्नो लिखित प्रतिवेदनमा जिसी टोलीलाई समितिले दोषी मान्न सकेको छैन ।

गृहका दुवै समिति अभियोजन स्थापित गर्न त असफल भए नै, त्योभन्दा पनि असरदार कुरा यसले दिएको सन्देश हो । अपराध अनुसन्धानको कार्य नक्सालबाट खोसेर सिंहदरबार ल्याउने गृहमन्त्रीको कदमले प्रहरीको कामकारबाहीमा दीर्घकालीन असर पुर्‍याउने निश्चित छ । जोखिम मोलेर खटिने प्रहरीलाई गृह समितिले तारो बनाएपछि नेपाल प्रहरी अपराध अनुसन्धान गर्ने मूलभूत जिम्मेवारीबाट चुक्ने जोखिमछेउ पुगेको छ । अहिले जोखिम मोलेर काम गर्ने प्रहरी अधिकारी भेट्टाउन मुस्किल बन्दै गएको मुख्यालयका एक अतिरिक्त महानिरीक्षक (एआईजी) बताउँछन् । "कहाँ फसाइदिन्छन् भन्ने त्रास भएपछि कसले आँट गर्ने ?" ती एआईजी भन्छन् ।

बादलले सार्वजनिक यातायातको सिन्डिकेट हटाएको भन्दै उपलब्धिको अर्को बुँदा राखेका छन् । तर सिन्डिकेट अझै हटिसकेको छैन । सिन्डिकेट कायम राख्न यातायात व्यवसायीले सवारी साधन नचलाएपछि २१ वैशाख ०७५ मा गृह मन्त्रालयले यातायात व्यवसायी, समिति, संघसंस्थाका सम्पत्ति छानबिनका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाउने निर्णय गरेको थियो । समितिका खाता रोक्का गर्ने निर्णय पनि भएको थियो ।

गृहमन्त्री बादल र भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ उपस्थित उक्त बैठकमा नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालयका प्रतिनिधि थिए । सम्पत्ति छानबिन र रकम रोक्कासँगै यातायात व्यवसायी कम्पनीमा दर्ता हुन राजी भएका थिए । तर वर्ष दिन बित्दासम्म आधाजसो व्यवसायी पनि कम्पनीमा दर्ता भएका छैनन् । बरु सरकारले चार पटक म्याद थप्यो । सम्पत्ति छानबिन त परैको कुरा । गृहमन्त्रीका राजनीतिक सल्लाहकार सूर्य सुवेदीले *नेपाल*सँग व्यवसायीलाई

"

विप्लव समूहको ब्रान्डिङ गृहमन्त्रीले गरिदिए । सुरक्षाका आधारभूत विषय पनि थाहा नहुनेले कसरी गृह प्रशासन चलाउँछन् ?

– हेमन्त मल्ल
पूर्वडीआइजी

तह लगाउन मात्रै सम्पत्ति छानबिनको विषय उठाउनुपरेको लाचारी व्यक्त गरे ।

गृहमन्त्रीले विशिष्ट, भीआईपी सुरक्षाका नाममा खटाएका २ सय ७५ सुरक्षाकर्मी फिर्ता बोलाउनुलाई आफ्नो अर्को उपलब्धि मानेका छन् । तर बादल स्वयं सशस्त्र प्रहरी बलका मात्रै १६ जना र झन्डै त्यति नै संख्यामा नेपाल प्रहरीको सुरक्षा शरणमा छन् । सशस्त्रका १६ मध्ये तीन चालक हुन् । कतिपय भीआईपीकहाँ त कामदारका रूपमा सुरक्षाकर्मी प्रयोग भएका छन् । पूर्वउपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहलाई सशस्त्र प्रहरी बलले सुरक्षा अलावा दुई जना सहयोगी खटाएको छ । उनका लागि सवारी चालक मात्रै तीन जना छन् ।

पूर्वगृहमन्त्री एवं कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले पनि एक सहयोगी र तीन चालकसहित १३ सशस्त्र प्रहरीको सुविधा लिएका छन् । पूर्वगृहसचिव श्रीकान्त रेग्मीले सशस्त्र प्रहरीबाट एक सहयोगी पाएका छन् । वनमन्त्री शक्ति बस्नेत एक भान्से, तीन चालकसहित दर्जन सशस्त्र प्रहरीबाट घेरिएको अभिलेख छ । बस्नेत नेपाल प्रहरीबाट पनि आधा दर्जन प्रहरीको पहरा लिन्छन् । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले पनि एक सहयोगी सुविधा भोग गरिरहेका छन्, सशस्त्र प्रहरीबाट । पूर्वसभामुख एवं नेकपा संसदीय दल उपनेता सुवास नेम्बाङका लागि पनि एक सुरक्षा सहयोगी हाजिर छन् ।

रोचक त के भने गृहमन्त्री बादलले मापदण्डविपरीत खटाइएका सुरक्षाकर्मी फिर्ता गरिएको मूल्यांकनमा उल्लेख गरेका छन् । तर उल्लिखित सुरक्षाकर्मी कुन मापदण्डका आधारमा खटाएको भन्ने अज्ञात छ । जबकि ०६९ मा सर्वोच्च अदालतले पटके र तदर्थ निर्णयका आधारमा नभई छुट्टै ऐन बनाएर सुरक्षाकर्मी खटाउन आदेश दिएको थियो । सरकारले सुरक्षा खतरा, मन्त्रिपरिषद्को निर्णय, मन्त्रीस्तरीय निर्णय र गृह मन्त्रालयको विशिष्ट व्यक्तिको सुरक्षा कार्यविधिअनुसार सुरक्षाकर्मी खटाउने गर्छ । यसैलाई सर्वोच्चले तदर्थको व्याख्या गरेको हो । आजपर्यन्त उक्त तदर्थ प्रवृत्ति हटेको छैन । भीआईपीको सुरक्षार्थ परिचालित सशस्त्र प्रहरीको आँकडा हेर्दा उदेकलाग्दो चित्र देखापर्छ ।

पूर्वगृहमन्त्रीले पदेन हैसियतसरह यस्तो सुविधा लिएका छन् । 'सहयोगी' भन्नाले घरेलु कामदार बुझिन्छ । कामदार घोषित नै दर्जन सशस्त्र प्रहरी परिचालित छन् । "सुरक्षार्थ भनिएकालाई पनि घरका काममा लगाइन्छ । सहयोगी भनेरै लगेपछि त झन् स्वतः कामदार हो," सशस्त्र प्रहरी बलका एक एआईजी भन्छन् ।

पहुँचका भरमा सुरक्षाकर्मी दुरुपयोग कस्तो हुन्छ भन्ने उदाहरण हुन्, विवादास्पद धार्मिक गुरु कमल नयनाचार्य । नयनाचार्य ५ वैशाख ०७२ देखि सशस्त्रका चालक लिएर हिँड्छन् । सशस्त्रका कुनै पनि पूर्वप्रमुखले नपाएको सुविधा भोग गरिरहेका छन्, मोतीलाल बोहराले । उनले तीन जना सहयोगी पाएका छन् ।

बहालवाला मन्त्री र पूर्वप्रशासक १७ जनाले सशस्त्रबाट चालक सुविधा पाएका छन् । भीआईपी सुरक्षामा मात्रै सशस्त्रबाट ५ सय २९ जनशक्ति खटिएको छ, जुन पहिलेभन्दा बढी हो । यो संख्या ०७४ मा दुई सयजति मात्र थियो । यसबाहेक नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट औपचारिक अभिलेखमा नरहने गरी मौखिक भरमा अझ बढी सुरक्षाकर्मी परिचालन हुन्छन् । तथ्यले गृहमन्त्रीको सफलता/असफलता मापन गर्छ । ज्ञातव्य रहोस्, गृहमन्त्री बन्नासाथ ८२ बुँदे गृह प्रशासन सुधार कार्ययोजनामा सुरक्षाकर्मीको दुरुपयोग रोक्ने बादलले उद्घोष गरेका थिए ।

सशस्त्र प्रहरीलाई त बादलले मूल चरित्रबाट टाढा हुत्याइदिए । रणनीतिक आधारमा बस्नुपर्ने यो अर्धसैनिक फौज नेपाल प्रहरीजस्तै प्रशासनिक रूपमा फिँजाइदिए, सबै जिल्लामा पुऱ्याएर । गृहमन्त्री बादलको आदेशमै सशस्त्रले ४५ देखि ७७ जिल्लामा फैलने संरचना तय गरेको थियो । त्यसपछि २७ जेठ ०७५ को मन्त्रिपरिषद्ले नेपाल प्रहरीको समानान्तर संरचनामा यसलाई बदलिदियो । फौजको प्रकृति, जिम्मेवारी र जनशक्तिका हिसाबले यो गृह प्रशासनको ठूलो भूल थियो । जंगेडामा रहनुपर्ने फौज फिँजारिएपछि आकस्मिक बेला सहजै परिचालन हुन नसक्ने अवस्थामा पुगेको छ । सशस्त्र नेतृत्वले फौजको चरित्र हरण हुने पुनर्संरचनाको प्रतिवाद गर्न नसक्दा झनै बादल हाबी भए । फलतः सशस्त्र प्रहरी छरितो र प्रभावकारी फौजी संगठन होइन, फुलेको जस्तो देखिन्छ ।

द्वन्द्वपछि मूलभूत दायित्व सीमा सुरक्षा पाएको सशस्त्र प्रहरीको यही कामको दायरा अहिले खुकुलो बनेको छ । सीमा सुरक्षा कार्यालयलाई बटालियन (गण) मा बढोत्तरी गरे पनि यसअन्तर्गतका बोर्डर आउट पोस्ट (बीओपी) मा खटिने जनशक्ति ५० बाट ३५ मा झारिएको छ । गणबाटै बीओपीलगायत जिल्लाको सम्पूर्ण काममा जनशक्ति परिचालन हुने हुँदा ब्याक फौज नै नरहने अवस्थामा पुगेको छ । सबै जिल्लामा उपस्थित हुने चाहनाले यो हालत बनेको हो ।

असफलताको चाङ

१० वर्षे सशस्त्र युद्धकालमा बादलको चित्र भिन्न थियो । माओवादी विद्रोहको सैनिक फाँटको खम्बाको रूपमा उनको व्यक्तित्व प्रचारित थियो । अर्थात्, माओवादीको शक्ति बढ्नुमा बादलको भूमिका मुख्य देखाइन्थ्यो । यो बेग्लै कुरा हो कि यस्तो चित्रण युद्धरत भूमिगत शक्तिका लागि अपरिहार्य प्रोपागान्डा हुन सक्थ्यो । यस्तो चित्रणको आधार थियो, मिथक नै सही बादलको सैन्य कौशल र सुरक्षा विषयक ज्ञान ।

तर राज्यविरुद्ध हतियार उठाउँदा सुरक्षा मामिलामा हिरो चित्रित बादल राज्य हाँक्ने बाटोमा आएपछि फिक्का सावित मात्रै भएनन्, असफलसिद्ध बने । हुँदाहुँदा कस्तो अवस्था आयो भने विप्लव समूहले सोलुखुम्बुको छेस्काम प्रहरी चौकी आक्रमण गरे/नगरेको खबर यकिन गर्न गृह प्रशासनलाई २४ घन्टा लाग्यो । राज्यको सूचना प्रणालीमा कति ठूलो खाडल रहेछ भन्ने उक्त घटनाले छर्लंग पारिदियो ।

१९ जेठ राती चौकीतिर ठूलो समूह आएको देखेपछि असईको कमान्डमा रहेका ७ जना प्रहरी चौकी छाडेर लुकेका थिए । २० जेठ बिहानै गृहमन्त्री बादलले तीनवटै सुरक्षा अंगका प्रमुखलाई मन्त्रालयमै डाकेर तुरुन्त अपरेसन सञ्चालन गर्न निर्देशन दिएका थिए । "एयरपोर्टमा सशस्त्र प्रहरी स्ट्यान्डबाई राख्न भनेका थिए," उक्त बैठकमा सहभागी एक उच्च अधिकारीले भने, "खास के भएको भन्ने पत्तो नलगाई अपरेसनमा जा भनेको सुन्दा हामी छक्क पऱ्यौं ।" नभन्दै बाटो खन्ने मजदुरको हूललाई विप्लवका लडाकू ठानेर प्रहरी भागेको २० जेठ बेलुका मात्रै पुष्टि भयो । त्यतिबेलासम्म सशस्त्र प्रहरी विराटनगरबाट हेलिकप्टरमा उक्त क्षेत्र पुगिसकेको थियो ।

विप्लव समूहको प्रभाव विस्तार भएकै बखत नेपाल प्रहरीको महत्त्वपूर्ण विभाग नेतृत्वविहीन बनेको महिना दिन बिते पनि बादलले उक्त त्रुटि सच्याउन पहल गरेकै छैनन् । कार्य तथा अपराध



बादल
विगत र वर्तमान

युद्धकालअघि

- **०३५** सक्रिय राजनीतिमा प्रवेश
- **०४२** मोहन वैद्य र मोहनविक्रम सिंहबीच फाटो, वैद्यको नेकपा मशालमा केन्द्रीय सदस्य

युद्धकाल

- **०५०-०५२** राप्ती क्षेत्रमा सिज अभियानका अगुवा, सामन्त र शोषकको आरोपमा सर्वसाधारणलाई कारबाही
- **०५३** यौन विचलनको आरोपमा जिम्मेवारीमुक्त
- **०५७** उपत्यका विशेष कमान्ड, आफूभन्दा कनिष्ठ मुमाराम खनाल र रवीन्द्र श्रेष्ठसँग मनमुटाव
- **०६०** पूर्वी कमान्ड : देवेन्द्र पराजुली, कल्पना धमला, प्रभु साह, जयकृष्ण गोइत, कुमार पौडेललगायतका नेतासँग असमझदारी, गोइतबाहेक सबै हिरासतमा

सत्ताकाल

- **०६६** रक्षामन्त्री, सेनासँग निरन्तर विवाद, सेनापतिलाई अवकाश दिने सरकारी निर्णय राष्ट्रपतिले रोकेपछि सरकार विघटन
- **०६९** माओवादीबाट अलग्गिएको वैद्य समूहमा आबद्ध
- **०७३** पुनः माओवादीमै फिर्ता
- **०७४** गृहमन्त्री, सुरक्षाका आधारभूत मान्यतामै प्रहार

अनुसन्धान विभागका एआईजी पुष्कर कार्कीलाई महाराजगन्जस्थित प्रहरी तालिम केन्द्रमा सरुवा गरेपछि उक्त ठाउँ रित्त छ।

विभागअन्तर्गत डीआईजीको कमान्डमा ट्राफिक सेवा निर्देशनालय, सुरक्षा सेवा निर्देशनालय, साइबर क्राइम ब्युरो, मानव बेचबिखन ब्युरो, महिला तथा बालबालिका सेवा निर्देशनालय छन्। एकै पदमा यति धेरै व्यक्ति भएकाले एकअर्काको आदेश नमान्ने भय हुन्छ। याद रहोस्, चेन अफ कमान्ड फौजी संगठनको बटमलाइन मानिन्छ। देशभरको अपराध अनुसन्धानको पाटोमा यो विभागीय प्रमुखलाई रिपोर्टिङ गर्ने र निर्देशन दिनुपर्छ। यति महत्त्वपूर्ण विभागको कमान्ड खाली हुँदा सुरक्षा जोखिम उच्च रहन्छ।

बादलको पृष्ठभूमि केलाउने हो भने उनले गृह मन्त्रालय सम्हालेपछि मातहतका सुरक्षा अंग प्रभावकारी नदेखिनु स्वाभाविक लाग्छ। युद्धकालमा सैन्य रणनीतिकारका रूपमा प्रचारित बादलले कहिल्यै सैनिक फाँटमा नेतृत्व गरेनन्। युद्धको सुरुआती चरणमा माओवादीद्वारा सञ्चालित सिज (रुकुमको सिस्ने र रोल्पाको जलजलाबाट राखिएको नाम) अभियानबाहेक १० वर्षे द्वन्द्वकालभर बादलको उल्लेखनीय छाप केही भेटिँदैन। सिजबाटै बादल स्थापित भएका थिए।

'सामन्त शोषक' को आरोपमा स्थानीयलाई कालो मोसो दल्ने, भाटे कारबाही गर्ने यो अभियानको नेतृत्व बादलले गरेका थिए, जुन ०५० देखि ०५२ सम्म चलेको थियो। ०५३ मा यौन विचलनको अभियोगमा माओवादीले उनलाई कारबाही गरेपछि चार वर्ष भूमिकाविहीन भए। त्यसपछि उपत्यका विशेष कमान्डमा फर्किएका बादल प्रभावकारी देखिएनन्। ०६० चैतमा मोहन वैद्य 'किरण' पक्राउ परेपछि पूर्वी कमान्डको जिम्मेवारीमा पुगेका उनी त्यहाँ पनि कमजोर देखिए। पूर्वी कमान्डमा त संगठन नै भताभुंग बनाएको आरोप लाग्यो।

वास्तविकताभन्दा बढाइचढाइ प्रचार गरिएका बादल राज्य सञ्चालनको मूलबाटोमा आइपुग्दा अपेक्षाभन्दा कमजोर देखिनु अनपेक्षित होइन। मूलधारको राजनीतिमा मिसिएपछि माओवादी ०६५ को पहिलो संविधानसभा चुनावमा सबैभन्दा ठूलो पार्टी बन्यो र पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा सत्तामा उक्लियो। सम्भवतः युद्धकालको सकारात्मक चित्रणकै कारण बादललाई रक्षा मन्त्रालय सम्हाल्ने अवसर त जुर्‍यो। तर उनी यति निष्प्रभावी देखिए कि हरेक विषयमा सेनासँग खिचातानी भयो। सहायक रथी र जर्नेलहरूको म्याद थप्ने/नथप्ने विषयमा समेत सेना र रक्षामन्त्रीबीच मनमुटाव देखियो।

सैनिक भर्तादेखि बढुवासम्म सेना र सरकारबीच बेमेल देखिन थाल्यो। ३ चैत ०६५ मा आठ सहायक रथीको म्याद सकिँदै थियो। जंगी अड्डाले म्याद थपका लागि पठाएको फाइल रक्षाले महिना दिन रोकेपछि बल्लतल्ल मन्त्रिपरिषद्मा पेस गर्‍यो। १ चैतमा मन्त्रिपरिषद्ले म्याद नथप्ने निर्णय गरेपछि सेना अदालत पुग्यो। ११ चैतमा अदालतले अवकाश नदिनू भन्ने फैसला सुनायो। ३ चैतमै म्याद सकिएका आठ जर्नेललाई प्रधानसेनापति रुकमाङ्गद कटवालले अदालतको आदेश नआउन्जेल जिम्मेवारीमै राखेका थिए।

यो प्रकरणपछि सरकार सेनापति कटवाललाई हटाउने टुंगोमा पुग्यो र तीन महिना मात्र कार्यकाल बाँकी रहेका कटवाललाई २० वैशाख ०६६ मा बर्खास्ती गर्‍यो। सरकारको निर्णय राष्ट्रपति रामवरण यादवले उल्टाइदिएपछि माओवादी सरकार भोलिपल्टै ढल्यो। निर्वाचित सरकारको निर्णय राष्ट्रपतिले उल्टाइदिएपछि मुलुकभर नै यसको पक्ष र विपक्षमा जनमत बाँडिएको थियो।

कटवाल काण्ड माओवादीलाई यति महँगो बन्यो कि त्यसपछि उसले सेना प्रतिकूल धारणा नै राख्न छाडिदियो। पहिलो सत्तारोहण माओवादीका लागि विस्मयकारी बनाइदिएका बादलले दोस्रो कार्यकालमा पनि प्रभावकारी उपस्थिति देखाउन सकेनन्। बादललाई नजिकबाट चिन्ने एक नेकपा नेता भन्छन्, "नेतृत्वलाई सघाउने मामिलामा उनी सफल छन्। तर आफैं नेतृत्व गर्ने क्षमता राख्दैनन्।" ने

चुनावतन्त्र होइन, लोकतन्त्र

[टिप्पणी]

राम गुरुङ

निर्वाचनको नियमै हो, धेरै सिट जित्ने दल सत्तामा र कम जित्ने दल प्रतिपक्षमा पुग्छन् । अर्को निर्वाचन नहुँदासम्म राजनीतिक दलको सत्ता छिनाझप्टी र नागरिकको 'सर्भाइभल' अर्थतन्त्रले निर्वाचनलाई पूरै बिर्साइदिन्छ । दलीय चस्माबाट दललाई प्राप्त मतबाहेक केही देखिँदैन । मतदाता संख्या र दलले पाउने मतको उतारचढावमाथि बहस नै हुँदैन । विभिन्न दलतिर अस्वाभाविक भौतारिएका मतदाताको पनि लेखाजोखा हुँदैन । सारमा, नेकपाका नेता घनश्याम भुसालले भनेजस्तो लोकतन्त्र 'चुनावदेखि चुनावसम्म' मात्र भइरहेको छ ।

आवधिक निर्वाचन भइरहे लोकतन्त्र बलियो हुन्छ तर नेपालमा कुनै पनि निर्वाचन आवधिक भएनन्, थिएनन् । संविधानको पूर्वाग्रही व्याख्याले निर्वाचन प्रभावित हुँदै आयो । यसले मतदाताको मताधिकार र लोकतन्त्रका शास्त्रीय मान्यता उपेक्षित भए । दलको योग्यता, राजनीतिक इमान र आर्थिक प्रतिबद्धता ओझेल परे । मतदाताले सही र गलत छुट्याउने अवसर पाएनन् । पूर्ववर्ती सत्ता र शासकीय ढाँचा एवं ढर्राले निरन्तरता पाए । लोकतन्त्र परिपक्व हुने विषय छलछाममा पर्‍यो । नेतृत्व शाहीकृत भए । मतदाता उपयोग गर्ने अराजनीतिक र अमर्यादित शृंखला संस्थागत भयो । निर्वाचन दलीय सर्वोच्चता र सत्ता समीकरण मात्र बने ।

अन्य देशभन्दा नेपालमा मतदान दर राम्रो छ । सन् १९९० यता नेपालको औसत मतदान दर ६७.७३ प्रतिशत हुँदा अमेरिका र भारतको क्रमश: ५४.०७ र ५५.२२ प्रतिशत मात्रै छ । तर भारत, अमेरिकाको निर्वाचनलाई नेपालसँग दाँज्न सकिँदैन । हाम्रो अर्थतन्त्र र समाजको चरित्र अलग छ । श्रम बजारमा पूर्ण रोजगारको आकार ज्यादै सानो छ । उत्पादनभन्दा वितरण प्रणालीमा आधारित मौसमी रोजगार प्रभुत्वशाली छ । यसले मतदाताको ठूलो हिस्सालाई मतदानमा सहयोग गर्नुपर्ने हो । तर मतदानप्रति घट्दो रुचिले यसको दरको 'ड्रपरेट' ठूलो हुँदै गएको छ । ०५६ सम्म ६.५५ प्रतिशतले घटिरहेको मतदान ०७४ सम्म आइपुग्दा ११.१६ प्रतिशत घटिरहेको छ, जसलाई लोकतान्त्रिक व्यवस्थामा राम्रो मानिँदैन । घट्दो मतदान दरले दलीय कार्यकर्ताको वर्चस्व उकास्ने सम्भावना बढाउँछ ।

जनसंख्या घटबढ हुँदा कुल मतदाताको संख्या पनि घटबढ हुन्छ । तर बालिग जनसंख्या र कुल मतदाताको अनुपात अस्वाभाविक फराकिलो हुँदै गएको छ । ०५६ सम्म १०.६८ प्रतिशत बढिरहेको कुल मतदाता ०७४ मा आइपुग्दा १७.०८ प्रतिशतले घट्दा प्रत्येक निर्वाचन र राजनीतिक दलले १९ लाख ६५ हजारभन्दा बढी मतदाता गुमाइरहेका छन् । यसलाई धेरैले देखेका छैनन् । यसको परिणाम मतदाता र राजनीतिक दलबीच संवाद र बहसलाई खुम्च्याउँदै लगेको छ । असन्तुलित सम्बन्ध बलियो भएर नागरिक लोकतन्त्रलाई नै जोखिममा पारेको छ ।

मतदान नागरिकले आफूखुसी गर्ने राजनीतिक निर्णय हो । तर राजनीतिक दलले निर्वाचनको मुखमा 'मास-मतदाता परिचयपत्र' बनाउने, मत आफ्नो पक्षमा पार्न मतदातामाथि 'सोसल ब्ल्याकमेलिङ' उपयोग गर्ने हुर्मत बलियो पार्दै लगेका छन् । दलीय सर्वोच्चताले अपारदर्शी एवं व्यक्तिवादी राजनीति सामान्य बनेका छन् । अद्यापि यसलाई बृहत् 'राजनीतिक रिफ्लेक्सन' र लोकतान्त्रिक पद्धतिको ह्रासका रूपमा अर्थ्याइएको छैन । दललाई सत्ता र राज्यभन्दा बलियो बनाइदिएको छ । निर्वाचन नेता/कार्यकर्ताले कब्जा गरेका छन्, जो लोकतन्त्रका लागि सही होइन ।

राजनीतिक दलप्रतिको भरोसा भत्किँदा लोकतन्त्र दलीय तजबिजमा गयो । मतदान गर्नाले लोकतन्त्र बलियो हुन्छ भन्ने सोचमा कमी आउँदै गए । १८ वर्षमाथिका १० मध्ये ४ जनालाई मतदानप्रति नै रुचि छैन । स्वत:स्फूर्त मतदाता परिचयपत्र बनाउने बालिग नागरिक १० मध्ये ३ जना मात्र छन् । बालिग नागरिकको संख्या ५.९२ प्रतिशतले बढिरहँदा मतदाता नामावलीमा सूचीकृत हुने मतदाता ४.२२ प्रतिशतले घटिरहेका छन् ।

औद्योगिक अर्थतन्त्र नै लोकतन्त्र हो । सिद्धान्तमा लोकतन्त्र भए पनि राजनीतिक र आर्थिक चालचलन बदलिएनन् । कृषि उत्पादनको औद्योगिकीकरण भएन । समाजलाई उत्तरउत्पादन (पोस्ट-प्रडक्सन) उपभोक्तावादले गाँज्यो । पर्याप्त रोजगार सिर्जना हुन सकेनन् । ०६५ यता इतिहासमा सबैभन्दा बढी उपभोग्य निर्भरता बढेर गयो । अहिले ९३.७५ प्रतिशत सहरी उपभोग आयातआश्रित छ । उत्पादन र उत्पादकत्व कमजोर हुँदा सर्वसाधारणको अर्थतन्त्र नराम्ररी हल्लियो । ५ मध्ये ३ जना रोजगारयोग्य छन् । तीमध्ये वैदेशिक रोजगारीमा जाने २ जनाले कुनै पनि निर्वाचनमा सहभागी हुन पाएका छैनन् । वस्तुगत निर्णयमा सघाउने परिवारको मुख्य सदस्य नहुँदा पारिवारिक सदस्यलाई राजनीतिक प्रभाव र सामाजिक दबाबमा मतदान गर्न बाध्य पारिरहेको छ ।

राजनीतिक दल र बालिग मतदाताले नै लोकतन्त्र बचाउने हो । जति मतदाताको संख्या अस्थिर हुँदै गयो, त्यति नै निर्वाचनलाई दलले गाँज्दै लैजान्छन् । नागरिक लोकतन्त्र निषेधमा फस्दै जान्छ । विगत दुई दशकमा सर्वसाधारणको आम्दानी-खर्चको सन्तुलन बिग्रँदै गर्दा रेमिट्यान्स निर्भर परिवार ३७.३४ प्रतिशतले बढेको छ । १० वर्षे अवधिमा घरखर्च चलाउन देश छाड्ने ५० लाख नागरिकले निरन्तर मतदान गर्न पाएका छैनन् । यसले दल, नेता र सिंगो लोकतन्त्रबाटै नागरिकलाई एक्ल्याउँदै दलीय एकात्मकता बलियो बनाएको छ । व्यक्तिवादी

निर्वाचन मत परिणामको दलगत वितरण (२०४८-२०७४)
स्केल : लाखमा



र्नवाचन आयोग, नेपाल, ०७५

कुनै दल सिट संख्याका आधारमा सत्ता वा संसद्मा प्रभुत्वशाली हुनु मात्र पूर्ण लोकतन्त्र होइन । नागरिकको मत लोकतन्त्रमा निर्णायक र आधारभूत हुन्छ ।

अर्थराजनीतिक सर्वसत्तावाद स्थापित भएका छन् ।

हाम्रो शिक्षा र शैक्षिक प्रणाली इतिहासमै कमजोर भएको छ । पाठ्यक्रमका सामग्री बदलिए पनि यसले श्रम बजारमा पार्ने प्रभाव बदलिएन । शिक्षा र शिक्षण पद्धतिलाई भरोसा नगर्ने बढ्दै गए । विदेश पढ्न जाने बिरलै फर्किए । १२ कक्षा पास गर्ने ७३.४७ प्रतिशत विद्यार्थी विदेशी शिक्षाप्रति आकर्षित छन् । यीमध्ये ८१.७७ प्रतिशतलाई निर्वाचन र लोकतन्त्रबारे चासो छैन । उनीहरूको तर्क छ, 'कसलाई भोट हालेर के हुन्छ ?' लोकतन्त्र र लोकतान्त्रिक मान्यता युवाबाट अप्रत्यक्ष बहिष्कृत हुँदै छ । बर्सेनि पढ्नकै लागि देश छाड्ने ३४.४२ प्रतिशत बढिरहँदा ४ लाख २३ हजार ६ सय ५७ भन्दा बढी युवा मतदाताले लोकतन्त्र र निर्वाचनलाई 'बाई-बाई' गरिसकेका छन् ।

दीर्घकालीन सामाजिक, आर्थिक कार्यक्रमले दलको प्रभावकारिता जाँच्ने हो । तर प्रत्येक निर्वाचनमा मतदानको निर्णय, पपुलिस्ट नाराले गिजोलिएका छन् । यसले राजनीतिक दललाई फाइदा भए पनि मतदातालाई भने अस्थिर बनायो । सामाजिक, आर्थिक समस्याको गहिराइसम्म नपुग्ने यस्ता कार्यक्रमले गरिबी दुरुस्त रहिरहे । 'कस्मेटिक कार्यक्रम' ले जनमत अस्थिर भएको स्वीकार्ने युवा नेता धनराज गुरुङ कांग्रेसको दाँजोमा वामपन्थी दलले धेरै पपुलिस्ट कार्यक्रम अघि सारेको तर्क गर्छन् ।

पपुलिस्ट नारा वा कार्यक्रमले 'केही होला कि' भनेर भौंतारिरहेका गरिब मतदातालाई छिटो प्रभावित पार्ने हो । यसले २५.२ प्रतिशत गरिब मतदातालाई निशाना बनाएको देखिन्छ । तत्कालीन एमालेको 'गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारी' तथा कांग्रेसको 'गरिबसँग विश्वेश्वर' जस्ता कार्यक्रम गन्दा नेपाली कांग्रेसभन्दा वामपन्थी दलले ८१.४९ प्रतिशत बढी लोकप्रिय नारा उठाएको देखिन्छ । यसले वामपन्थी दलले पाउने मत १४.४१ प्रतिशतले तलमाथि हुँदै आएको छ । ०४८ यता प्रत्येक निर्वाचनमा ८ लाख ३७ हजार ७ सय ४२ मतदाता, कम्युनिस्टलाई मत दिनबाट पछि हटिरहेका छन् । यी मतदाताले निर्वाचनलाई मात्र नभएर लोकतान्त्रिक पद्धतिलाई नै बेवास्ता गरे ।

अलोकतान्त्रिक सत्ताको शोषणले नयाँ दल जन्मिन्छ । मधेसी दल क्षेत्रीय शोषणका परिणाम थिए । तथापि सम्भ्रान्त नेतृत्वले मधेसका भुइँमान्छेलाई बुझ्न सकेनन् । मतदाता बिस्तारै मधेसी दलसँग टाढिए । ०४८ यता मधेसी दलले आफूलाई मतदान गर्ने ३ लाख ७५ हजार ५ सय ३४ भन्दा बढी मतदाता गुमाइसकेका छन्, यसले मधेसी दल वा मधेसी मतदाता कसैको पनि हित गरेन । निर्वाचनलाई सत्ता र शक्तिको प्रस्थान ठान्ने राजनीतिक अवधारणाले मधेस र मधेसी मतदातालाई राजनीतिक परीक्षणले गाँज्दै लग्यो । निर्वाचनसम्बन्धी राजनीतिक स्वतन्त्रता दलले खोस्दै गए ।

राज्यव्यवस्था मात्र लोकतान्त्रिक भएर पुग्दैन । लोकतन्त्रमा दल र मतदाता मुख्य हुने भएकाले दलभित्रको लोकतन्त्रले अझ बढी महत्त्व राख्छ । कांग्रेस युवा नेता गुरुङको भनाइमा पार्टीभित्र नेतृत्व निर्माण र हस्तान्तरण पद्धति नै लोकतान्त्रिक छैन । दशकौंदेखि वृद्ध नेतृत्वले कांग्रेस चल्दै आएको छ । अर्थात्, नयाँ नेतृत्व र नीति परीक्षण गर्ने अधिकारसँग सम्झौता गर्नुपर्दा मतदाताको प्राथमिकतामा पर्न छाडेको छ, निर्वाचन । उनको निष्कर्षमा यसले वामपन्थी पक्षमा जस्तै मतदाताको उभारले कांग्रेसलाई रोकेको छ । तथापि ०५६ सम्म ९.५४ प्रतिशत मतदाता बढाउन सफल कांग्रेस ०७४ सम्म आइपुग्दा १९.२४ प्रतिशतले मतदातालाई आफूतिर तान्दै गइरहेको छ ।

वामपन्थी दलले अन्य राजनीतिक दलको दाँजोमा केही जनमुखी राजनीतिक कार्यक्रम ल्याए पनि समग्र अर्थतन्त्रको बनोट र समाजको चरित्रलाई तलसम्म बदल्न सकेनन् । कल्याणकारी अवधारणाले आधारभूत असमानता उस्तै रहे । ०४८ को आम निर्वाचनभन्दा ०५१ को निर्वाचनमा १५.८३ प्रतिशत कम मतदाताले कम्युनिस्टलाई मतदान गरे, जसमध्ये तत्कालीन एमालेले कांग्रेसले भन्दा २.५३ प्रतिशत बढी कुल मत पाए पनि सत्ता चलाउने अवसर पायो । ०५६ को मध्यावधि निर्वाचनमा वामपन्थीले २८.५६ प्रतिशत मत बढाउन सफल भए पनि ०६५ सम्म आउँदा औसत १४.६५ प्रतिशत गुमाए । ०७० मा आइपुग्दा ३८.४८ प्रतिशतले घट्यो । ०४८ पछि सम्पूर्ण निर्वाचनमा वामपन्थी दलले पाएको मत विश्लेषण गर्दा निरन्तर ६.३७ प्रतिशत मतदाता वामपन्थीलाई मतदान नगर्ने निर्णयमा पुगेका छन् । यसरी खास दलप्रति अविश्वास बढ्दै जानु भनेको लोकतान्त्रिक अवयव कमजोर हुनु हो ।

र्‍याडिकल प्रस्तुति र संशोधनमुखी सम्झौतापरस्त कार्यशैलीले इतिहासमा सबैभन्दा अस्थिर मतको सामना तत्कालीन माओवादीले गर्नुपर्‍यो । यसले निर्वाचनप्रतिको भरोसा नै उथलपुथल भए । संस्थागत कमी-कमजोरीको आलोचनाभन्दा आरोप-प्रत्यारोपको निर्वाचन संस्कृति विकसित भयो । निर्वाचन राजनीतिक कार्यक्रमभन्दा दल र उम्मेदवारले तत्काल गर्ने आर्थिक प्रस्तावले गतिशील भए । राजनीतिक दल र मतदाताको सम्बन्धमा 'कन्सपिरेसी मोडल' भित्रियो । सबैभन्दा बढी ०६५ को आमनिर्वाचनमा कुल मतदानमध्ये ३०.५२ प्रतिशत मत हासिल गरेको तत्कालीन माओवादीले ०७० को निर्वाचनमा १२.७३ प्रतिशत मतमा खुम्चिनुपर्‍यो । यसले मतदातामा मतदानमार्फत 'बदला संस्कृति' हुर्कियो । विवेकशील मत प्रयोगको सिद्धान्त प्राथमिकतामा परेनन् ।

कुनै दल सिट संख्याका आधारमा सत्ता वा संसद्मा प्रभुत्वशाली हुनु मात्र पनि पूर्ण लोकतन्त्र होइन । नागरिकको मत लोकतन्त्रमा निर्णायक र आधारभूत हुन्छ, यसले मात्र लोकतन्त्रको भावी चरित्र र बनोट निर्धारण हुन्छ । ने

भू–माफियाको भयंकर

पश्चिम तराईमा जग्गा दलालको जालो, गिरोहभित्रै अपहरण र हत्या

जे पाण्डे/नेपालगन्ज

बिहानको खाना खाँदै थिए, जुनेद अन्सारी । एक्कासि मोबाइलको घन्टी बज्यो । नम्बर हेरे । आफ्नै साथी खैरुल हसन अन्सारीको फोन । जग्गासम्बन्धी कुरा गर्न तत्काल जानुपर्ने भयो । गौरी मल्लले पति जुनेदलाई रोक्न सकिनन् । हतारिँदै घरबाट निस्के ।

२१ माघ ०७५ मा जुनेद कहाँ गए ? गौरीले पत्तै पाइनन् । रात छिप्पिँदै जाँदा पनि उनी प्रतीक्षामै थिइन् । मोबाइल पनि स्वीच अफ रहेछ । सम्पर्क हुन सकेन । एक दिन अरू बाटो हेरिन् । कुनै अत्तोपत्तो नलागेपछि खैरुल र उनका साथीले फोनमा गरेका कुराले शंका जगायो ।

खासमा खैरुलले जुनेदलाई भारतबाट जग्गा दलाली गर्न नेपालगन्ज झिकाएका थिए । साझेदारी गर्न थालेको ४ वर्ष भएको थियो । बाँके र बर्दियाका जतिसक्दो सरकारी जग्गा किर्ते गरी आफ्नो बनाउने र धन कमाउने भू-माफियामध्येका योजनाकार हुन्, उनीहरू । दुई जिल्लाका भूमिसुधार तथा मालपोतका प्रमुख अधिकृत, प्राविधिक, अन्य कर्मचारी र लेखनदाससँग दरिलो सेटिङ थियो । कतिपय कानुन व्यवसायी पनि हातमै थिए ।

उनीहरूले प्रशासनिक, राजनीतिक र कानुनी शक्ति मुठीमा लिँदै गएका थिए । कार्यालयभित्रैबाट चाहेको सक्कली पुर्जा र फाँटबारी सजिलै कब्जामा लिन्थे । ती सबै कागज जुनेदले राख्थे । यस्तो सम्बन्ध भएको साथीले बोलाएर गएकाले पहिलो दिन गौरीले धेरै आशंका गरिनन् । कसलाई कसरी फन्दामा पार्ने ? जुनेद र खैरुलले परिवारका सदस्यलाई पनि सिकाएका थिए ।

६ महिनादेखि जुनेदकी पत्नी गौरी र सासू लाली मल्लले सिकेको पाठ अनुसरण गर्न थाले । पहिलो फन्दामा खैरुल नै परे । बारम्बार पैसा माग्न थाले गौरी र लाली मल्लले । भनेजति नदिए पोल खोलेर जेल हाल्ने धम्की दिए । यस्तो व्यवहारले निकै तनावमा थिए खैरुल । रहस्य खुल्दा जोगिने उपाय थिएन ।

सरकारी जग्गा किर्ते गरी आफ्नो बनाउने अपराध गर्दै आएका खैरुलको दिमाग अब अपहरण र हत्याजस्ता जघन्य अपराधतिर मोडियो । उनले बाँके डुडुवाका बच्छराज लोनियामार्फत जुनेदलाई अपहरण गरी बदला लिने षडयन्त्र रचे । लोनियाले सीमापारि बाबागन्जका साथी अवधेश ठाकुरलाई नेपालगन्ज बोलाए । कसैले थाहै नपाउने गरी भारत लगेर हत्या गर्न नेपालगन्ज फुलटेक्राकी एक नेपाली महिलाको जग्गा बिक्री गर्नुपर्नेछ भन्दै घरबाट बोलाए, जुनेदलाई । उच्च अदालत तुलसीपुर इजलास नजिकै चारवाहिनी मोडको एउटा चिया पसलमा चिनजान गरे । चालकसहित गाडी तयार थियो । जुनेदले आफू अपहरणमा पर्दैछु भन्ने सुइँकोसम्म पाउन सकेनन् ।

जालो

योजनाअनुसार ड्राइभरले गाडी नेपालगन्जबाट बाबागन्ज भारततिर मोडे । जग्गा किन्ने व्यक्ति बाबागन्ज छ, भेटेर आऊ भन्दै । अन्ततः ५ जना मिलेर हातखुट्टा काटेर उतै हत्या गरे, २२ माघ ०७५ मा । परालमा हालेर जिउँदै जलाए । खैरुल भन्छन्, “मैले अपहरण गरी हातखुट्टा भाँच्न भनेको हो । मार्न भनेको थिइनँ । साथीहरूले मारेछन् ।”

दुई दिनसम्म कुनै खबर नआएपछि गौरीले तेस्रो दिन २३ माघमा पति हराएको निवेदन दिइन्, बाँके प्रहरीमा । जबकि भारतीय प्रहरीले हत्या भएको भोलिपल्टै जलाएको अवस्थाको बेवारिसे शव फेला पारिसकेको थियो । त्यो खबर ढिलो थाहा पाएकी गौरी आफन्तसँग घटनास्थल पुगिन्, २४ माघमा । दसीप्रमाणबाट शवको पहिचान भयो । नेपाल प्रहरी खैरुलबाटै अनुसन्धान गर्ने टुंगोमा पुग्यो । मोबाइल स्वीच अफ थियो । खानतलासी गर्दा प्रेमिकाको कोठामा लुकेर बसेको पाइयो । एक प्रहरी अधिकृत भन्छन्, “खैरुललाई रातभर

मन्दिरको जग्गामा तारे होटल

शिवको पूजाआराधना र मन्दिर सञ्चालनका लागि दान गरेको मूल्यवान ७ कठ्ठा जग्गा तारे होटलका मालिकको नाममा दर्ता भएपछि नेपालगन्जका पुजारी छक्क परेका छन् ।

०१४ मा खेमानाथ उपाध्यायले पुण्य कमाउने उद्देश्यले महन्त भोलानाथ योगीलाई मन्दिर सञ्चालन र नित्य पूजाआराधना गर्नु भनी १७ कठ्ठा जमिन दान गरे । बिक्री–वितरण गर्न नपाउने सर्तमा दान गरिएको मूल्यवान जग्गा मालपोतका तत्कालीन कर्मचारी केशवमान अमात्यले १४ वैशाख ०३४ मा प्रक्रिया मिलाएर भोलानाथबाट आफ्नो नाममा दर्ता गराए । भोलानाथका छोरा शंकरनाथ भन्छन्, “बुबा बिरामी हुनुहुन्थ्यो । त्यसबेलाका हाकिम अमात्यले रिक्सामा हालेर लगे । जबर्जस्ती बुबाको दायाँबायाँ औंलाको ल्याप्चे लगाएर मन्दिरको जग्गा आफ्नो बनाए ।”

शिव मन्दिरको नाममा हुनुपर्ने जग्गा चरणबद्ध रूपमा तारे होटल मालिकका नाममा पुगेको भन्दै पुजारीले मुद्दा पनि दायर गरे । तर त्यसको कुनै सुनुवाइ भएन । मन्दिरको जग्गा हडप्न धेरैतिरको मिलेमतो देखिन्छ । मन्दिरको जग्गालाई व्यक्तिको बनाउन मालपोत कार्यालयबाट ०१४ मा दान गरेको स्रेस्ता नै गायब पारिएको छ ।

१९ वैशाख ०६३ मा कित्ताकाट गरी सुशील श्रेष्ठलाई १० धुर बिक्री गरेको स्रेस्ताबाट देखिन्छ । त्यसै वर्ष २८ माघमा सुशील श्रेष्ठको नामको सोही जग्गा र केशवमान अमात्यको नाममा बाँकी रहेको जग्गा यो ४ तारे होटल सिग्नेट इन कृष्णाका सञ्चालक दीपेन्द्र अग्रवालले आफ्नो नाममा दर्ता गराए । अग्रवाल भन्छन्, “यो जग्गा बुबाले किन्नुभएको हो । मन्दिरको जग्गा हो भन्ने मलाई पनि थाहा छैन ।”

मन्दिर सञ्चालनका लागि दिएको जग्गामा भव्य होटल र पौडीपोखरी निर्माण भइसकेको छ । होटलले यही जग्गा धितो राखेर विभिन्न बैंकबाट करोडौं रुपैयाँ ऋणसमेत लिइसकेको छ । नेपालगन्जमा गुठी, मठमन्दिरसँगै सरकारी जग्गा आफ्नो नाममा दर्ता गर्ने/गराउने कार्यमा पहुँचवाला नै सक्रिय देखिन्छन् । तर सरकारी तथा नियमनकारी निकाय निदाइरहेको छ ।

तस्बिरहरू : ऊ पाण्डे

नेपालगन्जस्थित धम्बोजीचोक, जहाँको कैयौं कित्ता सरकारी जग्गा व्यक्तिको कब्जामा छ ।

प्रेमिकासँगै बस्न दियौं । बिहान नियन्त्रणमा लियौं ।"

आफ्नै योजनामा बाँके डुडुवाका बच्छराज लोनिया, नेपालगन्ज-७ का सब्बिर अली सिद्दिकी, नेपालगन्ज-२१ का अकबर अलि खाँ र भारतीय नागरिक नबाबगन्जका अवधेश ठाकुरले हत्या गरेको खैरुलले स्वीकारे पनि। प्रहरी उपरीक्षक अरुण पौडेल भन्छन्, "खैरुलले योजनाबद्ध रूपमा मारेको प्रस्टै देखिन्छ। कारण अवैध जग्गा कारोबार नै हो।"

खैरुल जग्गा दलाली मात्र नभई जडीबुटीको पनि अवैध धन्दा गर्थे । नेपालगन्जमा डेरा गरी बस्दै आएका जुनेद जग्गा धन्दामा खैरुलको दाहिना हात थिए। गौरी भन्छिन्, "जुनेद मेरोभन्दा खैरुलको बढी विश्वास गर्थे । मालपोत, प्रहरी र प्रशासनका कर्मचारी मुठ्ठीमा छन् भन्थे।"

बाँके र बर्दियाको सरकारी जग्गा किर्ते गरी आफ्नो बनाउने गिरोहमा राजनीतिक दलका नेतासँगै केही निर्वाचित जनप्रतिनिधिसमेत संलग्न देखिन्छन् । तर प्रहरीले सरकारी जग्गा किर्तेमा प्रमाण जुटाइदिने र भू-माफियाले चाहेजस्तो सिफारिस गरिदिने निर्वाचित जनप्रतिनिधिलाई अनुसन्धानको दायरामा ल्याएको छैन। यति ठूलो अपराधको जालोभित्र पसेको प्रहरीको नियतमै खोट देखिएको छ। दुई जिल्लाका सरकारी जग्गा आफ्नो नाममा दर्ता गराउने जुनेदकी सासू लाली मल्ल र खैरुलकी आमा हसरतुन निसा अन्सारीलाई अभियुक्त बनाएको छैन ।

सासू र आमालाई सरकारी जग्गा

कर्मचारीसँगको मिलेमतोमा सिक्टा सिँचाइ आयोजना कम्पाउन्डभित्रको कित्ता नम्बर २ सय १० को ५ कठ्ठा १३ धुर जमिन खैरुल हसन अन्सारीले आमा हसरतुन निसा अन्सारीको नाममा जग्गाधनी स्रेस्ता कायम गराएका छन् । नेपालगन्ज उपमहानगरपालिका वडा-३ मा पर्ने कित्ता नम्बर १४ को ५ कठ्ठा १३ धुर सरकारी जग्गा जुनेद अन्सारीले सासू लालीको नाममा दर्ता स्रेस्ता कायम गरेका छन् ।

बर्दियास्थित साविक नेउलापुर गाविस वडा-७ को कित्ता नम्बर १ सय ९१ ९(ख), ७, ८, ५०, ६१, ६३ को ६ बिघा ३ कठ्ठा १४ धुर सरकारी जमिन खैरुलले बाबुको नाममा दर्ता स्रेस्ता कायम गरी आमा हसरतुन निसा अन्सारीको नाममा नामसारी गरेका छन् । दुई जिल्लाको उक्त जग्गा ३० करोडभन्दा बढी मूल्यको छ। सिक्टाको जग्गा हसतुनको नाममा ल्याउन ७ लाख ५० हजार र अर्को सरकारी जग्गा लालीको नाममा ल्याउन ८ लाख रुपैयाँ लेखनदास बिरु खड्का र सुब्बा रामबहादुर खड्काले घुस लिएका थिए ।

बर्दियाको ६ बिघा ३ कठ्ठा १४ धुर सरकारी जमिन हसरतुन निसा अन्सारीको नाममा दर्ता गराउन लेखनदास पप्पुमार्फत बर्दिया मलपोत कर्मचारीलाई १० लाख रुपैयाँ घुस दिएको खैरुलको भनाइ छ। बर्दिया गुलरिया र नेपालगन्जका गरी दुई होटलका कोठा बुक गरेर रातारात सरकारी जग्गा आफ्नो नाममा ल्याउने योजना तयार पारेको देखिएको छ।

बाँकेमा घरजग्गा कारोबार गर्ने दर्ता भएका एक दर्जन कम्पनी छन् । २ हजारभन्दा बढी दलाल भित्री कारोबारमा संलग्न छन् । सेना, प्रहरी, नेता, शिक्षक, कर्मचारी र कानुन व्यवसायी पनि जग्गा दलालीमा देखिएका छन् । बाँकेमा मात्रै गत वर्ष २ हजार ४ सय जनाले जग्गा खरिद-बिक्री गरे । बाँके मालपोत प्रमुख प्रेमबहादुर दौल्याल भन्छन्, "कुन दर्तावाला हुन्, कुन होइनन्, छुट्याउन सकिँदैन। दैनिक १ सय जनाको खरिद-बिक्री गर्ने भीडमा जग्गा दलाल चिन्नै सकिन्न।"

हत्या अनुसन्धान गर्दै जाँदा प्रहरीले सरकारी जग्गा आफ्नो नाममा गराउने गिरोहको ठूलो लहरो हात पारेको पहिलो पटक हो । अझै गहिरो अनुसन्धान गर्ने हो भने भू-माफियासँग राजनीतिक दलका नेताको संलग्नता फेला पार्न गाह्रो छैन। अपहरण र हत्यामा ५ जना संलग्न देखिए भने सरकारी जग्गा किर्तेमा दुई जिल्लाका मालपोत अधिकृतसँगै २१ जना । सबैविरुद्ध अदालतमा मुद्दा चलिरहेको छ।

थुनामा रहेका अभियुक्तले मन्त्री, सांसद र नेताहरूमार्फत दबाब र प्रभावमा पार्ने प्रयास जोडतोडले गरेका छन्। पुर्पक्षका लागि १६ जना कारागारमा छन्। ३ जना धरौटीमा छुटेका छन्। तीमध्ये सञ्जयकुमार ठाकुर र प्रेमचन्द्र ठकुरीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएर थप अनुसन्धान थालेको छ। वर्षौंदेखि अवैध जग्गा कारोबार गर्दै आएको गिरोह फन्दामा परेपछि यस्ता कारोबारीले आफूसमेत तानिने खतरा महसुस गर्दै बचाउका हतकन्डा अपनाएका छन् ।

को समातिए, को भागे

अभियोग लागेपछि फरार भएका मालपोत

∨ मालपोत कार्यालय नेपालगन्ज र किर्ते गरिएको हनुमानगढी नजिकैको सरकारी जग्गा (दायाँ)।

यस्तो पनि भयो

सुदूरपश्चिम प्रदेशको राजधानी कैलालीस्थित गोदावरी नगरपालिकाको तेघरी सामुदायिक वनमा राख्ने भनेपछि जग्गा दलालको बिगबिगी छ । उनीहरू सस्तोमा जग्गा किन्ने र महँगोमा बिक्री गर्न अनेकौँ दाउपेचमा छन् ।

गोदावरीमा निम्नवर्गीय परिवारको बसोबास छ । साँझ-बिहान छाक टार्ने समस्या भएका तिनै बासिन्दाको जग्गा सस्तोमा हत्याउन अनेक प्रपन्च गर्दै छन् । राजधानीको चर्चासँगै ४० लाख पर्ने जग्गाको भाउ १ करोड रुपैयाँसम्म पुगेको छ । सुदूरपश्चिमको राजधानी दिपायल हुनुपर्ने माग गर्दै भएका प्रदर्शनका कतिपय आयोजक नै जग्गा दलाल थिए ।

कतिसम्म भने उनीहरू क्षेत्रीय प्रशासन कार्यालय अगाडिको क्षेत्रलाई राजधानी तोक्नुपर्ने माग राख्नसमेत पछि परेनन् । महेन्द्र बहुमुखी क्याम्पस धरानका विद्यार्थी विरोधमा उत्रिए, २६ मंसिर ०७५ मा । क्याम्पस स्वामित्वको जग्गामा मोहियानी हकदाबी गर्ने व्यक्ति देखिएपछि जग्गा बचाउ संघर्ष समिति नै गठन गरियो । 'नक्कली मोही चाहिँदैन, जग्गा दलाल होसियार, सार्वजनिक सम्पत्तिको सुरक्षा गरौँ, स्थानीय सरकार होसियार' जस्ता नारा र ब्यानरसहित प्रदर्शनमा उत्रनुपरेको रोचक घटना छ ।

अर्थमन्त्री डा युवराज खतिवडाले अघिल्लो वर्षको बजेटमार्फत घरजग्गा कारोबारमा संस्थागत कम्पनी चाहिने र १० लाख रुपैयाँसम्मको पुँजीगत लाभकर तिर्नुपर्ने व्यवस्था भएको घोषणा गरेका थिए । उनले जग्गा किनबेच सरकारबाट अनुमति लिएका संस्थाले मात्रै गर्न पाउने घोषणा गरे । घरजग्गा कारोबारलाई पारदर्शी बनाउन यस्तो व्यवस्था गरियो । उक्त नीतिअनुसार बिचौलिया वा दलालले जग्गा-जमिन खरिद बिक्री गर्न पाउँदैनन् । तर यो नीति कार्यान्वयन हुन सकेको छैन ।

सरकारको नीति असफल तुल्याउन सरकारी अधिकारीकै हात देखिएको छ । निर्णयले अपार्टमेन्ट र रियलस्टेट कम्पनी खोलेर कारोबार गरिरहेकालाई फाइदा पुगे पनि नेपालगन्जमा दर्ता नभएका झन्डै २ हजारभन्दा बढी जग्गा दलाल छन् । तीमध्ये भारतीय लगानीकर्ता पनि छन् । तिनीहरूले नेपाली दलाललाई पुँजी लगानी गरेर जग्गा कारोबार गर्दै आएका छन् ।

२६ साउन ०७४ को मन्त्रीस्तरीय निर्णयले जग्गा प्लटिङ गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्बन्धित निकायबाट अनुमति लिएर वा नलिई कृषियोग्य जग्गा कुनै प्रकारले खण्डीकरण (कित्ताकाट) गरी घडेरीका रूपमा बिक्री-वितरण गर्न/गराउन नपाउने निर्णय गरेको थियो । दलालको दलदलमा फसेका सरकारी अधिकारीले उक्त नीतिविरुद्ध काम गर्दै आएका छन् ।

अधिकृत कृष्णप्रसाद ज्ञवालीले सरकारी जग्गा किर्ते र नामसारी निर्णय सदर गरेका थिए । बाँकेबाट कैलाली सरुवा भएका मालपोत अधिकृत दीर्घबहादुर पोखरेल पनि फरार भएको प्रहरी भनाइ छ । खैरुलले पोखरेल पनि संलग्न भएको बयान दिएका छन् । बाँकेकै अर्का मालपोत अधिकृत हेमराज शर्माले तीनपुस्ते कायम निर्णय सदर गरेका थिए । अहिले मालपोत कार्यालय कावासोतीमा अधिकृत रहेका अशोककुमार भट्टराईको पनि संलग्नता देखिएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

अर्का अभियुक्त खरिदार कुलानन्द राउतले मालपोत कार्यालय महोत्तरी मोठ भिडाउने कार्य गरेका थिए । खरिदार रवीन्द्र थापाले दृष्टिबन्धक लिखतको रजिस्ट्रेसन फाँटको काम गर्थे । उनलाई पनि प्रहरीले खोजी रहेको छ । खरिदार किशोरकुमार रिजाल मालपोत बर्दिया र कार्यालय सहायक सूर्यप्रसाद उपाध्याय पनि फरार छन् ।

सज्जन सैयाद, लेखनदास बिरु भन्ने वृहस्पति खड्का, लेखनदास पप्पु धोबी, अधिकृत पुष्पा श्रेष्ठ, रामकुमार रोका, नायब सुब्बा टंकप्रसाद शर्मा, नासु रामबहादुर खड्का, नासु बहादुर देवकोटा, नासु कृष्णलाल शर्मा, नासु

< किर्तेका लागि प्रमाण जुटाउन नेपालगन्ज उपमहानगर-३ ले गरेको सिफारिस पत्र र जग्गाधनी दर्ता स्रेस्ता ।

मानबहादुर केसी, कम्प्युटर अधिकृत यज्ञश्वर वली, खरिदार भूमिराज पोखेल, खरिदार सुशील रिजाल, कम्प्युटर अधिकृत लक्ष्मी मल्ल, कार्यालय सहायक अन्तराम चौधरी, खरिदार तुल्सारानी थारु, खरिदार सञ्जयकुमार ठाकुर र सहायक कम्प्युटर अधिकृत प्रेमबहादुर चन्द ठकुरीलाई जिल्ला अदालत बाँकेले १२ वैशाख ०७६ मा पुर्पक्षका लागि जेल चलान गरेको छ ।

बाँके मालपोतकी तत्कालीन प्रमुख पुष्पा श्रेष्ठ भ्रष्टाचारको अभियोगमा पक्राउ परिन् । पक्राउ गरेपछि उनी लामो समय बिरामीको निहुँमा भेरी अस्पतालमा भर्ना भएर बसिन् ।

भारतीय नागरिक जुनेदसँग प्रेमविवाह गरेकी मुगुकी गौरी आफैं आमा लाली मल्लका साथ भारतको लौकाही बस्दै आएकी छन् । नेपालगन्जको सीमावर्ती जयसपुरमा बस्दा जग्गा दलालको जालमा फसिने डरले भारततिरै बस्नु उचित लागेको उनी बताउँछिन् । भन्छिन्, "बारम्बार ज्यान मार्ने धम्की आउँछ ।" ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को करोडपति सिजन-३

बन्नै होइन त फेरि करोडपति!

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार

१ करोड बम्पर पुरस्कार

१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन् ।

पक्का पुरस्कार

• शिखर इन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance *Happysurance*

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ

BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

We Accept

fonepay payments फटाफट

KANTIPUR DAILY

THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

कान्तिपुर kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

आँगनमै चिहान

सार्वजनिक जमिन अतिक्रमण भएपछि भूमिहीन दलित समुदाय समस्यामा

तस्बिरहरू : राजकुमार राउत

^ बर्साइन नगरपालिका-३ कुशमाहार गाउँमा घरपछाडि रहेको दरपी मण्डल र उनकी श्रीमती लडुवती मण्डलको चिहान (माथि) र बस्तीमा रहेको चिहान।

राजकुमार राउत/ लहान, सिरहा

मानिस भन्छन्, मरेपछि डुमै राजा। अमिर होस् वा फकिर, मरेपछि मानिसलाई चाहिने साढे तीन हात जमिन मात्रै हो। त्यही पनि नरहने गरी सार्वजनिक जमिन अतिक्रमित भएपछि सप्तरीको सीमावर्ती बोदेवर्साइन नगरपलिका-३ का कुशमाहार, सरश्वर र मधुवनबासी वर्षौंदेखि आफ्नै आँगन र करेसाबारीमै अन्त्येष्टि गर्न बाध्य छन्।

तीन गाउँमा ६ सय ५० घर अल्पसंख्यक, सीमान्तकृत दलित, भूमिहीन र विपन्न समुदायको बसोबास छ। कुशमाहारका दशरथ मण्डल, ४०, सार्वजनिक जमिन नहुँदा तीन गाउँका मानिस आफ्नै घरआँगन र करेसाबारीमा लासलाई जलाउने र गाड्ने गरेको सुनाउँछन्।

"सात वर्ष पहिलेसम्म गाउँमा यस्तो अवस्था थिएन, गाउँ/समाजमा कसैको मृत्यु हुँदा सार्वजनिक पोखरीको डिल, सिमसार जग्गामा संस्कार गर्थ्यौं," उनी भन्छन्, "तर गाउँका हुनेखाने, टाठाबाठाले सार्वजनिक जमिन अतिक्रमण गरेर पुस्तौंपुस्तादेखि दाहसंस्कार गर्दै आएको स्थान नदिएपछि के गर्ने ?"

बोदेवर्साइन नगरपलिका-३ का अध्यक्ष अनोजकुमार यादव लास जलाउने ठाउँ पनि नरहने गरी सार्वजनिक जग्गा अतिक्रमण भएको स्वीकार्छन्। भन्छन्, "हुनेखानेहरूले १ हजार रुपैयाँ ट्याक्टर भाडा तिरेर चार किलोमिटर परको बलानबिहुल गाउँपालिकाको बिहुल नदीमा लगेर अन्त्येष्टि गरे पनि गरिबीका कारण दलित, भूमिहीन र विपन्न समुदाय आफ्नै जमिनमा दाहसंस्कार गर्न बाध्य भए।"

धनीहरूले धर्मकर्म सबै बिर्सेर लास जलाउने ठाउँ पनि नरहने गरी सर्वजनिक जमिन अतिक्रमण गरेको आक्रोश पोख्छन्, मधुवनका किसुन सदा। "गाउँमा लास जलाउने ठाउँ छैन। बास बस्ने माटो पनि आफ्नो छैन। ज्याला मजदुरी गर्ने मुसहरलाई अहिले खाए भरेलाई के खाने, कहाँबाट ल्याउनु पैसा ?" सदा भन्छन्, "मजबुरीका नाम महात्मा गान्धी भनेजस्तै जमिन हुनेले घरपछाडि करेसाबारीमा, नहुनेले आफ्नै आँगनमा दाहसंस्कार गर्छौं।"

स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय सरकारले घाटको व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। तर बोदवर्साइन नगरपालिकाले भूमिहीन दलितका लागि अहिलेसम्म घाटको व्यवस्था गरेको छैन। घाट निर्माणका लागि हारगुहार गर्दा पनि नगरपालिकाले कुनै सुनुवाइ नगरेको उनीहरूको भनाइ छ। ■

फल्टी इन्जिनियरिङका दुष्परिणाम

अच्युत वाग्ले

आधुनिक विकासको सैद्धान्तिक अवधारणालाई कार्यरूपमा अनुवाद गर्ने विज्ञान नै इन्जिनियरिङ हो । अमेरिकाको 'इन्जिनियर्स काउन्सिल फर प्रोफेसनल डेभलपमेन्ट' ले गरेको 'इन्जिनियरिङ' को परिभाषाले विश्वव्यापी मान्यता पाएको छ। 'संरचना, यन्त्र, उपकरण वा उत्पादन प्रक्रियाको डिजाइन वा विकासका लागि वैज्ञानिक सिद्धान्तको सिर्जनात्मक उपयोग अथवा तिनको एकल वा संयुक्त उपयोगको कार्य अथवा यिनको डिजाइनको पूर्ण परिज्ञान (कन्गिनजन्स) सहितको निर्माण वा सञ्चालन अथवा खास सञ्चालन अवस्थामा देखिने तिनको व्यवहार र यी सबैको कार्याभिष्ट, सञ्चालनको आर्थिक पक्ष एवं जनधनको सुरक्षा सापेक्ष पूर्वानुमान' इन्जिनियरिङका रूपमा परिभाषित छ।

नेपालको पूर्वाधार, आर्थिक र सामाजिक विकासका कुनै पनि क्षेत्रमा उल्लिखित इन्जिनियरिङ सिद्धान्तको सिर्जनात्मक उपयोग, परिज्ञान र पूर्वानुमानको चेष्टा नै राज्य सञ्चालन संयन्त्रमा छैन । विकासका यी अपरिहार्य सिद्धान्तलाई बिल्कुलै अपनाउन नचाहेको र नसकेका कारण मुलुक दुरवस्थामा पुगेको हो । बनेका भनिएका पूर्वाधार विकासमा सहायक हुनुको सट्टा जन र धन ध्वस्त पार्ने धराप मात्र बन्नुको कारण यही हो।

गत साता बझाङमा भएको जीप दुर्घटनामा एउटै गाउँ, मष्टाका दस जनाको मृत्यु भयो । हुम्लामा ३ असारमा कर्णाली नदीमा खसेको सवारी साधनको अत्तोपत्तो यी पंक्ति लेखिँदासम्म लागेको छैन। चितवनबाट गोताखोरहरू कर्णाली पुगेको समाचार मात्रै आएको थियो। काठमाडौं रिङरोडको नयाँ बनेको कोटेश्वर-कलंकी खण्ड खुला मृत्यु-मैदानमा रूपान्तरण भएको छ। राजमार्ग भनिने सडकबाट बस-ट्रक नदीमा खस्ने क्रम उत्तिकै छ। सानाठूला दुर्घटनाका खबर नआएको दिन अपवादै होला।

दिइने कारण उनै सनातन छन्- सडकको घुम्ती असजिलो थियो, बाटो सानो वा चिप्लो थियो वा सवारी साधनमा क्षमताभन्दा बढी यात्रु थिए। मानवीय त्रुटि थियो आदि । यस्तै-यस्तै । योभन्दा अलि गहिराइमा गएर यस्तो निरन्तरको दुर्दशाको मूल कारण पूर्वाधारको निर्माण र सञ्चालनमा कुनै विज्ञान प्रयुक्त नहुनु वा इन्जिनियरिङ नै खोटयुक्त (फल्टी) हुनु हो भन्ने निचोड र विश्लेषणसम्म पुग्ने सहज बुद्धि राजनीतिक-प्रशासनिक नेतृत्वको छैन । आम मानिसमा गुणस्तरीय पूर्वाधारको आवश्यकता र महत्त्वबोध उत्तिकै न्यून छ।

अढाई दशकअघि बीपी राजमार्गको विस्तृत आयोजना प्रतिवेदन बनाउने बेलामा एक जापानी हाइवे इन्जिनियरले बनेपादेखि सिन्धुलीसम्मको अहिलेको १ सय ५ किलोमिटर दूरीको सट्टा ६० किलोमिटरको वैकल्पिक अलाइनमेन्टको प्रस्ताव ल्याएका थिए । नाला-टुसाल छिचोलेर पाँचखाल-भकुन्डेबेंसी र सिन्धुलीगढी उकाल्नुको सट्टा गढतिरैतिर लगेर महाभारतमा कुल साढे तीन किलोमिटर जतिका दुई सुरुङ बनाउँदा काठमाडौंबाट एक घन्टामा सिन्धुली पुगिने खाका उनले दिएका दिए। त्यो आयोजनाको निर्माण र सञ्चालन लागत अहिले बनेको सडकको तुलनामा निकै कम लाग्थ्यो। त्यो प्रस्तावमा अनेकौं कोणबाट चरम राजनीति भयो । परिणाम सबैसामु छ।

अहिले रिङरोड विस्तारको मौलिक अवधारणामा नै त्रुटि देखियो। गल्ती के भने यसको इन्जिनियरिङ डिजाइन गर्दा त्यो सडकको समीपमा वा सम्पर्कमा आउने ८० प्रतिशत मानिस सवारी साधनको प्रयोग गर्छन् र बाँकी २० प्रतिशत मात्र पैदल यात्री वा सडक वारपार गर्ने हुन्छन् भन्ने मान्यता राखिएछ । त्यही मान्यताका आधारमा चौबाटो र आकाशे पैदल पुल बनाउने योजना बनेको छ । गतिसीमा त्यहीअनुसार अपेक्षा गरिएको छ । तर नेपालका सन्दर्भमा सडकमा सवारी साधन प्रयोगकर्ता र पैदल यात्रीको यो आँकडा झन्डै उल्टो छ । हरेक मिनेट सयौँले बाटो काट्नुपर्छ । सडक व्यवस्थापनमा आधुनिक सीपयुक्त जनशक्ति र प्रविधि प्रयोग भएको छैन । पुल भएको ठाउँमा पनि सडकबाटै बाटो काट्नेमा कथित पठितहरूको जमात ठूलो छ।

सजिलोका लागि यहाँ सडककै मात्रै उदाहरण धेरै दिइएको हो। अन्य क्षेत्रको अवस्था पनि उत्तिकै भयावह छ। नेपालका ७० प्रतिशतभन्दा बढी ठूला सिँचाइ आयोजना हिमालबाट उद्गम भएका र सबै मौसममा पर्याप्त जल प्रवाह हुने नदीमा होइन, मौसमी नदीमा छन् । कमला,

मनहरा, बाग्मती, बबईलगायत दर्जनौं आयोजना त्यसका उदाहरण हुन् । ती आयोजनाको छनोट र बनोट दुवै सिँचाइ सुविधा बढाउनेभन्दा इन्जिनियरलाई अनेकौं नाममा निरन्तर बजेट निकासा गराएर भ्रष्टाचार गर्न सहज हुने ढंगले छनोट गरिएको छ । वर्षायाममा कुलोमा पानी आउने र सुक्खायाममा नदीमै पानी नहुने अर्थहीन आयोजना फल्टी इन्जिनियरिङका चरम नमुना हुन् । इन्टरनेटजस्ता आधुनिक पूर्वाधारमा पनि नेपालको अवस्था उस्तै छ । संसारमै सबभन्दा ढिलो गतिको इन्टरनेट सेवा दिने पाँच मुलुकमा नेपाल पनि एक हो । 'सोसल इन्जिनियरिङ' को कथा अझ दयनीय छ । शिक्षामा भइरहेको लगानीले ज्ञान, रोजगारी र सामाजिक सहभाव केही पनि अभिवृद्धिमा सघाएको छैन । अथवा त्यहाँ वास्तविक इन्जिनियरिङले परिभाषित गरेका 'सफ्टवेयर' हरू समावेश नै गराउन सकिएको छैन ।

आधुनिक विकासका लागि विज्ञानले पहिचान र प्रयोग गरेका पद्धतिको नेपालले प्रयोग गर्न नसक्नुमा खासगरी आर्थिक स्रोतको अभाव छ वा खोटरहित इन्जिनियरिङ महँगो पर्छ भन्ने भ्रम व्यापक छ । यो नियोजित ढंगले फैलाइएजस्तो पनि देखिन्छ । जबकि यी दुवै सामान्यतः सत्य होइनन् । खासगरी सार्वजनिक सेवासम्बद्ध पूर्वाधार र सेवाको हकमा त बिल्कुलै असत्य हो । बझाङ र हुम्लामा ठूला सवारी दुर्घटना भएकै साता प्रदेश सरकारहरूले बजेट प्रस्तुत गरे । चालू आर्थिक वर्षमा सुदूरपश्चिम र कर्णाली प्रदेश दुवैले मुस्किलले आफ्नै गत वर्षको विनियोजनको १०-१२ प्रतिशत मात्र पुँजीगत खर्च गर्न सकेको देखियो । सडकका घुम्ती सहज बनाउन, त्यहाँ सुरक्षा पर्खाल लगाउन र सडक व्यवस्थापन गर्न त्यो पैसा खर्च गर्न नसक्ने र नहुने किन ?

काठमाडौं, कोटेश्वर चोकमा सधैं हुने सडक जामको असर मुलुकभरबाट आउनेलाई परिरहेको छ । यसको समाधानका लागि सुरुङमार्ग, फ्लाईओभर, अन्डरपास आदिको पनि चर्चा छ । यो जाम हटाउन कम्तीमा १५ अर्ब रुपैयाँ लाग्ने परियोजनाको प्रचार भइरहेको छ । तर विज्ञहरू भन्छन्, मनहरा पुलमुनिबाट 'यु टर्न' बनाउने र चुस्त ट्राफिक व्यवस्थापन गर्ने हो भने १० करोड रुपैयाँ मात्रै खर्चेर अर्को पाँच वर्ष यो चोकबाट जामरहित आवागमन गराउन सकिन्छ । उपत्यकाका अरू दुई दर्जन पुलमुनिबाट दायाँबाट बायाँ लेन जान यस्तो 'यु टर्न' बनाउने हो भने पूर्वाधारमा कुनै ठूलो खर्च नगरी उपत्यकाको आवागमनलाई केही वर्ष अत्यन्तै सहज बनाउन सकिन्छ ।

नेपालमा यस्तो मितव्ययी इन्जिनियरिङ र विकासले प्राथमिकता पाएको छैन । खासगरी चौबाटोमा पालो दिनका लागि हुने जाम बाटो फराकिलो पारेर मात्रै हट्दैन भन्ने सामान्य ज्ञान हाम्रा योजनाविद् र इन्जिनियरलाई नभएको होइन । भएको के हो भने, इन्जिनियर र ठेकेदारको प्रत्यक्ष स्वार्थ नयाँ पूर्वाधार थप्नु र जति थपे पनि समस्या ज्यूँका त्यूँ रहनुमा मात्रै छ । त्यसको लाभ निर्णयकर्तासम्म वितरित हुन्छ ।

त्यसैले पुलमुनिबाट सस्तोमा 'यु टर्न' बनाउनुको बदलामा नयाँ पुलहरू धमाधम बन्दै छन्, जसले चौबाटोको ट्राफिक लाइटमा पालो पर्खंदा हुने जाम घटाउन सघाउँदैनन् । सबभन्दा भयावह पक्ष, यस्तो फल्टी इन्जिनियरिङमार्फत मुलुकको दोहन गर्न अभ्यस्त एउटा दलाल वर्ग नै निर्णयमा हाबी हुन थालेको छ, जुन जनधनको निरन्तर क्षतिप्रति कत्ति पनि संवेदनशील छैन ।

विकास विज्ञानसम्मत हुनुपर्छ भन्ने सचेतना शून्यताको बिमारी सार्वजनिक मात्रै होइन, निजी विकास र निर्माणको अभ्यासमा पनि उत्तिकै व्यापक रूपले फैलिसकेको छ । आकाशबाट काठमाडौं र अरू विकसित भनिएका सहर वाक्कैलाग्दा कुरूप देखिन्छन् । कुनै योजनाबद्ध सहरीकरणबिनै फैलिएका बस्तीले अन्य देशका सुकुम्बासी बस्तीको झल्को दिन्छन् । प्रत्येक नेपालीलाई खानेपानी, बिजुली, सडक, ढल होस्-नहोस्, सहरमा अवैध भए पनि एउटा घर चाहिएको छ । त्यसको रूप, रङ, आकार, मोहडा आदिको कुनै मापदण्ड छैन । नक्सा बनाउने इन्जिनियर र जग्गा प्लटिङ गर्नेहरूका लागि कुनै आचारसंहिता छैन ।

गाउँमा सडक पुग्नुपरेको छ । कतैकतै खानेपानी, विद्यालय र स्वास्थ्य चौकीको पनि माग होला तर तिनको डिजाइन र नक्सांकनमा इन्जिनियर चाहिँदैन । डोजर ड्राइभर र गाउँको मुखिया त्यसका अन्तिम निर्णयकर्ता हुन् । दुर्घटनामा मानिस मरेपछि हजारौंको संख्यामा शोक मनाउन जम्मा हुने गाउँले पूर्वाधारको इन्जिनियरिङ उपयुक्ततामाथि प्रश्न उठाउन जान्दैनन् । जसरी पनि सहरमा घर चाहिएको शिक्षित भनिन रुचाउने सभ्य 'नागरिक' यही फल्टी इन्जिनियरिङको स्वार्थको प्रत्यक्ष वा अप्रत्यक्ष हिस्सेदार छ । त्यसैले ऊ जानेर पनि प्रश्न उठाउँदैन । ने

ट्वीटर : @DrAchyutWagle

फल्टी इन्जिनियरिङमार्फत मुलुकको दोहन गर्न अभ्यस्त एउटा दलाल वर्ग नै निर्णयमा हाबी हुन थालेको छ, जुन जनधनको निरन्तर क्षतिप्रति कत्ति पनि संवेदनशील छैन ।

खोकना, ललितपुरमा किसान

मनसुनले डोऱ्याएको कृषि

आकाशे वर्षा हाम्रो कृषि प्रणालीको आधार हो, जसको वरिपरि कृषितन्त्र घुम्छ

यम बम

यस वर्ष नेपाली आकाशमा औसतभन्दा १० दिन ढिला गरेर मनसुन प्रवेश गऱ्यो, ५ असारमा। बाफ बोकेको जलवाष्पयुक्त हावा ताप्लेजुङ बिन्दुबाट प्रवेश गरेकामा मुलुकभर विस्तार भएर सक्रिय हुन बढीमा १० दिन लाग्नेछ। र, सक्रियता बढेसँगै मुलुकभर भारी वर्षा गराउनेछ।

नेपाली आकाशमा औसतमा जुन १० अर्थात् जेठ अन्तिम साता मनसुन भित्रिनुपर्ने हो। तर वर्षायामका १ सय ५ दिन कायम रहनुपर्ने यो प्रणाली पछिल्ला वर्षमा ढिलो गरी प्रवेश गरेको छ। र, बढीमा २३ दिन ढिलै टुंगिन्छ। ०७५ मा भने मनसुन १० वर्षयता नै पहिलो पटक औसतभन्दा २ दिन अघि २५ जेठ (८ जुन) मा भित्रिएको थियो।

कृषि उत्पादनको वृद्धि दर र आर्थिक वृद्धि दरको आकलनमा मनसुनको आगमन एवं प्रभावको महत्त्वपूर्ण भूमिका रहन्छ। असार-साउनमा वर्षा कम भए धान, मकैलगायत बाली उत्पादन प्रभावित हुन्छ भने वर्षा अनुकूल रहे उत्पादन पनि बढ्छ। ०७५ मा मनसुनी वर्षा अनुकूल हुँदा धान उत्पादन ८.८९ प्रतिशत बढेर ५६ लाख १० हजार मेट्रिक टन पुग्यो। सोही वर्ष मकै उत्पादन ३.५ प्रतिशत वृद्धि भयो। ०७४ मा धान उत्पादन ५१ लाख ५१ हजार मेट्रिक टनमा खुम्चिएको थियो।

केन्द्रीय तथ्यांक विभागले १३ वैशाखमा सार्वजनिक गरेको राष्ट्रिय लेखा तथ्यांकअनुसार धानसहितका कृषि उत्पादन सप्रिँदा आर्थिक वृद्धि दरलाई सघाउ पुऱ्यायो, चालू आर्थिक वर्ष ०७५/०७६ मा प्रक्षेपित आर्थिक वृद्धिदर ६.८१ प्रतिशत कायम हुने देखिएको छ। धान, गहुँ, मकैलगायतका कृषिबालीको उत्पादन बढ्दा कृषि क्षेत्रको आर्थिक वृद्धि दर २.७२ प्रतिशतबाट बढेर ५.०३ प्रतिशतमा कायम छ। यद्यपि समग्र यो समूहको योगदान भने केही खुम्चिएर २६.५ प्रतिशत रह्यो।

मनसुन अवधिभर औसतमा ०७४ र ०७५ मा क्रमशः ९२ प्रतिशत (१ हजार ३ सय ९१ मिलिमिटर) र ९४ प्रतिशत (१ हजार ४ सय १०.८ मिलिमिटर) वर्षा भएको देखिन्छ। मनसुन समयावधिको ४ महिनामा कुल वार्षिक वर्षाको ८०.५ प्रतिशतसम्म पानी पर्छ।

तथ्यांकमा खासै अन्तर नदेखिए पनि ०७५ मा समयमै सुरु भएको मनसुन अन्त्यसम्म सक्रिय बन्यो, अनावृष्टि, अतिवृष्टि खासै भोग्नुपरेन। तर ०७४ मा औसतभन्दा २ दिन ढिलो मनसुन भित्रिए पनि सुरुआतीमा निस्क्रिय रह्यो भने साउन अन्तिम साता (१०-१५ अगस्त) मा

तराईमा ठूलो बाढीले जनधनको क्षति गर्‍यो, धानबाली नष्ट पार्‍यो ।

बर्खे झरीले कृषिसँग सीधा सम्बन्ध राख्छ । किसानका लागि वर्षाको पानी मूल्यवान हुन्छ किनकि कृषिका लागि कम्तीमा ६५ प्रतिशत पानी वर्षाबाट प्राप्त हुन्छ । ०७५/०७६ को आर्थिक सर्वेक्षणअनुसार कुल कृषियोग्य २६ लाख ४१ हजार हेक्टर जमिनमध्ये ८० प्रतिशतमा धान खेती हुन्छ, जबकि १४ लाख ७५ हजार हेक्टरमा मात्र सिँचाइ उपलब्ध छ । आर्थिक सर्वेक्षणमा भनिएको छ, 'स्रोतमा पानीको उपलब्धताको कमी, जल स्थानान्तरण तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजना कार्यान्वयनमा ढिलाइले सिञ्चित क्षेत्रफलको ३३ प्रतिशत जमिनमा मात्र बाह्रै महिना सिँचाइ हुन्छ ।'

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदी भन्छन्, "बर्खाको सुरुआतीमा खडेरी र धान पाक्ने समयमा डुबान भयो भने उत्पादन घट्ने गरेको देखिन्छ ।" त्यसबाहेक रासायनिक मल अभाव, रोगव्याधिले पनि उत्पादनमा प्रत्यक्ष असर गर्छ ।

हालको स्थितिमा मनसुनी प्रभावको कमीबाट बच्न बहुआयामिक रणनीति बनाउन आवश्यक छ, जसबाट सुक्खा सामना गर्न र जलवायु अनुकूलन बालीको खोज गर्न सकियोस् । मन्त्रालयका प्रवक्ता सुवेदी खडेरी र डुबानबाट जोगिएर फल्ने धानबाली सिफारिस भए पनि पर्याप्त हुन नसकेको स्वीकार्छन् । त्यसमा पनि अर्को समस्या छ, एउटै ऋतुमा सुरुआतीमा खडेरी र पछि डुबानमा पर्दा धान उत्पादन घट्न जान्छ ।

विशेषत: तराईमा असार महिना धान रोपाइँका लागि उत्तम हुन्छ । कृषिविज्ञका भनाइमा ३ साताको बीउ रोप्दा उत्पादन बढ्छ । सोही कारण पनि १५ असारलाई धान दिवसको रूपमा मनाइन्छ । तर पछिल्ला वर्ष अपवादबाहेक धान दिवस खडेरीमै मनाउनुपर्ने बाध्यता छ । त्यसको सीधा प्रभाव ढिलो गरी मनसुन भित्रिनु र ढिलो नै निस्क्रिय बन्नु हो ।

जेठ अन्तिम साता छाउनुपर्ने मनसुन ढिलो गरी भित्रिन्छ नै, असोज पहिलो साता (२३ सेप्टेम्बर) सम्म निष्क्रिय भइसक्नुपर्नेमा त्यसको २ सातापछिसम्म रहने गरेको छ । ०७५ मा पनि अक्टोबर ५ (१९ असोज) सम्म मनसुन कायमै रह्यो भने ०७४ मा त ३० असोज (१६ अक्टुबर) सम्म । "यसले गर्दा चाहिने समयमा पानी नपर्ने, खडेरी हुने र धान काट्ने बेला पानी पर्ने देखिएको छ," जल तथा मौसम विज्ञान विभागका वरिष्ठ

११ वर्षको अवधिमा मनसुन प्रवेश र अन्त्य

● धान उत्पादन (मेट्रिक टन) ● मनसुन प्रवेश मिति ● मनसुन अन्त्य मिति



स्रोत : जल तथा मौसम विज्ञान विभाग/धान उत्पादन तथ्यांक कृषि तथा पशुपन्छी विकास मन्त्रालय

मनसुन कति कमजोर

१४ औँ दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) को ५-१० वैशाखमा काठमाडौँमा भएको भेलाले यस वर्ष नेपालको प्रदेश १, २, ३ र ५ को केही पश्चिमी भू-भागमा औसतभन्दा कम वर्षा हुने आकलन गरेको थियो । गण्डकी प्रदेश, कर्णाली र सुदूरपश्चिममा औसत वर्षा हुने अनुमान गरिएको छ ।

अस्ट्रेलियाली मौसम विज्ञान विभागले यस वर्ष दक्षिण एसियाली मुलुकमा 'एलिनो' को प्रभाव पर्ने आकलन गरेको थियो । 'एलिनो' ले भू-मध्य रेखास्थित प्रशान्त महासागरको पूर्वी क्षेत्रको पानी औसतभन्दा बढी तात्ने प्रक्रियालाई जनाउँछ, जुन गत डिसेम्बरमा देखिएको थियो । तर हाल 'एलिनो' बिलाइसकेकाले त्यसको प्रभाव नपर्ने बताउँछिन्, मौसमविद् मानन्धर । भारतीय मौसम विज्ञान विभागले पनि 'एलिनो' को प्रभाव नपर्ने आकलन गरिसकेको छ । प्रशान्त महासागरमा तातो हावा र पानीले मनसुन प्रक्रियामा पार्ने प्रभाव नै 'एलिनो' हो । एलिनो तटस्थ हुँदाका बखत मनसुनमा औसत वर्षा हुन्छ ।

सामान्यत: सरदर वर्षा भन्नाले स्थान विशेषको लामो समयको (करिब ३० वर्ष) औसत वर्षालाई बुझिन्छ । सरदर वर्षाको ९ सय ५ देखि १ हजार १ सय ५ सम्म वर्षालाई सामान्य वर्षा मानिन्छ भने त्यसभन्दा कम र बढी वर्षा भए क्रमश: न्यून वा अधिक वर्षा भएको मानिन्छ ।

मौसमविद् प्रतिभा मानन्धर भन्छिन्, "मनसुनले किन ट्रेन्ड परिवर्तन गरिरहेको छ, यो खोजको विषय बनेको छ ।"

विभागको सन् १९७१ देखि २०१४ सम्मको तथ्यांक केलाउँदा नेपालमा वार्षिक -१.३३३ मिलिमिटरका दरले कम वर्षा भइरहेकामा मनसुनमा मात्र -०.०८१ मिलिमिटरका दरले घटिरहेको छ । तापक्रम वृद्धि दर भने वार्षिक न्यूनतम ०.००२ डिग्री सेल्सियस र अधिकतम ०.०५६ डिग्री सेल्सियस छ ।

पछिल्ला वर्षमा बर्खायाममा समेत झरी पर्ने क्रम घट्दै गएको छ । बरु केही घन्टा ठूलो पानी पर्ने र कैयौँ दिनसम्म खडेरी पर्ने गरेको छ । जस्तो, २७ असार ०७५ राती र दोस्रो दिन बिहान गरी १० घन्टे अवधिमा भक्तपुर क्षेत्रमा १ सय २९.६ मिलिमिटर वर्षा भयो । ०७४ मा पनि साउन अन्तिम साता अगस्त १२ र १३ मा २४ घन्टे अवधिमा हेटौंडा क्षेत्रमा ५ सय ३ मिलिमिटर वर्षा मापन गरिएको थियो ।

त्यति मात्र होइन, मनसुनका सुरुआती २ महिनामा कम पानी पर्ने र त्यसपछि बढी पर्ने गरेको छ । ०७४ जुन-जुलाईमा क्रमश: २ सय ४.६ मिलिमिटर र ४ सय ६४.५ मिलिमिटर वर्षा भएकामा अगस्तमा ५ सय १३.२ र सेप्टेम्बरमा २ सय मिलिमिटरभन्दा बढी वर्षा मापन भएको थियो । ०७५ मा भने तुलनात्मक रूपमा राम्रो वर्षा भएको देखिन्छ । त्यो वर्ष जुन-जुलाईमा क्रमश: २ सय ३५.५ मिलिमिटर र ४ सय ७१.४ मिलिमिटर वर्षा भएकामा अगस्तमा ४ सय ६६.३ मिलिमिटर वर्षा मापन भएको छ । नै

महिलाका भिन्न-भिन्न प्राथमिकता

'मूलधार' र 'सीमान्तकृत' को बीचमा 'हामी' र 'उनीहरू' को बोध हुने अवस्था रहे पनि अलग-अलग रही एक्लै हिँडिरहनुले आन्दोलनको प्रभावकारिता टिकाउने सामर्थ्य राख्दैन ।

[बहस]

कैलाश राई

कुनै पनि संरचनाभित्र विविधतासहितको समानता र समतामूलक दावीहरू विवाद र (अ)सहमतिबाट मुक्त हुँदैनन् । यद्यपि भिन्नतायुक्त नेतृत्व र आन्दोलनले बोक्ने विचारले स्वअस्तित्व र सहअस्तित्वको अवधारणा पछ्याउँछन् । आन्दोलनको निरन्तरताको प्रक्रियालाई आकार दिने काममा त्यसले भूमिका खेल्छ । महिला आन्दोलनको हकमा पनि यो लागू हुन्छ ।

विश्व इतिहासले बताउँछ- लैंगिकता र त्यससँग जोडिएका विषय कहिल्यै सहज रहेनन् । नेपालमा पनि लैंगिकताको विषय आफैँमा सहज थिएन र छैन । विविधताको अनेक अन्तरसम्बन्धित आयामसहितको लैंगिकता नेपाली समाजको वास्तविकता हो । त्यसैले पनि असहजपनको स्तर वृद्धि हुनु स्वाभाविक हो । महिला आन्दोलनमा लैंगिकता, पहिचान र समावेशिता बहसको केन्द्र बनेको छ, साथै आलोचित र विवादास्पद पनि । महिला आन्दोलनको असहमति यही विवादास्पद भाष्यकै सेरोफेरोमा घुमेको छ ।

विभाजनले महिला आन्दोलन अधोगति नलागोस् भन्ने चिन्ता र आवश्यकताको कुरा हो । विभाजनले 'मूलधार' र 'अरू' तथा 'हामी' र 'मूलधार' को वर्गीकरणको रेखा गाढा बनाएको छ । सकारात्मक कोणले हेर्दा आन्दोलनको विभाजन सधैं नराम्रै हुन्छ भन्ने छैन । आन्दोलनभित्र विभाजन, असमर्थन र असहमति मात्रै पनि छैन । फरक-फरक सामाजिक समूहका महिलामा अन्तरनिहित भिन्नभिन्न सवाल र समस्याको कारण विविध आन्दोलन जन्मेका हुन् । यो महिला आन्दोलन र अभियानभित्रको एक स्वीकार्य तथ्य हो । त्यसकारण आन्दोलन र त्यसले उठाउँदै आएका सवालमा सहमति र असहमतिको स्वीकार्यता र सहजताको आ-आफ्नै स्वरूप र स्तर छन्, जुन आपसी सवाल र आन्दोलनप्रतिको बुझाइ, सवालको अपनत्वको प्रक्रियामा पनि प्रतिविम्बित छ ।

पहिले कुरा गरौं, साझा सवाल र सहमतिको । समग्रतामा लैंगिक सवालजति सबैका साझा हुन् । कुनै न कुनै रूपमा हरेक क्षेत्रमा महिला पछाडि पारिइएका छन् । यो अवस्था सुध्रिनैपर्छ । त्यसलाई महिलाकै पहल र नेतृत्वमा सुधार्न सम्भव छ भन्ने विश्वासमा सहमति जुट्ने गर्छ, बढी लैंगिकमैत्री संवैधानिक, कानुनी तथा सामाजिक-सांस्कृतिक संरचना निर्माणमा । राज्यमा समान नागरिकको हैसियत प्राप्ति, शिक्षामा समान पहुँच तथा उच्च शिक्षा हासिलमा वृद्धि । मातृ तथा शिशु स्वास्थ्यमा सुधार । लैंगिक, जातजातीय, वर्गीय, क्षेत्रीय तथा यौनिक हिंसा, दुर्व्यवहार र शोषण अन्त्य । रोजगारी, जग्गा, सम्पत्ति, लघु कर्जालगायत आर्थिक स्रोतको पहुँचमा वृद्धि । सार्वजनिक क्षेत्रमा महिला सहभागितामा उल्लेखनीय सुधार । यस्ता थुप्रै सवालको मूलप्रवाहीकरण गरिनुपर्नेतर्फ साझा आवाज उठिरहेको छ ।

महिलाले राज्यसँग अपेक्षा जाहेर र अधिकार माग गर्दै आएका छन् । एक्लाएक्लै उठाइने आवाजको भरमा ती अपेक्षा पूर्ति र अधिकार प्राप्ति हुन सक्दैनन् । राज्यलाई सुनाउन र तिनको उचित सम्बोधनका लागि विविध महिला र 'मूलधार' कुनै न कुनै रूपमा कुनै न कुनै माध्यमबाट जोडिनु आवश्यक छ । 'मूलधार' र 'सीमान्तकृत' को बीचमा 'हामी' र 'उनीहरू' को बोध हुने अवस्था रहे पनि अलग-अलग रही एक्लै हिँडिरहनुले आन्दोलनको प्रभावकारिता टिकाउने सामर्थ्य राख्दैन । त्यसैले सबै खालका सवाल र सरोकारको मूलप्रवाहीकरण हुनुपर्छ भन्नेमा अधिकारकर्मीहरू सहमत देखिन्छन् । तर त्यसको अर्थ फेरि पनि मूलधारलाई एक शक्तिकेन्द्र बनाइराख्ने वा त्यसमै केन्द्रीकृत शक्ति र स्रोत निहित राख्ने भन्नेमा सहमति भने होइन ।

विविध महिला आन्दोलनको दुई दशकको संघर्षपछि मूलतः पाँच सवाल प्राथमिकतामा छन् । एक, राज्यको हरेक संयन्त्रदेखि सार्वजनिक वृत्तमा जनसंख्याको आधारमा समावेशी तथा पूर्ण समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता । दुई, नेपालको महिला आन्दोलनको पितृसत्तात्मक संरचनाविरुद्धको विशुद्ध लिंगीय सवालको दायरा फराकिलो पार्दै विविधता र समावेशिता अपनाउनुपर्ने । तीन, राज्य संयन्त्र, राज्यको स्रोत-साधन, सेवा-सुविधा र सूचनामाथिको पहुँच र समान उपभोगको अधिकार सुनिश्चितता । चार, राज्य वा कुनै पनि निकायको सर्वेक्षण तथा तथ्यांक संकलनमा सामाजिक समावेशितासहितको लैंगिक

पाक्षिक बहस : महिला आन्दोलन

- महिला आन्दोलनको असन्तुष्टि
- आन्दोलनको रूपान्तरण र पुस्तान्तरण
- (अ)सहमति : 'मूलधार' र 'अरू' महिलाका
- संरचना बदल्ने महिला पहल

> मूलधारे महिला आन्दोलनको प्राथमिकतामा पितृसत्ता र हिन्दु दर्शनमा आधारित लैंगिक विभेद, राज्यको स्रोत-साधनमा समान लैंगिक पहुँच पर्दै आएका छन् । सीमान्तकृत महिला भने आरक्षणभित्रको आरक्षण, त्यसमाथि पनि सक्षमता र योग्यता बढाउनुपर्ने अवस्थामा छन् ।

खण्डीकृत तथ्यांक निर्माण एवं विश्लेषणको पद्धति अपनाउनुपर्ने । पाँच, विभिन्न सामाजिक समूह, सामुदायिक एवं भौगोलिक/क्षेत्रीय पृष्ठभूमिबाट उठेका आन्दोलन लिंगीय सवाल र प्रतिनिधित्वमा संवेदनशील र उत्तरदायी हुनुपर्ने ।

यो सन्दर्भमा सबै महिलासँग 'हामी सहमतिमा छौँ' भन्ने ठाउँ छ । महिला आन्दोलनबीच सतही सहमति र नैतिक समर्थन आदानप्रदान भइरहेको पनि छ । तैपनि समुदाय वा समूहको 'सोसल लोकेसन' र 'पोजिसनिङ' ले वास्तविकताप्रतिको दृष्टिकोण निर्धारण गर्छ । सोहीअनुरूप वास्तविकताको परिभाषा र व्याख्या गर्छ । नतिजा, विविध महिलाको सन्दर्भमा यी सवालको व्याख्या, विश्लेषण र बुझाइमा धेरै भिन्नता उब्जिन्छन् । सवालगत प्राथमिकतामा मतभेद पैदा हुन्छ ।

कुरा गरौँ, भिन्न प्राथमिकता र असहमतिको । सान्दर्भिक उदाहरणको रूपमा महिला आन्दोलनको प्राथमिकतामा रहेको आपसी फरकपनलाई लिऔँ । 'मूलधार' को प्राथमिकतामा- पितृसत्ता र हिन्दु दर्शनमा आधारित लैंगिक विभेद, लैंगिक समानता र मूलप्रवाहीकरण, लिंगीय समान सहभागिता र प्रतिनिधित्व, राज्यको स्रोत-साधन, सेवा-सुविधा र सूचनामा लैंगिक रूपमा समान पहुँच, उपभोग र नियन्त्रण आदि सवाल पर्दै आएका छन् । सहभागिता र प्रतिनिधित्वको सन्दर्भमा आरक्षण प्रणालीमा सहमत भए पनि 'मूलधार' ले सक्षमता र योग्यताको परीक्षणमा जोड दिने धेरथोर हैसियत राख्छ । सीमान्तकृत महिला भने आरक्षणभित्रको आरक्षण, त्यसमाथि पनि सक्षमता र योग्यता बढाउनुपर्ने अवस्थामा छन् ।

दलित महिलाको प्राथमिकताको सूचीमा- पितृसत्ता र हिन्दु वर्णाश्रमअनुरूपको जातीय-लैंगिकतामा आधारित बहुतहगत शोषण-हिंसा-विभेद र जात व्यवस्थाको अन्त्य, नश्लीय-जातीय छुवाछूतको अन्त्य, सम्मानपूर्वक व्यक्तिगत एवं सामाजिक जीवन बाँच्न पाउनुपर्ने, जातीय-लिंगीय-राजनीतिक-आर्थिक समानता र समतामूलक मूलप्रवाहीकरण, शरीर-यौनिकता र श्रममाथिको स्वअधिकार र स्वनियन्त्रण, जातीय-लिंगीय प्रतिनिधित्व र सहभागिता, राज्यको स्रोत-साधन, सेवा-सुविधा र सूचनामा लैंगिक-जातीय समान पहुँच र उपभोग आदि पर्छन् ।

मधेसी महिलाका प्राथमिक सवालमा- पितृसत्ता र क्षेत्रीय आधारमा हुने लैंगिक विभेद र महेन्द्रीय राष्ट्रवादअनुरूपको 'नेपाली' महिलाको राष्ट्रिय पहिचानको विभेद अर्थात् नेपाली भर्सेस मधेसी महिला पहिचानको विभेद, लैंगिक-सामाजिक-भाषिक-राजनीतिक मूलप्रवाहीकरण, समानुपातिक लैंगिक प्रतिनिधित्व र सहभागिता, राज्यको स्रोत-साधन, सेवा-सुविधा र सूचनामा लैंगिक-क्षेत्रीय-भौगोलिक समान पहुँच र उपभोग आदि छन् ।

त्यस्तै, आदिवासी-जनजाति महिलाका प्राथमिकतामा- जातीय मौलिक पहिचान र प्रतिनिधित्व, विश्वव्यापी मान्यतामा आधारित सामूहिक अधिकार, लैंगिक-जातीय-सांस्कृतिक-भाषिक-राजनीतिक मूलप्रवाहीकरण, मौलिक तथा प्रथाजनित कानुनी अधिकार, आदिवासीय दर्शनमा आधारित जीवनचर्या, पुर्ख्यौली थातथलो, सम्पदा र प्राकृतिक स्रोत-साधनमाथिको पहुँच, उपभोग र नियन्त्रण आदि परेका छन् । यी महिला आन्दोलनभित्रको फरकपनको प्रतिनिधि उदाहरण हुन् ।

सवालगत फरक प्राथमिकीकरणले तिनको सम्बोधनको प्रक्रिया र समाधानको उपायमा पनि उत्तिकै विविधताको माग गर्छ । महिलाको विविध पहिचान र सवालको जडको खोजी गर्दै जाँदा कतिपय सन्दर्भमा एकअर्काप्रतिको आधारभूत तहको बुझाइ नै सच्याउनुपर्ने अवस्था छ । दलित महिला र 'मूलधार' सहित 'अरू' महिलाबीचको असहमति मानवीयता, अस्तित्वको अधिकार र बहुतहगत शोषित, दमित र विभेदित अवस्थाको जडमा झाँगिएको छ । एक संवाद कार्यक्रममा कमला हेमचुरीले भनेकी थिइन्, 'गैरदलित महिलाका मनोविज्ञानले दलित महिला अस्तित्व नै स्वीकार्दैन । हिन्दु वर्णाश्रमको आधारमा पर्खाल निर्माण गरी हिन्दु महिलाको पहिचानबाट बाहेक गरेर दलित महिलामाथि गरिँदै आइएको शोषण जारी छ ।' यो सहअस्तित्व र शोषणको जडमाथिकै असहमति हो । यस्तो असहमतिले एकअर्काको बुझाइमाथि प्रश्न गर्न झकझक्याउनुको साटो संवादको बाटो छेक्ने सम्भावना बढी ल्याउँछ । यस्तोमा फरक वर्ग र फरक सामाजिक समूहका महिला किन भिन्नभिन्न कुरा गर्छन्, तिनको भिन्न प्राथमिकता किन छ भन्ने सूक्ष्म रूपमा बुझ्नु जरुरी छ ।

सकारात्मक पक्ष- विभिन्न सरकारी, गैरसरकारी र राजनीतिक क्षेत्रका महिला आन्दोलनलाई बलियो बनाउने प्रयत्नमा समावेशिता र प्रतिनिधित्वको अभ्यास गर्ने/गराउने प्रयत्नमा जुटिरहेका छन् । उनीहरूको ध्याउन्न नयाँ पुस्ताका नारीवादी अभियन्ता, कार्यकर्ता र अनुसन्धानकर्ता तयार पारी आन्दोलनलाई समग्रतामा अघि बढाउनु रहेको छ । नारीवादी संघर्षका क्रममा हुने मतमतान्तर र असहमतिले लैंगिक छलफलको स्तर बढाउन र लैंगिक ज्ञानको वृद्धि गर्न ठूलो भूमिका खेल्दै आएको छ । प्रायः भिन्न दृष्टिकोणका कारण धेरै असहमति हुने गर्छन् । तिनले फरक वास्तविकताको सिर्जना गर्छ । 'मूलधारे' महिला आन्दोलनले फरक-फरक वास्तविकता र असहमतिको संयोजन गर्दै अघि बढ्न सके त्यसको नकारात्मक प्रभाव घट्नेछ । ने

राई लैंगिक एवं सामाजिक न्यायमा रुचि राख्ने समाज विज्ञान अध्येता हुन् ।

रोयल्टीमा राइँदाइँ

संगीत रोयल्टी संकलन समाजभित्रै चरम आर्थिक अराजकता

राजकुमार बानियाँ

नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयले संगीत रोयल्टी संकलन समाजलाई ३० जेठमा ६ बुँदे निर्देशन लेखिपठायो । त्यसको सारांश छ- जथाभावी पेस्की नबाँड्नु, रोयल्टी रकम दुरुपयोग नगर्नु, फजुल खर्च हुन नदिनु, कुनै पनि कैफियत नदेखिने गरी अविलम्ब सुधार प्रक्रिया अघि बढाउनु र आर्थिक अपचलनमा दोषी देखिए कानुनबमोजिम कारबाही गर्नु ।

संगीत विधाका रचयिता तथा प्रकाशकलाई प्रदत्त अधिकारको संरक्षण तथा कार्यान्वयन गर्न १२ वर्षपहिले गठित रोयल्टी संकलन समाजलाई नै यस्तो निर्देशन दिनुपर्ने अवस्था आउनु आफैँमा विडम्बना हो। समाजभित्रको आर्थिक अनियमितताका फेहरिस्त सार्वजनिक हुन थालेपछि संगीत सर्जक दुई कित्तामा बाँडिएका छन्, कृतिस्व (रोयल्टी) पारदर्शी गर्नुपर्छ भन्ने र विवाद गर्दा नकारात्मक रोयल्टीमा प्रभाव पार्छ भन्ने ।

चार महिनापहिले अर्थात् २५ माघ ०७५ मा समाजको ११ औँ वार्षिक साधारणसभामै विवादको बीजारोपण भएको थियो। लेखापरीक्षक डोलप्रसाद दाहालको प्रतिवेदन बेपत्ता बनाएर महासचिव लोकराज अधिकारीले एकपाने सामान्य विवरण बाँडेपछि लाखौँ रोयल्टी हिनामिना भएको भन्दै सर्जकहरू विरोधमा उत्रिए ।

त्यसको तीन महिनापछि सर्जकहरूको मागअनुसार विशेष साधारणसभा भयो, प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालय कमलादीमा। ५ वैशाखको त्यो सभामा पनि महालेखा परीक्षकको कार्यालयबाट तोकिएकी चार्टर्ड एकाउन्टेन्ट शिखा बाग्लाको आर्थिक प्रतिवेदन गुपचुप नै राखियो। कार्यालयको छाप, नाम र हस्ताक्षर नभएको चिर्कटो बाँडियो। झन्डै पाँच सय संगीत स्रष्टाले त्यसलाई मानेनन्। अन्ततः विवाद निरुपणका लागि नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयलाई नै गुहारियो। दाहाल र बाग्ला प्रतिवेदन अध्ययन र छानबिनपछि रजिस्ट्रार प्रकाश आचार्यले ६ बुँदे लिखित निर्देशन पठाए ।

प्रतिलिपि अधिकार ऐन, ०५९ को दफा ३९ अनुसार नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा दर्ता भएको गैरसरकारी निकाय हो, संगीत रोयल्टी संकलन समाज। देश एवं विदेशका विभिन्न स्थानमा सार्वजनिक एवं व्यापारिक रूपमा प्रयोग हुने नेपाली गीत-संगीतबापत रोयल्टी उठाई सम्बन्धित स्रष्टालाई वितरणका लागि स्रष्टा मिलेर खोलिएको गैरसरकारी एवं गैरनाफामूलक संस्था । स्रष्टाहरूलाई संस्थामा आबद्ध गराउने, सिर्जना प्रसारणको अनुमति दिने, रोयल्टीको दर निर्धारण, संकलन एवं वितरण यसको मुख्य कार्यक्षेत्र हो ।

संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज तथा संगीत उत्पादक समाजले रेडियो, टेलिभिजन, विभिन्न सार्वजनिक यातायात, होटल,

रेस्टुराँ, पार्टी प्यालेस, सभाहल, पिकनिक स्पट, मेला, महोत्सव, फुटबल तथा क्रिकेट मैदानलगायतलाई रोयल्टी संकलनका ३९ क्षेत्रमा सूचीकृत गरेका छन् । यातायात व्यवस्था विभागको यातायात व्यवस्थापन कार्यविधिमा सार्वजनिक सवारी साधनका धनीहरूले रोयल्टी तिरेर अनुमतिपत्र लिन तथा नवीकरण गर्न थालेपछि १९ चैत ०७४ मा यसले औपचारिकता पाएको थियो ।

खासमा स्रष्टा, सर्जक वा गीतसंगीतमा प्रत्यक्ष रूपमा संलग्न पक्षले सार्वजनिक रूपमा उक्त गीतसंगीत प्रयोग भएबापत पाउने आर्थिक अधिकार हो, रोयल्टी । तर संकलित रोयल्टी वितरणको न वैज्ञानिक मापदण्ड बनेको छ, न त रचयिता वा गीतसंगीत विधाका धनीले पाउने रोयल्टी निर्धारण । बरु समाजभित्रै उठेको रोयल्टीमै छिनाझप्टी चर्किएपछि नर्वेजियन कपीराइट डेभलपमेन्ट एसोसिएसन (नरकोड) ले सहायता घटाउँदै लगेको छ भने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले धम्काइसके, 'सार्वजनिक यातायातमा गीत बजाएबापत कलाकारको देशभर सित्तैंमा विज्ञापन भएको छ । अब त कलाकारले नै व्यवसायीलाई रकम दिनुपर्छ ।'

आयभन्दा व्यय ज्यादा

संगीत रोयल्टी संकलन समाजको विधानको परिच्छेद ८ (३३) मा रचनाको प्रयोगबापत प्राप्त रकम तोकिएअनुसार व्यवस्थापन खर्च कटाई स्वीकृत योजनाअनुसार सदस्य तथा सम्बन्धित संस्थाहरूलाई वितरण गरिने उल्लेख छ । विधानमा त्यस्तो व्यवस्थापन खर्च संकलित रोयल्टीको २५ प्रतिशतभन्दा बढी हुने छैन भनी लेखिए पनि समाजले ७५ प्रतिशतसम्म खर्चेको दाहाल प्रतिवेदनले औंल्याएको छ ।

"रोयल्टी सरकारी च्यानलबाटै उठाउन पाएको भए बढी पनि उठ्थ्यो, हिनामिना पनि हुन पाउँदैनथ्यो," समाजका पूर्वअध्यक्ष राजेन्द्र थापा थकथकाउँछन्, "सरकारले उठाइदिन्छु भन्दाभन्दै पनि सुरेश अधिकारी र महेश खड्का आफैं तम्सिए । वार्षिक बजेटमा शीर्षक छुट्याएर २५ प्रतिशत खर्चनुपर्नेमा १ सय १० प्रतिशतसम्म उडाए ।" विधानमा तोकिएको सीमाभन्दा बढी खर्च हुनुको मुख्य कारण समाजले वार्षिक बजेटको व्यवस्था नगर्नुलाई औंल्याइएको छ, बाग्ला प्रतिवेदनमा ।

दुवै लेखापरीक्षण प्रतिवेदन हेर्दा समाजको संस्थागत सुशासन चिन्ताजनक अवस्थामा छ । दाहाल प्रतिवेदनअनुसार रोयल्टी संकलन र वितरणलाई व्यवस्थित गर्न सञ्चालक समिति तथा कर्मचारीबीच कार्ययोजनासहितको कामको बाँडफाँट नै भएको छैन । ११ मंसिर ०७५ सम्म स्रष्टालाई बाँड्नुपर्ने रोयल्टी १ करोड ६८ लाख २९ हजार ३ सय ९३ रुपैयाँ देखिन्छ भने बैंक मौज्दात ९६ लाख २१ हजार ७ सय ३३ मात्रै । "७२ लाख ७ हजार ६ सय ६० केमा खर्च भयो ?" समाजका पूर्वकोषाध्यक्ष लक्ष्मण शेष प्रश्न गर्छन्, "केही साथीहरूका कारण स्रष्टाको घरघरमा पुऱ्याउनुपर्ने थोपाथोपा रोयल्टी रकम संकटमा परेको छ ।"

२५ प्रतिशत खर्च कार्यालय सञ्चालनका लागि काटेर बाँकी ७५ प्रतिशत रकम छुट्टै खातामा जम्मा नगरेकाले समस्या आएको समाजका संस्थापक यादव खरेलको तर्क छ । दाहाल प्रतिवेदनमा १६ पुस ०७५ सम्म संस्थाको आम्दानी ४६ लाख १८ हजार ४ सय २३ रुपैयाँ र खर्च ८२ लाख २४ हजार ३३ रुपैयाँ देखाएको छ । त्यसअनुसार आम्दानीभन्दा खर्च २७ लाख ४४ हजार ७ सय २२ रुपैयाँ बढी देखिन्छ ।

प्रतिवेदनअनुसार समाजले विभिन्न क्षेत्रको पहिचान गरी रोयल्टी संकलन गर्ने दर निर्धारण गरे पनि समाज वा व्यक्तिको सूची बनाएर रोयल्टी संकलन गरेको छैन । प्रत्येक आर्थिक वर्षमा प्राप्त गर्न बाँकी रोयल्टी रकमको लेखांकन छैन । कुन स्रष्टालाई कति रकम वितरण गर्ने भन्ने विवरण पनि छैन ।

विभिन्न यातायात कार्यालयबाट रोयल्टी संकलन गरिए पनि संकलन मिति र बैंकमा दाखिला गरेका मितिमा समेत भिन्नता देखिएको प्रतिवेदनमा छ । बैंक दाखिला भौचर र रसिदसँग भिडाएर हेर्ने गरिएको पनि देखिएन । बिलबिजक र खर्च भौचर सदर पनि गरिएको छैन ।

संकलित रोयल्टी रकम प्रशासनिक खर्चमा प्रयोग हुँदा तिर्न बाँकी रोयल्टी क्रमशः वृद्धि हुँदै गइरहेको दाहाल प्रतिवेदनको निचोड छ । रजिस्ट्रार प्रकाश आचार्यले पनि विधानले तोकेको सीमाभित्र बसी खर्च गर्नुपर्ने, कुन-कुन पदाधिकारीको आदेशमा किन खर्च गरेको अर्को वार्षिक साधारणसभाबाट पारित गराउनुपर्ने, मनमाफिक खर्च गर्दा रोयल्टीमा नकारात्मक प्रभाव पार्नेमा सचेत गराएका छन् ।

बेनामे पेस्की

रोयल्टी संकलन समाजको चरम बेथिति पेस्कीमा देखिएको छ । आर्थिक प्रतिवेदनअनुसार समाजको २० लाख २८ हजार ६ सय ३० रुपैयाँ पेस्की अहिलेसम्म उठ्न सकेको देखिँदैन । यसमा

"केही साथीका कारण स्रष्टाको घरघरमा पुऱ्याउनुपर्ने थोपाथोपा रोयल्टी रकम संकटमा परेको छ ।"

– लक्ष्मण शेष
पूर्वकोषाध्यक्ष

कर्मचारीको १० लाख ४३ हजार ८ सय ५० र कार्यसमितिको ६ लाख ७० हजार ७ सय ८० रुपैयाँ फर्स्योट हुन बाँकी छ । यति मात्र होइन, ३ लाख १४ हजार रुपैयाँ बेनामी पेस्कीसमेत ज्यूँका त्यूँ छ ।

समाजको आर्थिक नियमावलीमा कार्यसमितिलाई पेस्की दिने प्रावधान छैन । तर लोकराज अधिकारी, सुरेशचन्द्र अधिकारी, महेशकुमार खड्कालगायतले ४ लाख ४८ हजार ३ सय ९० रुपैयाँ पेस्की लिएका छन् । समाजबाहेकका अन्य व्यक्तिलाई पेस्की दिइनु आर्थिक नियमावली, ०६५ विपरीत रहेको बाग्ला प्रतिवेदनले औंल्याएको छ ।

समाजको आर्थिक नियमावली, ०६५ को नियम ४.१ मा पेस्की रकम तीन महिनाभित्र फर्स्योट गर्नुपर्ने उल्लेख छ । तर समाजमा कर्मचारीलाई दिइएको पेस्की वर्षौंसम्म पनि फर्स्योट भएको देखिँदैन । बरु पहिले लिएको फर्स्योट नगरीकन दोस्रो पेस्की दिइएको छ । लेखापालले कार्यालयीय प्रयोजनका लागि पेस्की लिएको देखिनु आन्तरिक नियन्त्रण प्रणालीलाई दृष्टिगत गर्दा उपयुक्त नदेखिने बाग्लाको मत छ ।

यति मात्र होइन, समाजले 'रोयल्टी बाँडफाँट पेस्की लेखा' शीर्षकमा कार्यालयीय प्रयोजनका लागि भनेर रोयल्टी खर्चेको छ । उक्त शीर्षकमा ३० चैत ०७५ सम्म १ लाख ६५ हजार १ सय ७५ रुपैयाँ देखाइएको छ । रोचक के भने प्रमुख व्यवस्थापक अंकिता श्रेष्ठलाई राजीनामा गराएर नियुक्ति दिइएकी मीनाक्षी कोइराला अध्यक्ष महेश खड्काकी पत्नी हुन् । सुरेश अधिकारीको

कार्यकालमा गुपचुपमा पदपूर्तिको सूचना निकालेर मीनाक्षीलाई जागिर खुवाइएको आरोप छ। शेष प्रश्न गर्छन्, "रातारात भर्ना गरिएका अस्थायी कर्मचारीलाई पेस्की दिने अधिकार कसले दियो ?"

अझ रोचक त संगीत रोयल्टी संकलन समाजले पेस्की लिएका क-कसको बेरुजु भएको भन्नेसमेत नखुलाइकनै ०७५ पुस मसान्तभित्र फर्स्योट हुन बाँकी रकम असुलउपर गर्न कानुनी प्रक्रिया अघि बढाइने निर्णय लियो। समाजले संगीत उत्पादक समाज नेपालबाट ६ लाख ७८ हजार रुपैयाँ कार्यालयीय खर्चको रूपमा सापटी लिए पनि भौचरमा कुनै विवरण भेटिएन। प्रस्तोता समाज नेपालबाट ६ लाख २८ हजार रुपैयाँ सापटी लिइएको भनिए पनि त्यसको वैधानिकता नै यकिन छैन।

प्रतिलिपि अधिकार रजिस्ट्रार आचार्यले के-कति रकम कसको नाममा पेस्की बक्यौता छ भनी सात दिनभित्र उपलब्ध गराउन र म्याद नाघेका सबै रकम असुलउपर गरी शीघ्र कारबाही गर्न निर्देशन दिएका छन्। पत्रमा भनिएको छ, 'तोकिएको अधिकारीको लिखित आदेशमा मात्र अत्यावश्यक अवस्थामा बाहेक अरू बेला पेस्की नदिनू।'



भान्जा शाखा

समाजको बेथिति यति मात्र छैन, सार्वजनिक खरिद नियमावली, ०६४ अनुसार सार्वजनिक सूचना जारी गरी घरभाडा सम्झौता गर्नुपर्नेमा बिनाप्रतिस्पर्धा सोझै घरभाडा सम्झौता गरी रकम भुक्तान गरेको समेत प्रतिवेदनमा छ। शाखा कार्यालयमा नियमित अनुगमन नगरेको, कर्मचारीको हाजिरी विवरण अद्यावधिक नभएको र खर्चको एकमुष्ट विवरण मात्र राखेकोसमेत पाइएको छ।

समाजका पदाधिकारीले दुई दर्जन ठाउँमा ज्वाइँ, जेठान, साला, भान्जाभान्जी आदि नातागोतालाई जागिर खुवाउन बेलाबेलामा शाखा कार्यालय खोल्ने र बन्द गर्दै आएका छन्। यसले रोयल्टी संकलन क्षमतामा ह्रास आएको र अनावश्यक खर्च बढाएको दुवै प्रतिवेदनले बोलेका छन्। हेटौँडा, नेपालगन्ज, वीरगन्ज, धनगढी, डडेलधुराका शाखामा सुरुदेखि नै काम भएनन् भने महेन्द्रनगर, तुलसीपुरलगायत उपत्यकाका एकान्तकुना र ठाडो भ्याङ एक सातामै, सल्लाघारीमा दुई महिनामै बन्द भए। कुनै पूर्वतयारी र आधारबिना किन त्यसरी शाखा खोलियो ? समाजका पदाधिकारीसँग त्यसको चित्तबुझ्दो जवाफ छैन। जनचेतना कार्यक्रममा गरिएको खर्चको अनुपातमा रोयल्टी संकलन भएको देखिँदैन।

समाजका पदाधिकारी भने रोयल्टी विवाद लक्ष्मण शेषको चुनावी हत्कन्डा मात्र भएको दाबी गर्छन्। "हो, हाम्रो समाज संस्थाजस्तो छैन, घरजस्तो छ। कर्मचारी सबै इष्टमित्र, साला, जेठान, भान्जाभान्जी छन्, आर्थिक त्रुटि पनि देखिएकै हो," उपाध्यक्ष सुवास रेग्मी भन्छन्, "संस्था राम्रो हुनलाई स्रष्टा पनि राम्रा चाहिन्छन्। संस्थामा आफू छउन्जेल सबै राम्रो देख्ने, निस्केपछि सबै नराम्रो देख्ने ?"

रेग्मीले जे भने पनि रोयल्टी नै नउठ्ने, उठेको पनि यसरी अन्धाधुन्ध खर्च गर्दा समाजको विश्वसनीयतामाथि प्रश्नचिह्न लागेको छ। "समाजका पदाधिकारी रोयल्टी रोकिने हाउगुजी देखाएर अनियमितता ढाकछोपमा लागेका छन्," पूर्वअध्यक्ष थापा भन्छन्, "सात वर्ष सँगै काम गरेको लक्ष्मण निस्किएकाले नै यसको पटाक्षेप हुन सक्यो।"

अघिल्लो कार्यकालका अध्यक्ष सुरेश अधिकारीमाथि १० लाख रुपैयाँ पेस्की फर्स्योट नगरेको र १३ लाख रुपैयाँ नियमभन्दा बाहिर खर्च गरी स्थिर सामग्री भनी खर्च देखाएको आरोप छ। "सात लाख रुपैयाँको भात खाएको देखाइएको छ, सात वर्षदेखि एउटै अडिटर राखेर हिसाबकिताब निकालिएको छ," थापा थप्छन्, "सात वर्ष पहिले किनिएका सामानलाई स्थिर सामग्री भन्नेले बिल किन देखाउन नसकेको ? के गभर्नरले राष्ट्र बैंकको पैसा मनलाग्दी खर्च गर्न पाउँछ ?"

पूर्वअध्यक्ष सुरेश अधिकारी भने रोयल्टी संकलन गर्ने संस्था सिध्याउने हिसाबले राजनीति भइरहेको दाबी गर्छन्। "यसमा रोयल्टी अभियान सिध्याउन चाहनेको षड्यन्त्र छ," उनी भन्छन्, "यसले कसैलाई फाइदा गर्दैन। लडेर/फुटेर केही हुनेवाला छैन।" पूर्वकोषाध्यक्ष लक्ष्मण शेष पार्टी प्यालेसमा कार्यक्रम भए पनि हिसाबचाहिँ पाँचतारे होटलको भन्दा तेब्बर-चौबर आएको गुनासो गर्छन्। भन्छन्, "अघिल्लो कार्यसमितिमा म पनि थिएँ। दोषी देखिए मलाई पनि कारबाही गरे हुन्छ।"

रजिस्ट्रार आचार्यको निर्देशनमा पनि पदाधिकारीहरूले खर्चको बिलबिजक प्रमाणित नगरेको, आपूर्ति प्रक्रियामा यथेष्ट जानकारी, सूचना र आधार यकिन गर्न नसकेको आदि देखिएकाले आइन्दा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत र प्रमाणित गरेर, कुनै पनि कैफियत नदेखिने गरी अविलम्ब सुधार प्रक्रिया अघि बढाउन भनिएको छ।

रजिस्ट्रारको कार्यालयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समेत बोधार्थ दिएकाले निर्देशनको अक्षरशः पालना भए रोयल्टीमा पारदर्शिता, अनुशासन र जवाफदेहितासहित सकारात्मक परिणाम आउनेमा आशावादी छन्, शेष। भन्छन्, "स्रष्टाको आवाज सम्बोधन नभए सार्वजनिक लेखा समिति, सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग धाएर भए पनि रोयल्टी अभियान शुद्धीकरण गराएरै छाड्छौँ।" ने

रङ

टंक चौलागाई
निलम कार्की निहारिका

योगमाया वरिपरि

सुनिता लोहनी

४ असार, ०७६ । चिरिक्क जीउ नै चर्कनेजस्तो घाम छ । कहिलेकाहीं छोटो भ्रमण भिसामा आउँछ बादल । सडकमा सरकारकाविरूद्ध नाराबाजी चलिरहेछ, गुठी विधेयक ०७५ खारेजीका लागि । शिल्पी थिएटरको मञ्चमा कराउँदै छिन्, योगमाया

रवि मानन्धर

योगमाया नाटकको एक दृश्य

सामन्तवादविरूद्ध ।

विसं १९२४ मा भोजपुरमा जन्मेकी योगमाया नीलम कार्की निहारिका, ४५, को ऐतिहासिक उपन्यासको प्रमुख पात्र हुंदै अहिले शिल्पीमा आइपुगेकी छन् । निहारिकाले चलिरहेको गुठी आन्दोलनलाई कटाक्ष गर्दै भनिन्, "हेर्नुस्, समाज खासै परिवर्तन भएकै छैन । योगमायाको धेरै मागमध्ये 'भूदान गर' पनि एक हो । हिजो योगमाया कराइन्, आज सडकमा जनता कराइरहेका छन् ।"

०५१ मै *मौन जीवन*बाट उपन्यासमा पाइला टेकेकी निहारिकाको *नियतिको खेल, अर्की आइमाई, चीरहरण*जस्ता उपन्यास प्रकाशित भइसकेका छन् । त्यसैगरी *बेली, कागजमा दस्तखत, हवन* कथासंग्रह र *ब्रेन फिभर* कवितासंग्रह प्रकाशित भइसकेका छन् ।

योगमाया राणा शासनमा समाज सुधारक थिइन् । उनले भारतबाट फर्केपछि भोजपुरमा सामन्तवादविरूद्ध लड्न चेतना फैलाइन् । योगमायाले दासप्रथा उन्मूलन, मानापाथीको कारोबारमा बेइमान नगर्न र सती प्रथाविरूद्ध चेतना फैलाएकी थिइन् ।

मञ्चमा सेतो पहिरनमा साध्वीको भेषमा मिथिला शर्मा छिन् । आफ्ना अनुयायीलाई सामन्तीविरूद्ध लड्न हौस्याउँदै छिन् । उनी ६८ अनुयायीसहित अरूण नदीमा जल समाधि लिन्छिन् ।

*योगमाया*लाई नाट्य परिमार्जन तथा निर्देशन गरेका टंक चौलागाईं, ३७, थिएटरमा दर्शकको भीड देखेर प्रफुल्लित छन् । भन्छन्, "कसैले लेखिदिएको राम्रो किताबमा काम गर्न झनै मज्जा आउँदो रहेछ ।"

चौलागाईं स्वयं लेखक हुन् । उनका *जिरो कटेज, काठमाण्डु गीत* र *टालाटुली* उपन्यास प्रकाशित छन् । विद्यालयमा नाटक पढाउने चौलागाईंलाई लेखनभन्दा पनि निर्देशन प्रिय लाग्छ । ०७३ मै *माधवी* नाटक मञ्चन गरेर ख्याति कमाएका उनले *योगमाया*मा पात्रहरूको भीडै लगाएका छन् । कर्ली कपाल हल्लाउँदै उनी भन्छन्, "मलाई धेरै पात्रहरूसँग काम गर्न मन पर्छ । उपन्यासमै धेरै पात्र थिए ।" दोहोरो र तेहरो पात्र खेलेर कुल २८ कलाकारले चरित्र निर्वाह गरेका छन् ।

चौलागाईंलाई धेरै कलाकारसँग काम गर्न मज्जा आउँछ । तर व्यक्तिगत रूपमा यति धेरै कलाकारसँग काम गर्दा सबैको अभिनय क्षमता उत्कृष्ट निकाल्न गाह्रो हुन्छ, अभिनयको पाटो खड्केको उनी महसुस गर्छन् । "हामीले भरपूर कोसिस गरेका छौं," उनी थप्छन् ।

निहारिकालाई भने उपन्यासमा धेरै पात्र भएको मन पर्दैन । *चीरहरण* मा धेरै पात्रसहितको उपन्यास लेखे पनि महाभारतको कथासँग जोडिएकाले सजिलो भएको उनी तर्क गर्छिन् । "सत्य घटनामा आधारित, ती व्यक्तिका सन्तति अझै छन्," उनी थप्छिन्, "मैले अध्ययन-अनुसन्धान गरेर लेखेकी हुं । एकदम गाह्रो भएको थियो ।" लेखनको कुरा गर्दा *योगमाया*ले ब्लड प्रेसरको तनाव दिएर गएको निहारिका बताउँछिन् । बाटोमा हिंड्दा कतै योगमाया, कतै गंगा, कतै प्रेमनारायण भेटेको । चरित्रको धडधडीले उनलाई पछिसम्म पनि छाडेनछ ।

नाटक मञ्चनका क्रममा चौलागाईंले थुप्रै चुनौती खेपेका थिए । एक त अरूको चलेको सिर्जनामा काम गर्न र न्याय दिन गाह्रो हुन्छ । "लेखकलाई चित्त बुझाउनुपर्‍यो । उपन्यासका आफ्नै पाठक हुन्छन्, उनीहरूलाई पनि चित्त बुझाउनुपर्‍यो," चौलागाईं प्रस्ट्याउन खोज्छन् ।

नाटकको अर्को बाध्यता समयसीमामा बाँधिनुपर्छ । निहारिकाको मोटो उपन्यासलाई सुरुमा उनले ३ घन्टा हुंदै अन्ततः १ घन्टा ३० मिनेटमा झारे । जल-समाधि दृश्यलाई स्टेजमा उतार्ने क्रममा धेरै कठिन भएको उनी सम्झन्छन् ।

नदी देखाउन सेतो कपडा वा प्रोजेक्टरको सहायता लिने चलन भए पनि उनलाई त्यस्तो 'क्लिसे' लाग्छ । निर्देशक भन्छन्, "मैले सेतो कपडा पनि किनेको थिएँ ।" केही विकल्पै नभए प्रयोग गर्ने सोच उनले बनाएका थिए । अन्तमा उनले विम्बलाई रोजे । विम्बजति उचित न्याय पाठकका लागि अरू के होला ?

केही दर्शक जो ऐतिहासिक पात्रका आफन्त थिए, उनीहरू नाटकमा खेलाइने कलाकार स्वयं पात्र नै हुन् भन्ठान्थे । मैले मामा फटिकबहादुर, डम्बरबहादुरलाई देखेको छैन । उहाँहरू यस्तो हुनुहुन्छ र ? भन्नेसम्मका अन्तरसंवाद चौलागाईंसँग छन् । त्यसकारण उनी यसमा जोखिम पनि देख्छन् । तर हरेक कुराको गुणदोष भएजस्तै बलियो कथा भएकाले प्रस्तुतिमा मात्र ध्यान दिन सजिलो भएको उनी सुनाउँछन् ।

उसो त लेख्नु पनि सजिलो काम होइन । निहारिका उपन्यास लेख्दाको क्षण सम्झिंदै भन्छिन्, "कहिले एउटै वाक्यमा पनि एक घन्टा अड्किएकी

टंक चौलागाईं

> अन्यायको जाँतोमा पिसेर मर्नुभन्दा बरू यही ढुंगाले थिचेर मर्नु जाती । यति सानो सहयोग पनि माइतीले गर्न सकेनन् भने कुन भरोसाले बाँचोस् यो चेली ।

छ । त्यसकारण पनि मलाई पात्रहरूको असाध्यै माया लागेर आउँछ ।" रिहर्सलदेखि तीन पटक दर्शकसँगै नाटक हेरेकी निहारिकालाई चौलागाईंको निर्देशन चित्त बुझेको छ ।

नाटकमा योगमायालाई सती प्रथा उन्मूलनका पक्षमा उभिएको मात्र देखाइँदा चित्त नबुझेको उनी बताउँछिन् । "सती प्रथाविरूद्ध योगमायाले बोलेकी मात्र हुन् । तर दासप्रथा उन्मूलन गर्न उनले अभियानै चलाएकी थिइन् । चन्द्रशमशेरलाई पत्र नै पठाएकी थिइन्," निहारिका भन्छिन्, "भोजपुर पुग्दा कसैले सती प्रथाबारे योगमायालाई सुनाएको मात्र हो । उनी आफैंले देखेकी होइनन् । उनले महिलाका लागि मात्र नभएर समग्र समाजका लागि काम गरेकी हुन् । यो सन्देश मात्र नजाओस् भन्नेमा म चिन्तित छु ।"

रत्नबहादुर बस्नेत हत्कडी लगाएर विसं १९९५ मा जेलमै बितेको, टेकबहादुर बस्नेत जेल तोडेर भागेको । यिनलाई निहारिका बलियो पात्रको रूपमा हेर्छिन् । तर नाटकमा यिनीहरूले त्यति स्थान नपाएको उनको गुनासो छ ।

त्यसैगरी योगमायाले सात वर्ष छोरी नैनकलाको बिहे गरिदिन्छिन् । नाटककारले सुरुमा यो चरित्र राख्न नमानेको उनी सम्झिन्छिन् । निहारिका भन्छिन्, "उनीहरूले उमेर बढाएर राख्न चाहेका थिए । तर मैले मानिनँ ।"

इतिहासलाई तोड्न नहुने तर्क छ उनको । योगमायाको त्यो निर्णयलाई उपन्यासमै उतार्न पनि निकै कठिन भएको उनी सम्झिन्छिन् । पछि नाटकमा ठूलो उमेरकी केटीलाई सात वर्ष बालिकाको भूमिका दिइएको छ ।

दाहाल यज्ञनिधिबाट प्रेरणा पाएपछि निहारिकाले *योगमाया* लेखेकी हुन् । सांग्रिला बुक्सका मणि शर्माले नाटक बनाउने योजना सुनाएपछि निहारिकाले मिथिला शर्मालाई नै योगमायाको चरित्रका लागि उपयुक्त देखिन् । योगमाया करिब ६० वर्ष उमेरकी र रंगमञ्चमा काम गरेको अनुभव भएकाले मिथिला नै उपयुक्त लागेको थियो निहारिकालाई । त्यसपछि चौलागाईंले योगमायाको छविमा मिथिलालाई नै देखे । "मैले भरोसा हस्पिटलमा स्क्रिप्ट लिएर भेट्न जाँदा उहाँकी आमा बित्नुभएको थियो," उनी सम्झन्छन् ।

गोपीकृष्ण चरित्र चौलागाईंलाई खुबै मन पर्छ । उपन्यासमा खासै धेरै स्थान नभए पनि उनले गोपीकृष्णबाटै नाटक सुरू गरेका छन् । उनी आफैंले सुरुमा गोपीकृष्णको भूमिका गरेका थिए । तर पछि कामविशेषले युरोप जानुपर्ने भएपछि उनले उक्त चरित्र अरू कसैलाई दिए । गोपीकृष्णले तल्लो जातको केटी बिहे गरेपछि जात काट्छ, समाजले अनि उसले आत्महत्या गर्छ । त्यसैगरी काइँली कमिनी चौलागाईंको अर्को मन पर्ने चरित्र हो । सो चरित्रमा छुवाछूत एकदमै बलियो भएर आएको छ ।

सुन्दरीजलमा उत्तरवाहिनी गुफा छ । त्यहाँ वज्र घर छ, जहाँ योगमायाका अनुयायी प्रेमनारायण आएर तपस्या गरी बसेका थिए । निहारिकाले उपन्यास लेखनका क्रममा ती ठाउँमै गएर अनुसन्धान गरेकी थिइन् । अन्यायको जाँतोमा पिसेर मर्नुभन्दा बरू यही ढुंगाले थिचेर मर्नु जाती । माइतीले गाली गर्‍यो भने यति सानो सहयोग पनि गर्न सकेनन् भने कुन भरोसाले बाँचोस् यो चेली । जब उनले खिपेर लेखेका संवाद पात्रले मञ्चमा बोल्थे, जीउमा सिरिंग काँडा उम्रेको उनी बताउँछिन् । काइँली कमिनीको पात्र जसरी नाटकमा प्रस्तुत भएको छ, निहारिकाको चित्त बुझेको छ ।

अहिले पनि अत्याचारको विषय आउँदा उनी योगमाया सम्झिन्छिन् । "योगमायाले त्यो बेला गरेको काम अहिले हामी किन गर्न सक्दैनौं ?" निहारिका भन्छिन्, "योगमायाको समाधि मात्र होइन, क्रान्तिका कुरा फैलाउनु पनि जरूरी छ ।" ने

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78-81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, चावहिल : एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

सीको असफल बिहे

लक्ष्मी लम्साल/बेइजिङ

यसै वर्षको जनवरीमा १ सय ३ वर्षीय कूटनीतिज्ञ ख हवाको अन्त्येष्टि हुँदै थियो । राष्ट्रपति सी चिनफिङको सरकारले उच्च सम्मानका लागि उनको बिदाइ कार्यक्रम गरिरहेको थियो । ख हवा तिनै व्यक्ति हुन्, जो कुनै बेला राष्ट्रपति सीका ससुरा पर्थे ।

चीनका लागि लामो कूटनीतिक सेवा गरेका ख हवा उमेरका हिसाबले पनि शतक काटेका थिए । जतिखेर उनी बेलायतका लागि चिनियाँ राजदूतको कार्यभार सम्हालिरहेका थिए, कान्छी छोरी ख लिङलिङले सी चिनफिङसँग बिहे गरेकी थिइन्, सन् १९७९ मा । त्यतिखेर सी फुच्येन प्रान्तको गभर्नरका रूपमा कार्यरत थिए । हालकी श्रीमती फङ लीयुआनको सर्वत्र चासो र चर्चा भए पनि ख लिङलिङबारे धेरै चिनियाँ अनभिज्ञ छन् ।

त्यसमाथि सी चिनफिङ भनेको विश्वस्तरीय नेता, जसको कुना-कुनामा के गतिविधि हुन्छ भन्ने चासो आम मानिसमा हुने नै भयो । सीकाबारे चासो राख्नेहरूले उनको पहिलो बिहे सम्बन्धमा पनि जिज्ञासा राख्ने नै भए । एउटा अर्थमा भन्ने हो भने 'पूर्वपत्नी' नै भइसकेको, बितेको विषयमा मानिसले त्यति वास्ता नगर्नु पनि असान्दर्भिक होइन ।

ख लिङलिङ पनि स्वावलम्बी नारी हुन् । चिनियाँ अनलाइनका अनुसार उनी लन्डनको एउटा निजी अस्पतालमा वरिष्ठ निर्देशक हुन् । लन्डन युनिभर्सिटीमा ओरिएन्टल एन्ड अफ्रिकन चिकित्सा स्कुलकी भिजिटिङ प्रोफेसर पनि हुन् । मुस्किलले उनीसँग पश्चिमा मिडियाले साक्षात्कार गर्ने अवसर पाउने रहेछन् । *चाइना डिजिटल टाइम्स* अनलाइनमा उनी सम्बन्धित थोरै सामग्री सार्वजनिक छन् । यद्यपि यस विषयलाई लिएर चिनियाँ सञ्चार माध्यमले नक्कली भन्ने टिप्पणी गरेको पनि सुनिन्छ ।

चीनमा सहजै नखुल्ने द्विभाषिक अनलाइनमा बताइएअनुसार उनले सी चिनफिङ चीनको

एजेन्सी

^ सी चिनफिङ र ख लिङलिङ

राष्ट्रपति बनेकामा खुसी व्यक्त गर्दै कुनै दिन राष्ट्रपति बन्लान् भन्ने नसोचेको बताइन् । उनले भनिन्, 'तर उनी निकै आदर्शवान र क्षमतावान थिए । त्यतिखेर मैले थाहा पाइनँ कि उनको प्रतिभा केका लागि उपयोगी हुन्थ्यो ।'

बिहेको ३ वर्ष अर्थात् १९८२ मा सी चिनफिङ र ख लिङलिङको सम्बन्धविच्छेद भयो । उनको अर्को नाम ख स्याउ मिङ हो । सन् १९८० को दशकदेखि नै उनी बेलायतमा बस्दै आएकी छन् । आफ्ना पूर्वपतिबारे मूल्यांकन गर्दै उनले इमानदार छवि तर जिद्दी स्वभावको भन्छिन् । सम्भवतः लामो समय सहयात्रा नगरेकाले उनले साँच्चै नै चिन्न सकिनन् ।

परम्परावादी चीनमा त्यस समय पारपाचुके उति सामान्य थिएन । हालको पाका पुस्ताले समेत नयाँ पुस्ताले गर्ने दोस्रो बिहेमा भाग लिन हिच्किचाउँछ । अहिलेको पुस्ता निकै उदार र खुलस्त भएकाले सहजै बिहे वा पारपाचुके गर्ने गरेको पाइन्छ ।

'फर्किएर हेर्दा धेरै कुरा जे-जति उनले गरेका थिए, वास्तवमा ती सही थिए । तर म त्यतिखेर सानै र संवेदनशील थिएँ । उनी निस्क्रिय बस्ने खालका व्यक्ति थिएनन्, योजनाअनुसार केही न केही गरिरहेका हुन्थे ।' बरू आफूलाई निस्क्रिय करार गर्दै उनले भनिन्, 'अन्ततः महिलाले त्यस्ता पुरूष मन पराउँछन्, जसले रोमान्स भन्ने कुरा बुझ्छन् । सी त्यस्ता थिएनन् । प्रायः मलाई लाग्थ्यो, उनी खुलस्त छैनन् ।'

बिहे गरेको वर्षदेखि नै सी र खबीच मनमुटाव चलिरह्यो । चिनियाँ मिडियामा सीको पूर्वपत्नीसम्बन्धी कुनै पनि सामग्री भेटिँदैनन् । तर पश्चिमा मिडियाका अनुसार बिहेपछिका दिनमा उनीहरूबीच लगातार झैँझगडा हुने गर्थ्यो । उनीहरूको बिहेले धेरै लामो समय काट्न सकेन । अन्ततः तीन वर्षमै शक्तिशाली राष्ट्रपति सी चिनफिङको पहिलो बिहे अन्त्य हुन पुग्यो ।

सी चिनफिङले यो सम्बन्ध जोगाइराख्न प्रयत्न पनि गरे पनि सकेनन् । उनले सार्वजनिक जीवन र आफ्नो जिम्मेवारीमा निरन्तर रहेकाले त्यसतर्फ पर्याप्त ध्यान दिन नपाएको पनि हुन सक्छ । हुन त जनगणतन्त्रका प्रवर्तक नेता माओका पनि ४ पत्नी थिए, भनिन्छ । अगुवा नै भएकाले पनि हुन सक्छ, बिस्तारै यो क्रम अरू नेताहरूमा पनि सर्दै गयो र क्रमशः यस्तो कुरा पचाउन थालियो । तथापि सन् २००० अघिसम्म चीनमा पारपाचुके भन्ने शब्द लोकाचारका हिसाबले त्यति खुलस्त मानिन्थेन । ने

Radio Kantipur
रेडियो राष्ट्रको

Ghumne Mech

घुम्ने मेच

प्रत्येक बुधवार बिहान ९:१५ बजे
र शनिवार बिहान ९:१५ बजे
महेन्द्रनगर देखि मनागं सम्म
किचकवध देखि कन्चनपुर सम्म
सुर्य मुनि रहेका कुनै पनि विषयवस्तु
जो रेडियोमा भन्न र सुन्न मिल्दछ ...

घुम्ने मेच

आवाजको दुनियाको साथी

दिनेश डिसिको साथ

Radio Kantipur
रेडियो राष्ट्रको

96.1 Mhz

Kathmandu | Bhedetar | Birgunj | Bharatpur | Bhairahawa

101.8 Mhz

Dhangadi | Nepalgunj | Pokhara

www.radiokantipur.ekantipur.com

सन्काहा सर्जनको प्रेम

गोकर्ण गौतम

बलिउडलाई कथाको अभाव छ । ठूलै ब्यानर र स्टार पनि 'रिमेक' फिल्मतिर लहसिएका छन् । खासगरी हिट भइसकेका दक्षिण भारतीय फिल्मको दबदबा छ, बलिउडको मूलधारमा । *कबिर सिंह* यही शृंखलाको नयाँ उदाहरण हो । दुई वर्षअगाडि प्रदर्शित तेलगु फिल्म *अर्जुन रेड्डी*को हिन्दी 'रिमेक' हो यो । दुवै फिल्मका लेखक/ निर्देशकचाहिँ सन्दीप भांगा । तेलगु फिल्मको शीर्ष भूमिकामा विजय देवरकोन्डा देखिएका थिए, *कबिर सिंह*मा शाहिद कपुर । एकदमै सन्काहा सर्जनको प्रेमकथा हो यो, जहाँ मायासँगै रक्सी, चुरोट, ड्रग्स र झैँझगडा छ । 'हिरोले जे गरे पनि हिरै हुन्छ' भन्ने मानसिकताबाट ग्रसित पनि । यद्यपि आजको युवा पुस्ताको सोच र व्यवहारलाई धेरै कोणबाट पहिल्याउन सफल छन् निर्देशक । शाहिदको विपरीतमा छिन्, कायरा आडवानी ।

झगडालु भए पनि चिकित्साशास्त्रको पढाइमा अब्बल छन्, कबिर सिंह (शाहिद) । एउटै कलेजमा पढ्ने कनिष्ठ छात्रा प्रीति (कायरा) सँग माया बस्छ । आनीबानी बिल्कुल भिन्न भए पनि प्रीति बिस्तारै कबिरलाई मन पराउँछिन् । उनीहरूको सम्बन्धमा आइपुग्छ, प्रीतिको परिवार । अनेक प्रयास गर्दा पनि परिवारलाई मनाउन सक्दैनन् । प्रीतिको अर्कैसँग बिहे हुन्छ । उसै त सन्काहा, त्यसमाथि प्रेमवियोग । अब कबिरको हालत के होला ? प्रीतिलाई फेरि आफ्नो बनाउन सक्छन् ? क्लाइमेक्स आम हिन्दी फिल्मभन्दा अलग छैन ।

एउटा चर्चित भनाइ छ, 'प्रेम र युद्धमा सबथोक जायज हुन्छ ।' यसलाई शिरोधार्य गर्ने हो भने फिल्ममा कबिरले जे-जे गरे, सबै स्वीकार्य छन् । आखिर उनले प्रेमकै लागि गरेका हुन् । तर हिरोसँग यस्ता गुण पनि हुन्छन्/हुनुपर्छ, जुन अनुसरणयोग्य हुन् । यस हिसाबमा चाहिँ कबिर प्रिय लाग्दैनन् । झगडा मात्र गर्छन्, रक्सीमै डुब्छन्, प्रेम पनि जबर्जस्ती गर्छन्, परिवारको मतलबै छैन । मातेर बिरामीको सर्जरी गर्छन् । चक्कु देखाएर बलात्कार प्रयास गर्छन् । र, यी हर्कतलाई लेखक/निर्देशक सन्दीपले सही र सार्थक रूपमा देखाउने प्रयास गरेका छन् । फिल्ममा सबैभन्दा खट्कँदो पक्ष यही हो । मुख्य पात्रले महिलालाई हेर्ने दृष्टिकोण पनि पाच्य छैन । हिरोइन जीया शर्मा (निकित दत्ता) को चरित्र फाल्तु लाग्छ ।

फेरि पनि एकोहोरो प्रेम देखाउने मामलामा निर्देशक सफल छन् । शाहिदको चरित्र स्थापित गर्न फुटबलको दृश्य नै पर्याप्त छ । कलेजबाट निष्कासन हुँदा पनि डीनसँग डराउँदैनन् । शिर ठाडो बनाएरै कुरा गर्छन् । तर उनको जिन्दगीमा बदलाव आउँछ, प्रीतिको प्रवेशसँगै । यो जोडीको रोमान्सलाई बडो मन छुने ढंगले देखाइन्छ । हरेक दर्शकले कबिर र प्रीतिमा कहीं न कहीं आफूलाई पाउँछन् । नत्र उनीहरूको विछोडमा दर्शकको मन किन पोल्थ्यो र ? चुम्बनका दृश्यको गन्ती नै छैन ।

कबिरलाई अतिरञ्जित गरिएकै छ । हिंस्रक लाग्छ तर सत्य के पनि हो भने कबिरको आधारभूत चरित्र अहिलेको युवा पुस्ताकै नियति हो । धैर्य नहुने, रिसाउने, आफूलाई केन्द्रमा राख्ने, जे चाह्यो, त्यही पाउनैपर्ने, अन्यथा कुलतमा फसिहाल्ने, व्यावहारिक हुन नखोज्ने आदि-इत्यादि । त्यसो त प्रीतिजस्ता साहसिक प्रेमिका पनि नभएका होइनन्, जो अर्कै केटासँग बिहे भइसक्दासमेत प्रेम अन्त्य स्वीकार्दैनन् । पहिलो नजरमै प्रेम हुने, साथीहरू सधैं हिरोको पक्षमा हुने, क्लाइमेक्सतिर हिरोइनको परिवार

फिल्म : *कबिर सिंह*
रेटिङ : २.५/५
★★☆☆☆

एकाएक परिवर्तन हुनेजस्ता 'क्लिसे' दृश्यबाट फिल्म मुक्त छैन । अवगुणलाई ढाकछोप गरिदिन्छ, शाहिदको शानदार प्रस्तुतिले । अस्थिर र आक्रामक भूमिकामा उनी जीवन्त लाग्छन् । उनको अभिनय *हैदर* र *उड्ता पञ्जाब*भन्दा निखारिएको छ । उनको ओरालो लागिरहेको करिअरमा यस फिल्म संकटमोचक हुनेमा सन्देह छैन । कबिर सिंह चरित्र आफैँमा देवदासको आधुनिक र अतिरञ्जित संस्करण लाग्छ ।

कायरा आडवानीका लागि पनि यो फिल्म सम्झनालायक छ । उनको चरित्रको ग्राफ कबिरभन्दा विश्वसनीय छ, जसलाई उनले सशक्त ढंगले निर्वाह गरेकी छन् । कबिरको हजुरआमा बनेकी कामिनी कौशल फिल्मकी आदर्श पात्र हुन् । उनका हरेक संवादले मन छुन्छ । दृश्यभाव अनुकूलको पार्श्व संगीत प्रशंसनीय पक्ष छ । मध्यान्तरपछिका केही दृश्यमा कैंची चलाएको भए फिल्म अझ चुस्त हुन्थ्यो । आधा दर्जनभन्दा ज्यादा गीतलाई कथावाचनमै प्रयोग गरिएको छैन । 'रिमेक' मात्र भएकाले सन्दीपलाई दिल खोलेर स्यावास भन्न सकिन्न ।

शाहिद कपुरका फ्यान र 'लाउड लभस्टोरी' का पारखीले *कबिर सिंह* नछुटाउँदा हुन्छ । *अर्जुन रेड्डी* हेरेकाले त उस्तै कथाका लागि किन तीन घन्टा खर्चनु र ! ने

‘व्यवस्थापन कहाँ सजिलो छ र !’

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै हातको इशाराले सवारी साधनलाई निर्देशन दिइरहेकी देखिन्छन्, **मनीषा बुढाथोकी** । ६ जेठयता प्रहरी निरीक्षक बुढाथोकीको नेतृत्वमा सिनामंगल प्रभागमा महिला ट्राफिक खटिएका छन् । थापाथलीपछि महिलाको कमान्डमा ट्राफिक व्यवस्थापन भएको यो दोस्रो क्षेत्र हो ।

ट्राफिकमा चार महिनाको मात्रै अनुभव रहेछ, तर जिम्मेवारी महत्त्वपूर्ण ठाउँको पाउनुभयो ?

अनुभव लामो नभए पनि मेरो टोलीका ‘लेडिज’ अनुभवी छन् । म उनीहरूको अनुभवलाई प्रभावी रूपमा कार्यान्वयन गराउँदैछु । चुनौती नहुने त कुन काम होला र ?

महिना दिनमा ट्राफिक व्यवस्थापनमा केही परिवर्तन आयो ?

सर्वसाधारणको प्रतिक्रिया राम्रो छ । देखिने गरी परिवर्तन भएको चाहिं लेन अनुशासन हो । यसअघि अलि हेलचेक्र्याइँ थियो- खासगरी सार्वजनिक सवारी साधनको । अहिले कडाइ गरेका छौं ।

ट्राफिक नियम पालना गराउने सूत्र के हो ?

यसको ठ्याक्कै सूत्र छैन । कसैलाई सम्झाइबुझाइ गर्दा हुन्छ । कतिपयचाहिं सजाय नभोगी टेर्दैनन् । ट्राफिक नियमसम्बन्धी जनचेतनाका कार्यक्रम पनि दिनहुं गरिरहेका छौं । दुई मिनेट भए पनि आधारभूत ज्ञान सडकमै जानकारी दिन्छौं । यसले पनि परिवर्तन देखिएको हो ।

यो क्षेत्रमा ट्राफिक व्यवस्थापनका मुख्य समस्या के छन् ?

मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल भएकाले विशिष्ट व्यक्ति (भीआईपी) हरूको आवतजावत बढी नै हुन्छ । विमानस्थल छिर्ने गोल्डेन गेटको सडक साँघुरो भएकाले समस्या पर्छ । सिनामंगल दुर्घटनाको जोखिमयुक्त क्षेत्र हो । यी दुई समस्यालाई पार लगाउनु छ ।

ट्राफिक व्यवस्थापन जिम्मा महिलाले पाउनुको कारण ?

विदेशी पाहुना आउने मुख्य मार्ग हो, यो । यहां ओर्लिनासाथ उनीहरूले जे देख्छन्, त्यसले मुलुको छवि कस्तो छ भन्ने सन्देश दिन्छ । यहां प्रहरीको छवि राम्रो देखियो भने मुलुकबारे राम्रो छाप पर्छ उनीहरूमा । अर्को, थापाथलीमा महिलाको ट्राफिक व्यवस्थापन राम्रो छ । महिलाले यताउति गर्दैनन् । राम्ररी जिम्मेवारी पूरा गर्छन् । तर लिंगकै आधारमा कसैले राम्रो गर्छ भन्ने होइन ।

अपराध अनुसन्धानभन्दा सजिलो भएकाले महिलालाई यस्तो जिम्मेवारी दिएको त होइन ?

ट्राफिक व्यवस्थापन झन् कहां सजिलो छ र ! हाम्रोजस्ता सडक पूर्वाधार दुरूस्त नभएका र सवारी साधन बढी भएको ठाउँमा अझ चुनौती छ । अपराध अनुसन्धान छुट्टै पाटो हो । त्यसमा पनि महिलाले राम्रो काम गरेका छन् । तुलना गर्न मिल्दैन ।

मनोज बैजू

ट्राफिक प्रहरीको व्यवहारले विवाद आइरहन्छ नि ?

यहां आउनुअघि हामीलाई व्यवहार र आचरणबारे धेरै कुरा सिकाइएको छ । त्यसैले नराम्रो व्यवहार गर्ने कल्पनै गर्दैनौं । यसमा धेरै परिवर्तन भइसक्यो । नम्र र मीठो बोल्ने । त्यहीअनुसार परिचालन भएका छौं ।

विमानस्थलभित्र ट्याक्सीवालाको व्यवहार रोक्ने योजना के छ ?

मिटरमा जान नमान्ने, आगन्तुकलाई आफ्नो ट्याक्सीमा चढाउन तानातान गर्ने समस्या भएको सुनिन्छ । यसलाई रोक्न महानगरीय ट्राफिक महाशाखाबाट नै बेलाबेला चेकिङ आउँछ । हामी आफैं पनि छड्केमा जान्छौं ।

■ **मनबहादुर बस्नेत**

सीमान्तवर्ती स्वर

महेश पौड्यालको कवितासंग्रह *शून्य प्रहरको साक्षी*का प्रायः कविता निराशावादी भए पनि तिनले सीमान्तका आवाज मुखरित गरेका छन् । पौड्यालका कविता रोमान्टिक कविहरूले भनेजस्तो स्वतःस्फूर्त जन्मिएका होइनन् । बरू यी कविता परिस्थितिका उपज हुन् । आफू बसेको समाज, देश र विश्व नै एक्लोपना, निराशा, अस्तव्यस्तता र अराजकतामा जकडिएका बेला कविले सिर्जना गर्ने कविता ती विशेषताभन्दा बाहिर जान कठिन हुन्छ । समाज विकृत हुँदा निराशा लेखिनु बाध्यता बन्दो रहेछ ।

गरिबका नाममा हुने व्यापार, श्रमिकलाई नै थर्काएर श्रमिकको कविता वाचन गर्ने, बाँच्न 'जल्लाद' को काम गर्नुपर्ने बाध्यताको कथा, जातमाथि गरिएको राजनीति सबै निराशा बोकेका हाम्रै समाजका कथ्य हुन् ।

अरूको पीडा वा हर्षमा अरूचि देखाउनु आधुनिक समाजको विशेषता हो । थोरै सम्भावना अर्थात् जूनकिरीको उज्यालोमा बृहत् उज्यालोको सम्भावना देख्ने आधुनिक युगको विशेषता झल्काउने कविता र राम्रो मात्र देख्न खोज्ने हाम्रा आँखा पनि पोखिएका छन् । यस संग्रहमा समाविष्ट कविताले जीवन र मृत्युलाई चियाउने प्रयास गरेका छन् ।

कविले समयलाई बलवान् देखाएका छन् । 'जन्मदिन' कविता यसको उदाहरण हो, जसमा खराउ खसेर रथ रोक्न आग्रह गर्ने राजा ऋतुपर्णलाई सारथि वाहुकले त्यो सम्भव नभएको जानकारी गराउँछन् किनकि समय द्रुत गतिमा अघि बढिसक्छ, एकपलमा नै हजार योजन यात्रा भइसक्छ । मानव जीवन नाशवान् भएकाले घमन्ड गर्नु बेकार छ भन्दै आगोका लप्का वारपार गर्ने पुतली र मान्छेको चोलालाई तुलना गरेका छन् कविता 'मान्छे र पुतली' मा ।

केही कवितामा कविले गाउँको र सहरिया जीवनको तुलना गरेका छन् र गाउँले जीवन राम्रो देखाएका छन् । गाउँमा बा-आमाका सपना डोकामा पनि अडिन्छन् तर सहरमा आँखाबाट चुहिन्छन् र झर्छन् भन्दै कविले सहरिया जीवनप्रति निराशा पोखेका छन् । मान्छे जति व्यस्त भयो, उति एक्लो हुन्छ भन्ने भाव बोक्छ कविता । त्यसैगरी कर्णालीलाई नै बेचेर विमान चढ्ने र त्यस क्षेत्रलाई नै अवहेलना गरेको प्रति उनको विमति छ भने श्रमिकका दुःखमा ऐक्यबद्धता छ ।

शून्य प्रहरको साक्षी

स्रष्टा : **महेश पौड्याल**
प्रकाशक : **शिखा बुक्स**
पृष्ठ : १२५
मूल्य : २०० रुपैयाँ

सबल पक्षका बाबजुद कविता संग्रहले केही प्रश्न उठाएको छ । कवितालाई एक बौद्धिक खेल मानिन्छ तैपनि कविताको लम्बाइबारे छलफल गर्दा यिनले विशेष परिभाषा माग गर्न सक्छन् । जीवनलाई अति निराश देखाउँदा पाठकलाई कस्तो प्रभाव पार्ला ? कवितामा नेपाल लेख्नुपर्छ भन्ने अभियन्ताले आफ्ना कवितामा कति नेपाल लेखेका छन् ? के नेपाल चिनाउने शब्द 'सगरमाथा' र 'बुद्ध' मात्र छन्, जुन उनका कवितामा बारम्बार दोहोरिएका छन् ?

डिजिटल समयमा लामा कविताका लागि पाठकको धैर्य कम हुँदै गरेको सत्यलाई दृष्टिगत गर्दै यी कविता लेखिएको प्रस्टै बुझिन्छ । साथै, जुनसुकै मुद्दामा पनि कवि प्रतिपक्षमा रहनु र सीमान्तका आवाज मुखरित गर्नु उनको सबभन्दा सबल पक्ष हो । प्रायः कवितामा उनले सीमान्तकृतका आवाज उठाएका छन्, जसबाट आम मान्छेका पक्षधर हुन् भन्ने बुझिन्छ । ने

– ***राजकुमार बराल***



विसर्ग

लेखक : **परशु प्रधान/ गोविन्द गिरी प्रेरणा**
प्रकाशक : **रत्न पुस्तक भण्डार**
पृष्ठ : १२८
मूल्य : २५० रुपैयाँ

पुरानो समय

संयुक्त उपन्यासमा निकै लगाव छ, परशु प्रधानको । नेपाली साहित्यको पहिलो संयुक्त उपन्यास *आकाश विभाजित* छ उनकै पहलमा १० जना आख्यानकारबाट लेखिएको थियो । त्यसको पाँच दशकपछि उनले गोविन्द गिरी प्रेरणासित मिलेर उपन्यास लेखेछन्, *विसर्ग* ।

उपन्यासको नायक छ, सुब्बा सन्तोषप्रसाद । ऊ जिल्लामा बस्दा इमानदार कर्मचारी थियो भने केन्द्रमा आएपछि भ्रष्ट । नारी पात्रको बाहुल्य रहेको उपन्यासमा रमाको माध्यमबाट नेपाली नारीको नियति झल्काइएको छ । उनको सुरुआत आदर्शमय छ भने अन्त्य पलायनवादी । तीसको दशकको समाज व्यवस्था, प्रशासन संयन्त्र, नेता-मन्त्री-कर्मचारीको मनोभाव अनि भ्रष्टाचारको जालोको चिरफार छ उपन्यासमा ।

संयुक्त उपन्यासका आफ्नै सीमा हुन्छन् । एउटा लेखकले अर्को लेखकलाई अध्याय हस्तान्तरण गर्ने भएकाले सबै पाठले उतिसारो पगाल्न सक्दैनन् । *विसर्ग* परशु प्रधानको शब्द र विषयको जिम्न्यास्टिक खेलाउने क्षमता अनि प्रेरणाको वर्णनात्मक शैली दुवैको दोभान हो । पहिलो अध्यायमा परशु हावी छन् भने पछिल्लोमा प्रेरणा । सहलेखन भए पनि परशुको औपन्यासिक शिल्पको दबदबा महसुस हुन्छ । ने

– ***राजकुमार बानियाँ***



अनिलसिंह प्रधान | होटल व्यवस्थापक

गणितको आख्यान

गणितमा रुचि राख्छन् फ्रान्सेली न्यायाधीश फर्मा । एक दिन डाइफान्टानसको गणितीय समस्याको किताब उनको हात पर्छ । र, हरेक दिनजसो ती समस्यालाई अभ्यास गर्दै साध्य पनि बनाउँछन् भने कति यसै छाडिदिन्छन् । फर्माको मृत्युपछि उनका छोराले ती अभ्यासपुस्तिका प्रकाशन गर्छन् । त्यही पुस्तकका स्टेटमेन्टलाई आधार मानी संसारभरि नै अभ्यास गरिन्छ तर बुझ्न सरल मानिएको फर्माको अन्तिम एउटा साध्य समस्या नै रहिरहन्छ । एक जर्मन व्यवसायी आफ्नी प्रेमिकासँग सम्बन्ध बिग्रेपछि सुसाइड नोट लेखेर बस्छन् । तर आत्महत्याका गर्न केही घन्टा बाँकी रहेकाले पुस्तकालय छिर्छन् । फर्माकै साध्यमाथि प्रख्यात गणितज्ञ कुमेरले गरेको कन्जेक्चरमा दोष भेट्टाउँछन् । अनि आत्महत्याको मनसाय पन्छाएर उक्त समस्या हल गर्नेलाई १ लाख रूपैयाँको घोषणासमेत गर्छन् ।

१० कक्षा पढ्ने एन्ड्र्यु विल्स नामक बेलायती विद्यार्थीले पुस्तकालयमा भेटिएको किताबको समस्याबारे शिक्षकलाई सोध्दा थाहा भयो- त्यो साध्य अहिलेसम्म प्रमाणित भएको छैन । तिनै विल्सले गणितमै विद्यावारिधि गरेपछि ९० को दशकमा उक्त समस्या हल गर्छन् । तर उनको ख्याति विश्वव्यापी भइसकेपछि गणितीय पुष्टिमा समेत केही त्रुटि फेला पर्छ । थप एक वर्ष लगाएर उनले पुष्टि गरिछाडे । यसरी ३ सय ५८ वर्षपछि फर्माको अन्तिम साध्यले समाधान पाउनुका साथै विल्सले पनि गणितका सबैभन्दा ठूलो पुरस्कार हात पार्छन् ।

गणितज्ञको श्रमसाध्यका कथा भएकाले पनि पठनीय छ, भौतिकशास्त्री सिमोन सिंहको ***फर्माज लास्ट थियरम*** । गणितका इतिहास र केही रोचक घटनावलीमा आख्यानको स्वाद छ । गणितजस्तो जटिल मानिएको विषयमा समेत सिमोनले पाइथागोरसदेखि व्यावहारिक ज्ञानसम्म सम्प्रेषणीय ढंगले लेखेका छन् । एउटा साध्य प्रमाणित गर्न खर्च भएको श्रम र समयलाई कथात्मक शैलीमा वर्णन गरिएकाले जोकोहीका लागि पनि रूचिकर हुन सक्छ, यो पुस्तक । यसमा अनेक अभ्यास र योगदानका थुप्रै व्यक्तिका रोचक कथा छन् ।

ध्रुवचन्द्र गौतमको उपन्यास *निमित्त नायक*को युवा पात्रमा मैले सायद आफैंलाई भेट्टाएँ । जुन अध्याय र अनुच्छेदबाट पढे पनि उत्तिकै आनन्द दिने यो उपन्यासले जीवनलाई नजिकबाट बुझ्न सघाउँछ । सहरी परिवेशमा रचित उपन्यासको मीठो वाक्यगठनमा छिपेको श्यामव्यंग्यले मलाई आकर्षित गऱ्यो । विश्लेषकहरू भन्छन्, उनका आख्यानमा उत्तरआधुनिक अवयव प्रयुक्त छन् तर म विज्ञानको विद्यार्थी भएकाले साहित्यिक अंगबारे उति गहिरो ज्ञान राख्दिनँ । गौतमले चमकधमक महाआख्यानभन्दा साधारण पात्रका अभाव टिप्छन्, मलाई त्यसले कायल पार्छ । कवि बन्ने लक्ष्य बोकेको विनय आफ्नो घरको वास्तविकता बिर्सेर प्रेम स्थापित गर्न लालायित छ । तर दैनिकी अस्तव्यस्त छ । विद्यार्थी जीवनमा धेरैलाई आफ्नो भविष्यको चिन्ता र चासो हुन्छ नै । आफूले चाहेअनुरूपको परिस्थिति अनुकूल नहुँदाको युवा मनको हुन्डरी र हन्डरलाई आकर्षक शैलीमा प्रस्तुत गरिएकाले पनि यसको छाप निरन्तर रहयो ममा । पञ्चायतकालीन राजनीतिक शोषणका विकृति, बेथिति र विसंगतिलाई यो उपन्यासले उदांगो पारेको छ । *निमित्त नायक* कुनै बेला हामी साथीहरूबीच सामूहिक वाचन गर्थ्यौं र मस्त हाँस्थ्यौं । तर हाँसिसकेपछि त्यो कथनको अन्तर्यमा रहेको गाम्भीर्यमाथि छलफल गर्थ्यौं । भनिन्छ, हास्यरस नहुँदो त जीवन मरूभूमिमय नै भइदिन्छ । यही नीरसता कम गर्न पनि ध्रुवचन्द्रलाई दोहोऱ्याइरहन्छु ।

नोम चोम्स्कीसँग उनका चेला र साथीहरूले गरेका वैचारिक विमर्श संकलित छ, *अन्डरस्ट्यान्डिङ पावर*मा । अन्तर्राष्ट्रिय राजनीति, मिडिया, अर्थतन्त्र, समाजवाद, साम्यवादको सेरोफेरोमा घुमेको यो किताबको केन्द्रमा शक्ति-राजनीति छ । राजनीतिक शक्तिले मिडियालाई कसरी उपयोग गर्छ भन्ने भेउ पाउन यो किताब सहयोगी हुन्छ ।

'प्यालेस्टाइन राज्य थिएन' भन्नका खातिर अनेक तथ्य र सन्दर्भसहित जोन पिटर्सले *फ्रम टाइम इम्मेमोरियल* लेखे र उक्त किताबमाथि विश्वकै चर्चित म्यागजिनले सकारात्मक समीक्षा छापे पनि । कोही अध्येताले त्यस किताबमाथि अध्ययन गर्दै जाँदा एकाध मात्र होइन, कुनै पनि सन्दर्भ-सामग्री फेला परेन । अन्त्यमा थाहा भयो, पुस्तकमा उल्लिखित सामग्री सबै झुट रहेछन् । मिथ्यांक प्रस्तुत गरेर कथित विद्वान्हरूले आम मानिसलाई कसरी गलत दिशामा डोऱ्याउँछन् भन्ने बताएका छन्, चोम्स्कीले ।

चोम्स्कीको पुस्तकका सन्दर्भ र उदाहरण केही पुराना भए पनि ती हाम्रा लागि उपयोगी हुन सक्छन् । सन् २००२ मा पहिलो पटक प्रकाशित पुस्तकमा त्यसअघिकै प्रसंग र उदाहरण आउनु स्वाभाविक हुन् । निकट विगत र केही पहिलेका भियतनाम युद्धका घटनाबारे उनले राखेका धारणा वर्तमान बुझ्नसमेत काम लाग्छन् । लोकतान्त्रिक भनिएका राज्यका कल्याणकारिता दिनप्रतिदिन कम हुँदै जानुका कारणबारे उनले गरेका व्याख्या उत्तिकै बलियो लाग्छ । किताब प्रकाशित भएयता सञ्चार जगतमा उल्लेखनीय परिवर्तन भएका छन् । सामाजिक सञ्जालजस्ता माध्यमले धेरै कुरा बदलेका छन् तर चोम्स्कीले सञ्चारबारे गरेको विश्लेषण उत्तिकै सान्दर्भिक लाग्छन् । तथ्य, तथ्यांक, उदाहरण र चुस्त विश्लेषणका आधारमा राखिएका मत पढ्दा लाग्छ, चोम्स्कीजतिको सत्य बोल्न सक्ने सार्वजनिक बौद्धिक सायदै अरू कोही होला ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

महेश प्रधान

सदाबहार वन पिस

कति फेसन बजारमा आउँछन् अनि सजिलै हराउँछन् । तर वन पिस कपडाको फेसन भने सदाबहार छ । हेर्नुस् त, मोडेल पुनम रायमाझीलाई वन पिस सुतीको प्रिन्ट कपडामा । घ्यू रङमा सजिएकी पुनम प्यारी देखिन्छिन् । उनलाई प्यारी देखाउने काम भने तिपास क्रिएसन मखनटोलले गरेको हो ।

भुटानी स्वादमा रम्दै

रातो चामलको भात, गहुँबाट बनेको चताम्पा सुप, पोर्क या बफको करी, भुटानी सेटमा । इच्छाअनुरूप खान सकिन्छ, लिटल टिबेट रेस्टुरेन्ट एन्ड बार, ठमेलमा ।

तिब्बती, थकाली र भुटानी स्वादका विभिन्न परिकार पाइन्छन् । घ्यूमा (तिब्बती ससेज) र धपौ (मःम) यहाँको चर्चित खाना हुन् । एउटै खाएर वाक्क लागेको भए लिटल टिबेटमा स्वाद फेरे पनि हुन्छ ।

भुँडी मिचीमिची हँसाउने भिडियो

चर्चित व्यक्तिको सग्लो अनुहारलाई बाङ्गोटिङ्गो रूपमा भित्तामा झुन्डिएको देख्दा के तपाईं नहाँसी बस्न सक्नुहुन्छ ? हो, त्यस्तै पेट मिचीमिची हँसाउने क्यारिकेचर महोत्सव राजधानीमा हालै सम्पन्न भयो । प्रतियोगितामा विरोचमान मल्ल पहिलो, नीति श्रेष्ठ दोस्रो र महेश बस्ताकोटी तेस्रो भए । त्यो महोत्सव हेर्न नपाएकाका लागि कार्टुनिस्ट क्लब अफ नेपाल र नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानले हास्य मुहारचित्रको हँसाउने भिडियो बनाएका छन् । त्यो भिडियो सामाजिक सन्जाल युट्युबमा हेर्न सकिनेछ ।

मिस नेपाल नर्थ अमेरिका

अमेरिकामा भएको पहिलो संस्करणको मिस नेपाल नर्थ अमेरिकाको ताज जितिन्, मोनिका घलेले । पहिलो पटक कुनै प्रतियोगिता जितेकी यी २० वर्षीया सुन्दरी स्पर्धा जित्दैमा आफूलाई भुल्ने पक्षमा भने छैनन् ।

प्रतियोगिताले अरूसामु सुन्दर तरिकाले प्रस्तुत हुन सिकाएछ मोनिकालाई । आमाको प्रेरणाले प्रतियोगितामा भाग लिएको बताउने उनको मन्त्र छ, 'बाँच र बाँच्न देऊ' । तर उनलाई मान्छेको खुट्टा तान्ने प्रवृत्ति भने मन पर्दैन ।

न्युयोर्कको लेहमन कलेजमा नर्सिङ पढिरहेकी उनी सर्जन बन्न चाहन्छिन् । गिटार बजाएर गाउन मन पराउँछिन् । भविष्यमा उनले गाएको गीत बिलबोर्ड चार्टमा देखियो भने आश्चर्य नमान्नुहोला ।

सरोज बैद्य

प्रतीक्षामा सृष्टि

मिस नेपालको ताज पहिरिएकाहरूको फिल्मी यात्रा सुखद छैन । सृष्टि श्रेष्ठ अलग बन्न खोज्दै थिइन् । डेब्यु फिल्म *गाजलु* जसोतसो हिट पनि भयो । तर त्यसयता सृष्टिको करिअरमा उत्साह छाउन सकेको छैन । *रोमियो एन्ड मुना* खेलिन्, फ्लप भयो । *बाँध मायालेबाट* पनि दर्शकको माया पाउन सकिनन् । बरू यहीबीच सौगात मल्लको प्रेममा रमाउन थालिन् । त्यो पनि लुकेर होइन, खुलेरै । एक वर्ष बित्नै लाग्यो, उनको नयाँ फिल्म रिलिज नभएको । यद्यपि फिल्म नखेलेकै भने होइनन् । *मासु भात* सम्पादनमा छ । अहिले *पोई पर्‍यो कालेको* सुटिङमा व्यस्त छिन् । दुवै फिल्ममा हिरो अरू होइनन्, सौगात नै छन् । तर कहिले रिलिज हुन्छन् ? टुंगो छैन ।

बंगाली गोर्खा

पृथ्वीनारायण शाहले गोर्खाबाट थालेको नेपाल विस्तार अभियान अफगानिस्तानसम्म पुगेको थियो । गोर्खा बहादुरीका किस्सा अझै भेटघाटमा चर्चाको विषय बन्छन् । तिनै गोर्खा दक्षिण एसियाली मुलुक बंगलादेशमा समेत छन् ।

१ सय ५० वर्ष पुरानो इतिहास रहेको बंगलादेशी गोर्खा मैमनसिङ, भोला, रंगमाटीलगायत स्थानमा बस्छन् । सुर निकेतन नामक संस्थाबाट आउने बंगलादेशी गोर्खा कलाकारले नेपाली, बंगाली र अन्य स्थानीय भाषामा २५ असारमा राष्ट्रिय नाचघरमा गीत-संगीत प्रस्तुत गर्दै छन् ।

जनक नेपाल

नेकपाको दुई नम्बरिया मोडल

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रदेशको छिटो नामकरण गर्न दबाब दिँदै १२ जेठमा जनकपुरमै आएर भनेका थिए, "हामी कहिलेसम्म दुई नम्बरिया भएर बस्ने ?" प्रदेश २ ले मधेस, मिथिला, मिथिला-भोजपुर वा त्यस्तै केही नाम ढिलोचाँडो तय गर्ला नै । तर प्रतिपक्ष नेकपाभित्र हुर्किएको द्वन्द्वको दुई नम्बरिया मोडल भने छिट्टै टुंगो लाग्ने देखिएन ।

दुई नम्बरियाको अर्थ हो, अवैध काम । बिनाकुनै कानुनी अधिकार नेकपा संसदीय दलका नेता सत्यनारायण मण्डलले आफ्ना प्रतिस्पर्धी नेता शत्रुघ्न महतोको सांसद पद १५ दिन निलम्बन गरिदिए । अनुशासन उल्लंघन गरे पार्टीले आन्तरिक कारबाही गर्न सक्ला, तर उनले सभामुखभैँ सांसद निलम्बनको पत्र पठाइदिए ।

पार्टी एकताअघि नै मण्डल र महतोको द्वन्द्व उत्कर्षमा थियो । कतिसम्म भने प्रदेश सभाको पहिलो बैठकमा अरू सबै पार्टीका एक नेताले मात्र शुभकामना दिए । तर नेकपाका एकले अर्कोलाई नछाडेपछि दुवैलाई बोल्न दिनुपर्‍यो । संसदीय दलको निर्वाचनमा दुवैले सक्दो चलखेल गरे । संसदीय दलमा मण्डल निर्वाचित भएपछि दुई नेताको सम्बन्ध झनै चिसियो ।

पछिल्लो विवादको चुरो संसद्‌को लेखा समिति सभापति को हुने भन्नेमा थियो । नेकपाभित्र पूर्वएमालेबाट मण्डल संसदीय दलका नेता र सुन्दर विश्वकर्मा प्रमुख सचेतक भएपछि पूर्वमाओवादीलाई लेखा र प्राकृतिक स्रोत समिति सभापति दिइयो । महतोले त्यो भागबन्डा मानेनन् । उनले कांग्रेस र समाजवादी पार्टीका सांसदलाई प्रस्तावक र समर्थक राखेर उम्मेदवारी दर्ता गराए, जहाँ नेकपाका भरत साहको पहिल्यै उम्मेदवारी परिसकेको थियो । साहले सभामुख सरोजकुमार यादवकै अघिल्तिर महतोको उम्मेदवारीपत्र च्यातिदिए ।

चर्को भनाभन र तनावपछि संसदीय दलका नेता मण्डलले महतोलाई प्रदेश सांसदबाट निलम्बनको पत्र काटिदिए । लेखा सभापतिको उम्मेदवारी भने दुवैका रद्द भए । महतोको उम्मेदवारी फोरमका प्रस्तावक पारस साहले फिर्ता लिइदिए भने साहले सांसद रामकुमार यादवको किर्ते हस्ताक्षर गरेको खुल्यो । नेकपा सांसद यादवले उजुरी दिएपछि उम्मेदवारी स्वतः रद्द भयो । उम्मेदवारी रद्द भए पनि नेकपाभित्रको दुई नम्बरिया द्वन्द्व भने तत्काल अन्त्य हुने देखिँदैन ।

'ए, ऊ त उताको !'

जनकपुरधामका अधिकांश होटल एवं रेस्टुराँमा बालश्रमिक देखिन्छन् । जहाँजहाँ सोध्यो, एउटै जवाफ आउँथ्यो, 'यताको हैन, उता (भारत) को हो ।'

जताका हुन्, कापीकिताब बोक्ने हातमा जुठा भाँडा देख्दा नमज्जा लागिरहेकै थियो । शिक्षित र प्रतिष्ठित परिवारभित्रै बालश्रमिकले पाएको यातनाको कुरा सुनेर झन् उदेक लाग्यो । लहान प्राविधिक शिक्षालयबाट भर्खर निवृत्त प्राचार्य योगनारायण यादवको घरबाटै प्रहरीले एक बालिकाको उद्धार गरेछ । यादवपत्नीको यातनाले बालिकाको टाउको रक्ताम्मे भएछ । यादवपत्नीका माइतीले दिएको १ लाख ऋण भुक्तानीका लागि सात वर्षअघि भारत बिहार मधुवनीस्थित पहाडघाट छेउको बस्तीबाट उनलाई जनकपुर ल्याइएको थियो । यादवले घरमा कुकुर पालेका छन् । त्यसलाई भन्दा नराम्रो व्यवहार ती बालिकामाथि गरिरहेका छन्, किनभने उनी 'उता' की हुन् ।

उद्धार र उपचारपछि प्रहरीले बालिकालाई स्थानीय गैससको एउटा सेल्टरमा राखिदियो । तर बालश्रमिक राखेर यातना दिने यादवविरूद्ध भने कुनै मुद्दा चलाएन । कारण, उनी प्रथम राष्ट्रपति रामवरण यादवका भतिजा रहेछन् । प्रहरी र उच्च अधिकारीको दबाबले हैरान प्रहरी उपरीक्षक शेखर खनालले मुद्दा चलाएर थप हैरानी बेहोर्न चाहेनन् । उच्च अधिकारीलाई 'जय नेपाल' गर्दै गैरकानुनी हर्कत देखेको नदेख्यै गर्नमै सुरक्षित ठाने ।

जाँगरिलो जनकपुर

एक दशकमै आफ्नो रूप-रंग फेरेछ, जनकपुरले । हरेक साँझ गंगासागरमा आरती उतारिन्छ । सहरका ठूला र भित्री सडक फराकिला र कालोपत्रे हुँदैछन् । ती सबै संघीयताअघिकै योजना हुन् । तर प्रदेश सरकारको निगरानीमा तिनले गति लिएका छन् । अस्थायी प्रदेश राजधानी रहेको यो ऐतिहासिक सहरमा अभूतपूर्व चहलपहल देखिन्छ । काठमाडौँदेखि सधैँ टाढा महसुस गरेको सहरले दैलोमै सरकार भेटेको छ । प्रदेश सरकार र संसद्‌मा नयाँ उत्साह र जोश/जाँगरको महसुस भयो । प्रतिनिधिसभामा पुगिसकेका दर्जन धेरै नेताहरू रहेको प्रदेश २ संसद्‌ले छिट्टै परिपक्वता हासिल गरेको देखियो ।

एउटा समृद्ध सहरको परिभाषाभित्र विविधता पनि पर्छ । मधेस आन्दोलनपछि उत्पन्न तनावले विस्थापित पहाडी समुदाय फर्किएन । हिन्दु धार्मिक सहर बनाउने कोसिसले मुस्लिम समुदाय पनि पातलिँदै छ । त्यसले जनकपुरले सद्‌भावपूर्ण विविधता भने गुमाउने लक्षण देखिँदैछ । तर मध्यसहरमा रेलको लिक बनिसकेको छ । दुई महिनामा स्वदेशी रेल कुद्नेछ । समृद्धिको अर्को यात्रा सम्भवतः त्यहींबाट सुरु हुनेछ । ■

CENTURY BANK

सेञ्चुरी बैंक

बचत गरौं

सेञ्चुरी प्रीमियम बचत

६.५%* वार्षिक

निःशुल्क डिम्याट खाता

आकस्मिक दुर्घटना बीमा ५,००,०००/-*

प्रीमियम विशेषताहरु:

- त्रैमासिक रुपमा ब्याज भुक्तानी
- न्यूनतम मौज्दात: रु. १,००,०००/-
- निःशुल्क डेबिट कार्ड, ई-बैंकिङ्ग, एस.एम.एस. बैंकिङ्ग, आस्वा सेवा *
- लकर सुविधामा ५०% छुट *

*शर्तहरु लागु हुनेछन् ।

साथै सम्पूर्ण बचत खाताहरुमा ६.५% र व्यक्तिगत मुद्दती खातामा ९.७५%* सम्म ब्याजदर

सरल बैंकिङ्ग... सबैका लागि

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं फोन: ४४४५०६२/४४४०४२१

फ्याक्स: ४४४१४२२ ईमेल: welcome@centurybank.com.np वेब: www.centurybank.com.np

उपचार खर्च अब Citizen Life ले गर्छ

नेपालमै पहिलो पटक
५० लाख सम्मको उपचार खर्च
मात्र रु.२० प्रति दिनमा २० घातक रोगहरुका लागि

विशेषताहरू

रोग लागेको प्रमाणित भए पछि बिल बिना नै उपचार खर्च प्रदान गरिने

बीमाङ्क रकम: रु. ५०,००० देखि रु. ५०,००,००० सम्म

सिटिजन लाइफको सबै योजनासँग उपलब्ध

नेपालमा हरेक वर्ष केहि घातक रोगहरुका कारण मृत्यु हुनेको संख्या

मुटु सम्बन्धी रोग	४६,००९
क्यान्सर	१०,६९०
मृगौला सम्बन्धी रोग	४,३३७

स्रोत: www.worldlifeexpectancy.com

☎ ०१-४२१६००० | www.citizenlifenepal.com | /CitizenLifeInsurance/

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो
सिटिजन लाइफ इन्स्योरेन्स कं.लि.

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

शर्तहरु लागु हुनेछन् ।